सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन

पुरुषोत्तमलोचन श्रेष्ठ

सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन

पुरुषोत्तम
१९।६।०७०
घटस्थापना
बडा दशैंको शुभ-
कामना, सप्रेम !

पुरुषोत्तमलोचन श्रेष्ठ

श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार
भीमसेन मन्दिर संरक्षण कार्य समिति
सुकुलढोका, भक्तपुर

© : पुरुषोत्तमलोचन श्रेष्ठ
प्रकाशक : **श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**
सुकुलढोका, भक्तपुर
फोटो संकलन : लेखक
संस्करण : प्रथम
प्रकाशन मिति : फागुण, २०६९
प्रकाशन प्रति : १०००
मूल्य रू : २५०।-
मुद्रक : न्यू विद्या प्रिन्टिङ्ग प्रेस, भक्तपुर-८
ISBN : 978-9937-2-6060-2

आवरण चित्र :

प्रस्तुत चित्र सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनस्थानको हो । यह सुकुलढोका टोलको प्रतिनिधित्व गर्ने यसै टोलको काखमा बसेको लुँ विहा र दोलखा-भीमसेनमन्दिर छ । लुँ विहारलाई संझाउने र त्यसको प्रतिनिधित्व गर्ने ई.सं.नवौं शताब्दीतिरको लिच्छविकालीन चैत्य यहाँ देखिएको छ । सं चैत्यको पार्श्वभागमा दोलखा-भीमसेन मन्दिरको गर्भगृह पनि देखिएको छ जह हाम्रा दोलखा-भीमसेन महाराज छन् । उनको दायाँपट्टिको लहरमा एक स्वप चैत्यसहित विनतिमुद्रामा त्रैलोक्यमल्लको सालिग छ भने उनको बायाँपट्टिक लहरमा देखिने मूर्ति वज्रयोगिनी र खड्गयोगिनी सहितको द्रौपदीको हो । उ भीमसेन महाराजको गर्भस्थान र सो चैत्यका सामुन्ने टुक्रुक्क बसेका हामी पाँचजना छौं । अलिकता गहिरिएर विचार गर्दा 'पाँच' को सङ्गतिले पांचार्थि दर्शनको झझल्को पनि प्रकारान्तरमै गराउँदो रहेछ । यसको साझा-प्रयो बहुअर्थीय महत्त्वका साथ तान्त्रिक शैव र बौद्ध धर्ममा समेत व्यापक रूपले हुँ आएको सर्वविदतै छ । यहाँ देखिएका हामी पाँचमध्ये क्रमशः बायाँबाट दोलखा भीमसेनमन्दिरका पुजारी उमेश शुद्धकार, स्थानीय सुकुलढोका निवासी एवं बौ धर्मका प्रतिनिधिपात्र सुरेशज्योति शाक्य, यस पुस्तकका रचयिता पुरुषोत्तमलोच श्रेष्ठ, इपाछेँटोलनिवासी एवं हिन्दू धर्मका प्रतिनिधिपात्र तथा पुरोहित विनोदरा शर्मा र व्यापारीहरूका प्रतिनिधिपात्र इताछेँटोलका रामप्रसाद धवा हुन् । यस धार्मिक समन्वय र सांस्कृतिक एकताको सन्देश यो चित्रबाट प्रवाहित हुने हुँ अन्वेषणका क्रममा लिइएका अन्य अनेक चित्रहरूमध्ये हामीलाई यही चित्र यह अनेक दृष्टिले उपयुक्त लागेर राखेका हौं ।

समर्पण

जसले मेरो हृदयमा इतिहासप्रति नैसर्गिक प्रेम र अनुराग पैदा गरी नूतन-कुरा प्रकाशमा ल्याउन प्रेरित गर्दै आउनु भएको छ, उनै मेरा श्रध्देय गुरु प्राध्यापक डा. तुलसीराम वैद्यज्यूमा यो कृति सादर समर्पित ।

- पुरुषोत्तमलोचन श्रेष्ठ

© : पुरुषोत्तमलोचन श्रेष्ठ
प्रकाशक : **श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**
सुकुलढोका, भक्तपुर
फोटो संकलन : लेखक
संस्करण : प्रथम
प्रकाशन मिति : फागुण, २०६९
प्रकाशन प्रति : १०००
मूल्य रू : २५०।-
मुद्रक : न्यू विद्या प्रिन्टिङ्ग प्रेस, भक्तपुर-८
ISBN : 978-9937-2-6060-2

आवरण चित्र :

प्रस्तुत चित्र सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनस्थानको हो । यहाँ सुकुलढोका टोलको प्रतिनिधित्व गर्ने यसै टोलको काखमा बसेको लुँ विहार र दोलखा-भीमसेनमन्दिर छ । लुँ विहारलाई संझाउने र त्यसको प्रतिनिधित्व गर्ने ई.सं.नवौं शताब्दीतिरको लिच्छविकालीन चैत्य यहाँ देखिएको छ । सो चैत्यको पार्श्वभागमा दोलखा-भीमसेन मन्दिरको गर्भगृह पनि देखिएको छ जहाँ हाम्रा दोलखा-भीमसेन महाराज छन् । उनको दायाँपट्टिको लहरमा एक स्वर्ण चैत्यसहित विनतिमुद्रामा त्रैलोक्यमल्लको सालिग छ भने उनको बायाँपट्टिको लहरमा देखिने मूर्ति वज्रयोगिनी र खड्गयोगिनी सहितको द्रौपदीको हो । उनै भीमसेन महाराजको गर्भस्थान र सो चैत्यका सामुन्ने टुक्रुक्क बसेका हामी पाँचजना छौं । अलिकता गहिरिएर विचार गर्दा 'पाँच' को सङ्गतिले पांचार्थिक दर्शनको झझल्को पनि प्रकारान्तरमै गराउँदो रहेछ । यसको साझा-प्रयोग बहुअर्थीय महत्त्वका साथ तान्त्रिक शैव र बौद्ध धर्ममा समेत व्यापक रूपले हुँदै आएको सर्वविदतै छ । यहाँ देखिएका हामी पाँचमध्ये क्रमशः बायाँबाट दोलखा-भीमसेनमन्दिरका पुजारी उमेश शुद्धकार, स्थानीय सुकुलढोका निवासी एवं बौद्ध धर्मका प्रतिनिधिपात्र सुरेशज्योति शाक्य, यस पुस्तकका रचयिता पुरुषोत्तमलोचन श्रेष्ठ, इपाछेँटोलनिवासी एवं हिन्दू धर्मका प्रतिनिधिपात्र तथा पुरोहित विनोदराज शर्मा र व्यापारीहरूका प्रतिनिधिपात्र इताछेँटोलका रामप्रसाद धवा हुन् । यसरी धार्मिक समन्वय र सांस्कृतिक एकताको सन्देश यो चित्रबाट प्रवाहित हुने हुँदा अन्वेषणका क्रममा लिइएका अन्य अनेक चित्रहरूमध्ये हामीलाई यही चित्र यहाँ अनेक दृष्टिले उपयुक्त लागेर राखेका हौं ।

समर्पण

जसले मेरो हृदयमा इतिहासप्रति नैसर्गिक प्रेम र अनुराग पैदा गरी नूतन-कुरा प्रकाशमा ल्याउन प्रेरित गर्दै आउनु भएको छ, उनै मेरा श्रध्देय गुरु प्राध्यापक डा. तुलसीराम वैद्यज्यूमा यो कृति सादर समर्पित ।

- पुरुषोत्तमलोचन श्रेष्ठ

© : पुरुषोत्तमलोचन श्रेष्ठ

प्रकाशक : **श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार**
भीमसेन मन्दिर संरक्षण कार्य समिति
सुकुलढोका, भक्तपुर

फोटो संकलन : लेखक

संस्करण : प्रथम

प्रकाशन मिति : फागुण, २०६९

प्रकाशन प्रति : १०००

मूल्य रू : २५०।-

मुद्रक : न्यू विद्या प्रिन्टिङ्ग प्रेस, भक्तपुर-८

ISBN : 978-9937-2-6060-2

आवरण चित्र :

प्रस्तुत चित्र सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनस्थानको हो । यहाँ सुकुलढोका टोलको प्रतिनिधित्व गर्ने यसै टोलको काखमा बसेको लुँ विहार र दोलखा-भीमसेनमन्दिर छ । लुँ विहारलाई संझाउने र त्यसको प्रतिनिधित्व गर्ने ई.सं.नवौं शताब्दीतिरको लिच्छविकालीन चैत्य यहाँ देखिएको छ । सो चैत्यको पार्श्वभागमा दोलखा-भीमसेन मन्दिरको गर्भगृह पनि देखिएको छ जहाँ हाम्रा दोलखा-भीमसेन महाराज छन् । उनको दायाँपट्टिको लहरमा एक स्वर्ण चैत्यसहित विनतिमुद्रामा त्रैलोक्यमल्लको सालिग छ भने उनको बायाँपट्टिको लहरमा देखिने मूर्ति वज्रयोगिनी र खड्गयोगिनी सहितको द्रौपदीको हो । उनै भीमसेन महाराजको गर्भस्थान र सो चैत्यका सामुन्ने टुक्रुक्क बसेका हामी पाँचजना छौं । अलिकता गहिरिएर विचार गर्दा 'पाँच' को सङ्गतिले पांचार्थिक दर्शनको झझल्को पनि प्रकारान्तरमै गराउँदो रहेछ । यसको साझा-प्रयोग बहुअर्थीय महत्त्वका साथ तान्त्रिक शैव र बौद्ध धर्ममा समेत व्यापक रूपले हुँदै आएको सर्वविदतै छ । यहाँ देखिएका हामी पाँचमध्ये क्रमशः बायाँबाट दोलखा-भीमसेनमन्दिरका पुजारी उमेश शुद्धकार, स्थानीय सुकुलढोका निवासी एवं बौद्ध धर्मका प्रतिनिधिपात्र सुरेशज्योति शाक्य, यस पुस्तकका रचयिता पुरुषोत्तमलोचन श्रेष्ठ, इपाछेँटोलनिवासी एवं हिन्दू धर्मका प्रतिनिधिपात्र तथा पुरोहित विनोदराज शर्मा र व्यापारीहरूका प्रतिनिधिपात्र इताछेँटोलका रामप्रसाद धवा हुन् । यसरी धार्मिक समन्वय र सांस्कृतिक एकताको सन्देश यो चित्रबाट प्रवाहित हुने हुँदा अन्वेषणका क्रममा लिइएका अन्य अनेक चित्रहरूमध्ये हामीलाई यही चित्र यहाँ अनेक दृष्टिले उपयुक्त लागेर राखेका हौं ।

समर्पण

जसले मेरो हृदयमा इतिहासप्रति नैसर्गिक प्रेम र अनुराग पैदा गरी नूतन-कुरा प्रकाशमा ल्याउन प्रेरित गर्दै आउनु भएको छ, उनै मेरा श्रध्देय गुरु प्राध्यापक डा. तुलसीराम वैद्यज्यूमा यो कृति सादर समर्पित ।

- पुरुषोत्तमलोचन श्रेष्ठ

मन्तव्य

स्थानीय इतिहासको जगले राष्ट्रिय इतिहासको निर्माण हुन्छ । यो जग नबनेसम्म यसमाथि खडा हुने राष्ट्रिय इतिहासको वैभवपूर्ण पूर्णभवनको कल्पना सम्म पनि गर्न सकिन्न । यही आदर्शलाई विगत तीन दशकदेखि व्यवहारमा समेत उतार्दै भक्तपुरलाई आफ्नो अन्वेषणको कर्मथलो बनाउँदै आउनुभएका मेरा मित्र प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको यो दशौं पुस्तकले पनि त्यही कुरालाई पुनः पुष्टि गरको छ ।

हजारौं वर्षदेखि समृद्ध रही आएको हाम्रो आफ्नो मौलिक धर्म, संकृति र सभ्यता हाम्रो आत्मा हो, हाम्रो चिनारी हो । यही हाम्रो गौरव पनि हो । यसलाई हाम्रा पुर्खाले बुझेर राजनीति, एवं शासन प्रशासनका उपकरणले समेत सँभार गर्दै अहिले हाम्रो काँधमा बिसाएर गए । उनीहरूले बुद्ध र शिवमा भेद देखेनन्, 'ईश्वर'लाई देखेका थिए, पाएका थिए । धार्मिक समन्वय र सांस्कृतिक एकताको ऐहिक नेपाली संसारमा इस्लाम र ईशाइहरू पनि परवर्तीकालमा अटाउन आएको इतिहास साक्ष छ । धार्मिक समन्वय र सांस्कृतिक एकतामा निहित अद्‌भुत शक्तिलाई अनुभवमा बटुलेर अनेकतामा एकताको माला उन्न सकेका थिए हाम्रा पुर्खाले । तर हामीले हाम्रो इतिहास र संस्कृतिको यही मर्म, धर्म र दर्शन र त्यसको इतिहासलाई नबुझ्दा आज हामी 'यो तेरो यो मेरो' भनी थाहै नपाइकन विखण्डनतिर लाग्दैछौं । यस्तो अवस्थामा मेरा मित्रले सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनको आँखीझ्यालरूपि यो पुस्तकबाट भक्तपुरबासीलाई मात्र नभएर सारा नेपालीलाई धार्मिक समन्वय र सांस्कृतिक एकताको सन्देश दिएर विविधतामा एकताको बोध गराउन खोज्नुभएको छ ।

अन्त्यमा, सदा स्थलगत अध्ययन अनुसन्धानलाई प्राथमिकता दिएर भक्तपुरलाई खुला आकाशमुनिको खुला संग्रहालय ठान्दै, प्राथमिक

ऐतिहासिक स्रोतसामग्रीका आधारमा अन्वेषण गर्दै आउनुभएका मेरा मित्रले यस पुस्तकमा पनि सोही धर्मको निर्वाह गर्नुभएको छ। यसको निमित्त पनि म उहाँलाई हृदयदेखि नै बधाई र शुभकामना दिन चाहन्छु। उहाँबाट आगामी दिनहरूमा पनि यस्तै मौलिक ग्रन्थहरूको रचना निरन्तर रूपले भइरहोस् भनी ईश्वरसंग प्रार्थना गर्न चाहन्छु। मित्रस्य चक्षुषा समीक्षा महे।

विनोदराज शर्मा,
इपाछेँ, भक्तपुर।

अभिमत

आफ्नो इतिहास, कला र संस्कृति कुनै पनि देश र जनताको पहिचान र गौरव हो जुन हामी र हाम्रा पुर्खाहरूको लामो संघर्षबाट प्राप्त ज्ञान र सीपको आधारमै निर्माण भएको हुन्छ । त्यसैले होला आज प्रत्येक सचेत भक्तपुरबासीले यो तथ्यलाई मनन गरीसकेको छ कि पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति । भक्तपुरको ऐतिहासिक एवं गरिमामय सुकुलढोका टोलका स्थानीय बासिन्दाहरू मिली 'श्री सुकुलढोका दोलखा-भीमसेन लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति' गठन गरी त्यहाँको लुँ विहार र दोलखा भीमसेन मन्दिरको संरक्षण एवं जीर्णोद्धार कार्यमा लागे । महत्त्वपूर्ण कुरा के छ भने यहाँका बासिन्दाहरूले त्यस क्षेत्रलाई प्राज्ञिक रूपमा पनि परिचित एवं संरक्षण गर्न चाहे । त्यसको निमित्त मेरा मित्र प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठलाई त्यसबारेको लेख लेखीदिन अनुरोध पनि गरे । त्यस चाहनालाई उहाँले मेहनतपूर्वक लगनशील भएर सामान्य लेख होइन, सांस्कृतिक, ऐतिहासिक एवं पुरातात्त्विक महत्वको यो गहन पुस्तक नै हामीलाई दिनुभयो । यति महत्त्वपूर्ण यो पुस्तकका बारेमा मन्तव्य लेख्न पाउँदा मेरो हर्षको सीमा नै रहेन ।

प्रस्तुत पुस्तकमा सुकुलढोका लुँ विहार र दोलखा भीमसेन मन्दिरको वर्णन गर्दा मेरा मित्रले सुकुलढोका र भक्तपुरको प्राचीनकाल देखिको पुरातात्त्विक एवं ऐतिहासिक महत्त्वको विकासक्रमको साथसाथै लुँ विहार, भीमसेनमन्दिर र त्यहाँ रहेका विभिन्न कलाकृति एवं ऐतिहासिक सामग्रीहरूको बारेमा अति सरल र मीठो शैलीमा प्रष्ट पार्नुभयो ।

कलाकृति, संस्कृति, धर्म, जातजाति, भाषा, स्थान र कालक्रममा जस्तो सुकै अन्तर आएपनि सहिष्णुता, समन्वय, सहअस्तित्व र एकता नेपाली समाजको पहिले देखिकै विशेषता हो भन्ने तथ्यलाई यस पुस्तकमा प्रष्ट्याइएको पाइयो । कलुषित उद्धेश्यबाट प्रेरित भई

ऐतिहासिक स्रोतसामग्रीका आधारमा अन्वेषण गर्दै आउनुभएका मेरा मित्रले यस पुस्तकमा पनि सोही धर्मको निर्वाह गर्नुभएको छ। यसको निमित्त पनि म उहाँलाई हृदयदेखि नै बधाई र शुभकामना दिन चाहन्छु। उहाँबाट आगामी दिनहरूमा पनि यस्तै मौलिक ग्रन्थहरूको रचना निरन्तर रूपले भइरहोस् भनी ईश्वरसंग प्रार्थना गर्न चाहन्छु। मित्रस्य चक्षुषा समीक्षा महे।

विनोदराज शर्मा,
इपाछेँ, भक्तपुर।

अभिमत

आफ्नो इतिहास, कला र संस्कृति कुनै पनि देश र जनताको पहिचान र गौरव हो जुन हामी र हाम्रा पुर्खाहरूको लामो संघर्षबाट प्राप्त ज्ञान र सीपको आधारमै निर्माण भएको हुन्छ । त्यसैले होला आज प्रत्येक सचेत भक्तपुरबासीले यो तथ्यलाई मनन गरीसकेको छ कि पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति । भक्तपुरको ऐतिहासिक एवं गरिमामय सुकुलढोका टोलका स्थानीय बासिन्दाहरू मिली 'श्री सुकुलढोका दोलखा-भीमसेन लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति' गठन गरी त्यहाँको लुँ विहार र दोलखा भीमसेन मन्दिरको संरक्षण एवं जीर्णोद्धार कार्यमा लागे । महत्त्वपूर्ण कुरा के छ भने यहाँका बासिन्दाहरूले त्यस क्षेत्रलाई प्राज्ञिक रूपमा पनि परिचित एवं संरक्षण गर्न चाहे । त्यसको निमित्त मेरा मित्र प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठलाई त्यसबारेको लेख लेखीदिन अनुरोध पनि गरे । त्यस चाहनालाई उहाँले मेहनतपूर्वक लगनशील भएर सामान्य लेख होइन, सांस्कृतिक, ऐतिहासिक एवं पुरातात्त्विक महत्वको यो गहन पुस्तक नै हामीलाई दिनुभयो । यति महत्त्वपूर्ण यो पुस्तकका बारेमा मन्तव्य लेख्न पाउँदा मेरो हर्षको सीमा नै रहेन ।

प्रस्तुत पुस्तकमा सुकुलढोका लुँ विहार र दोलखा भीमसेन मन्दिरको वर्णन गर्दा मेरा मित्रले सुकुलढोका र भक्तपुरको प्राचीनकाल देखिको पुरातात्त्विक एवं ऐतिहासिक महत्त्वको विकासक्रमको साथसाथै लुँ विहार, भीमसेनमन्दिर र त्यहाँ रहेका विभिन्न कलाकृति एवं ऐतिहासिक सामग्रीहरूको बारेमा अति सरल र मीठो शैलीमा प्रष्ट पार्नुभयो ।

कलाकृति, संस्कृति, धर्म, जातजाति, भाषा, स्थान र कालक्रममा जस्तो सुकै अन्तर आएपनि सहिष्णुता, समन्वय, सहअस्तित्व र एकता नेपाली समाजको पहिले देखिकै विशेषता हो भन्ने तथ्यलाई यस पुस्तकमा प्रष्ट्याइएको पाइयो । कलुषित उद्धेश्यबाट प्रेरित भई

आज भोलि विभिन्न जात, भाषा, धर्म, स्थान आदिका आधारमा पूर्वाग्रही भई नेपालको राष्ट्रिय एकतालाई विखण्डन पार्ने दुष्प्रयासमा लाग्नेहरूका लागि यो पुस्तक एउटा हाँक हो भने राष्ट्रिय एकताका लागि यो महत्त्वपूर्ण खुराक हो । हाम्रा प्रत्येक टोल, बस्ती, सहर, जातजाति सबैको गौरवमय इतिहास छ, संस्कृति छ ; कलाकृति र महत्त्व छ । ऐतिहासिक सामग्रीका आधारमा राष्ट्रियता, देशभक्ति र राष्ट्रिय पहिचानको जगेर्ना गर्दै शोषित एवं विपन्न वर्गका जनताको सत्य तथ्य इतिहास दिनु पनि इतिहासकारको धर्म हो । आजभोलि नेपालका इतिहासकारहरू जनताको पनि इतिहास लेख्नुपर्छ भनी कुरा गरिरहेका बेलामा बोलीले होइन, मेरा मित्रले त हिजैदेखि र आज पनि यो काम गरेर देखाइरहनुभएको छ। यो पुस्तक पनि यस कुराको एक उत्कृष्ट उदाहरण हो। विगतको आफ्नो गौरवबारे जब कसैलाई ज्ञात हुन्छ तब उनीहरू अपार हर्ष र रोमाञ्चसहितले गौरवान्वित हुँदै त्यसलाई सुदृढ पार्दै संरक्षण र संवर्द्धन गर्न लालायित हुन्छन्। यस पुस्तकमा आएका खड्गी वा शाहीहरू उक्त कुराको नजिर भएर रहेका छन्। यो यस पुस्तकको अर्को नितान्त नयाँ र महत्त्वपूर्ण पक्ष हो । सर्वप्रथम, खड्गीहरूको बारेमा उनीहरूका अमूर्त सम्पदासहितको ऐतिहासिक सामग्री दिएर उहाँले खड्गीहरूको इतिहास पनि प्रकाशमा ल्याउनुभएको छ। यसैले यो पुस्तक इतिहास, धर्म र संस्कृतिको बारेमा मात्र नभएर जनताको बारेमा लेखिएको इतिहास पनि हो ।

अन्तमा, आफ्नै प्राज्ञिक श्रमले ख्यातिप्राप्त यस पुस्तकका लेखक एवं मेरा मित्रलाई हार्दिक बधाई एवं शुभकामना दिन चाहन्छु। साथै उहाँबाट यस्तै कृतिहरू अविरल रूपमा प्रकाशित हुँदै जाओस् भन्ने शुभेच्छा पनि व्यक्त गर्दछु।

विश्वमोहन जोशी,
सह-प्राध्यापक, इतिहास विभाग,
त्रि.वि., भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर ।

लेखकीय भूमिका

एक वर्ष अघिको कुरा हो । बिहानको समय थियो । कलेजबाट घर फर्कंदै थिएँ, बजारमा मेरा एक मित्र विश्वमोहन जोशीसित जम्काभेट भयो । मलाई देख्नेबित्तिक्कै उनले सुकुलढोकास्थित भीमसेनमन्दिर बारे निम्न कुरा राख्दै आग्रहपूर्वक भने 'सुकुलढोकाका स्थानीय बासिन्दाहरूले सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति गठन गरी त्यहाँको सम्पदा संरक्षण कार्यमा जुटेका छन् । सोही सिलसिलामा सो भीमसेन 'दोलखा-भीमसेन' हुन् वा होइनन् भन्ने विषयमा उनीहरू रनभुल्लमा परेका छन् । तिमी त अनुसन्धानमा लागेको मान्छे । त्यसो हुँदा उनीहले त्यसको समाधानका लागि तिमीलाई संझेका छन् । तिमी त्यहाँ गएर उनीहरूलाई त्यस बारेको सही कुरा संझाइदिनु पर्‍यो ।' उनले मलाई ती कुराहरू सुनाइरहँदा पच्चीसवर्ष अघि त्यही भीमसेनस्थान परिसरमा पहिलोपल्ट पसेको कुरा पनि झल्झली संझिरहेको थिएँ । सो भीमसेनलाई स्थानीय बूढापाकाहरूले 'दोलखा-भीमसेन' भन्ने गरेको कुराको संझना पनि मनमा बारम्बार उठीरहेको थियो । अनि मनको त्यही कुरा आफ्ना मित्रसमक्ष राख्दै दोलखाका दोलखा-भीमसेन लगायत उपत्यकाका अन्य दोलखा-भीमसेनहरूको उद्धरण समेत दिँदै भनेँ 'परम्पराले हाम्रा सुकुलढोकाका भीमसेन पनि दोलखा-भीमसेन हुन् ... ।' उनी दंग भए । त्यही कुरा मैले सो संरक्षण समितिका साथीहरूलाई पनि सुनाएँ । उनीहरू पनि प्रसन्न भए । सोही समितिका मेरा एक मित्र धीरेन्द्र मूलले मलाई त्यस बारेको एउटा लेख लेखी दिन आग्रह पनि गरे । मैले 'हुन्छ' भनेँ । ...अनि 'सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन' शीर्षकमा लेख्न बसेँ । सबै कुरा समेटेर लेख्दै जाने क्रममा लेख लामो हुँदै गएपछि यसले यसरी पुस्तकाकार रूप लिनपुगेको हो । यसरी संयोगले यो पुस्तकको जन्म भयो ।

आजको सुकुलढोका अतितमा भक्तपुरको सभ्यता र संस्कृतिको मूल थलो थियो। इतिहासको कालप्रवाहमा यसको काखमा 'माखोपृङ्' नामको किरातकालिक बजारबस्ती गुलजार रहेको थियो भने लिच्छविकालमा त्यसले एक विकसित व्यापारिक बस्ती रूपको 'द्रङ्ग' (सहर) को दर्जा नै पाइसकेको थियो। 'वृजिक' लगायतका प्राचीन जातिहरूको समेत बसोबास यहाँ थियो। पूर्वमध्यकालमा आईपुग्दा यहाँ 'त्रिपुर' नामको दरबार नै बस्न आयो जहाँबाट समग्र नेपालमण्डलको शासन चल्दथ्यो। सो दरबार र त्यसले चर्चेको चनिगल इलाका पस्ने मजबुत मूलढोका यहाँ थियो जुन त्यसबखत 'सुगलद्वाखा' नामले निकै प्रसिद्ध रहेको थियो। सुगलद्वाखाकै अशुद्ध प्रयोग आजको 'सुकुलढोका' हो। हामीले अनुमान गरे जस्तो आगोको सानो झिल्को मात्रले पनि स्वाहा हुने सुकुलको ढोका त्यो थिएन।

प्रस्तुत पुस्तकका प्रसङ्गमा सुकुलढोकाको काखमा बसेको लुँ विहार एक आँखीझ्याल हो जहाँबाट हामीले सर्सर्ती नै भए पनि लिच्छविकालभन्दा अघिको गुँ विहार हुँदै लिच्छविकालीन उद्योतक विहार एवं महासांघिक भिक्षु भिक्षुणी संघ पनि हेर्दै सोही कालखण्डको अन्त्यतिरको लुँ विहार चैत्यलाई समेत देख्नपुगेका छौं।

सुकुलढोकाको काखमा लुँ विहारसंगै काँधमा काँध मिलाएर दोलखा-भीमसेन पनि बस्न आए। उनीसंगै धार्मिक समन्वय र सांस्कृतिक एकताको अतुल्य नमुना बनेर यहाँ सबैले साझा रूपमा मान्नेपुज्ने अन्य देवताहरू पनि आए। उँच-नीच, ठूलो-सानो इत्यादि भेदभाव चल्ने बाहिरको आडम्बरी संसार भन्दा भिन्न, सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनभित्रको सानो यथार्थपरक साझा संसारमा भने के बौद्ध, के शैव, के शाक्य, के श्रेष्ठ र के शाही, सबै वर्ग र जाति समान थिए, सबै अटाएका थिए र आज पनि त्यो गौरवमय संस्कृति वर्तमान छ।

सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनस्थानको दूरसिंह खड्गीहरूको ने.सं.७७२ को ताम्रपत्रले विषयान्तर हुँदा हुँदै पनि प्रसङ्गप्राप्त अवस्थामा खड्गीहरूको थप ऐतिहासिक सामग्री पत्ता लगाउन यो लेखकलाई प्रेरित गरेको थियो ।

यसरी उक्त पृष्ठभूमिमा, संक्षिप्त रूपमै भए पनि आजसम्म प्रकाशमा नआएको सुकुलढोकाको इतिहास, लुँ विहारलाई आँखीभ्याल मानेर भक्तपुरको बौद्ध धर्मको प्राचीन इतिहास, दोलखा-भीमसेनको आजसम्म प्रकाशमा नआएका कुरा मात्र नभएर खड्गीहरूबारेका नूतन ऐतिहासिक सामग्रीहरूसहित जनइतिहासको झलक प्रस्तुत गर्नु यस अन्वेषणको अभीष्ट हो ।

धार्मिक समन्वय र सांस्कृतिक एकता नेपाली संस्कृतिको मूल माला हो । यसले सभ्यताको उषाकालदेखि नै सबै नेपालीलाई एकै सूत्रमा आजसम्म पनि नछिन्ने गरी पारस्परिक रूपमा जोड्दै ल्याएको छ । तर आज यस्तो प्रतीत भइरहेको छ मानौं यो माला हामी माझबाट कसै-कसैले जानी नजानीकन यसलाई झटकार्दै चूँडालेर यसका गौरवमय थुंगाहरू छर्नतिर लागेका छन् । यदि त्यसो भएको खण्डमा सांस्कृतिक विखण्डन आउने छ र हाम्रो पहिचान हराउने छ । यसरी सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनस्थानको सानो संसार बाट विखण्डन होइन, समन्वय र एकताको सन्देश प्रवाहित गर्नु पनि यस अन्वेषणको अभीष्ट हो ।

प्रस्तुत कार्य स्थलगत अध्ययन, अभिलेख, चित्र एवं सम्बद्ध स्रोत-वर्गबाट प्राप्त जानकारी आदि प्राथमिक स्रोतका आधारमा तयार पारिएको छ । यी प्राथमिक स्रोतहरूको व्याख्या विश्लेषण तथा तुलनात्मक अध्ययनका निमित्त प्रकाशित सहायक स्रोतसामग्रीहरूको उपयोग पनि भएको छ । त्यसरी लेख्दा यहाँ कहीँ कतै गल्ति पर्न गएको रहेछ भने त्यसको जिम्मेवार म स्वयं नै छु । विज्ञ पाठकहरूको

मूल्यवान् निष्पक्ष-सुझाव आएमा त्यस्ता गल्तिको सुधार गर्ने छु ।

यो पुस्तक तयार पार्ने काममा मैले धेरै व्यक्तिहरूबाट प्रेरणा, सुझाव र सहयोग पाएको छु । मेरा मित्र विश्वमोहन जोशीले सर्वप्रथम भीमसेनका कुरा नराखेको भए र यस बारेमा लेख्न सर्वप्रथम मलाई मेरा अर्का मित्र **सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**का धीरेन्द्र मूलले अनुरोध नगरेको भए यसरी यो पुस्तकको रुपमा आउने थिएन । यसको निमित्त म मेरा दुवै मित्रहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । स्थलगत अध्ययनका क्रममा साथ दिएको मात्र नभएर स्रोत व्यक्तिकै रूपमा समेत महत्त्वपूर्ण जानकारी दिएर सहयोग गर्ने मेरा अनन्य मित्र विनोदराज शर्माप्रति आभारी छु। त्यसैगरी स्थलगत अध्ययनका क्रममा साथ दिई लेख्न प्रेरित गर्ने मेरा आदरणीय दाजु एवं मित्र श्री रामप्रसाद धवाज्यूलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। मेरा अर्को भाइ एवं मित्र सुरेशज्योति शाक्यले महत्त्वपूर्ण ऐतिहासिक स्रोत एवं जानकारी दिएर गरेको अमूल्य सहयोगका लागि उनलाई स्नेहपूर्वक धन्यवाद दिन चाहन्छु । त्यसैगरी सुकुलढोका, लुँ विहार दोलखा-भीमसेनस्थानको दूरसिंह खड्गीहरूको ने.सं.७७२ ताम्रपत्रमा आएको 'खगि' बारेको थप अनुसन्धान कार्य गर्नमा 'जस्तो सुकै सहयोग गर्न पनि तयार छौं' भनी हृदय खोलेर यो लेखकको हौसला बढाई लेख्न मात्र नभएर खड्गीहरूका बारेमा अहिलेसम्म पनि प्रकाशमा नआएका महत्त्वपूर्ण ऐतिहासिक सामग्रीहरू समेत देखाइदिएर सहयोग गर्ने स्रोत-व्यक्तिहरू : श्री न्हुच्छेबहादुर खडगी/शाही (९०, छुमलननी, चोछेँटोल-९), श्री तुलसी शाही (७०, छुमलननी चोछेँटोल-९), श्री श्याम खड्गी (६३, भोलाछेँटोल-५), श्री देवरत्न शाही (३८, छुमलननी,चोछेँटोल-९), सुश्री साइँली खड्गी (३२,लामाहिटी टोल, वडा नं.१०,ठिमी) हरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । चोछेँ टोल, छुमलननीस्थित खड्गीहरूको भैरवमन्दिरको भित्ताको सिद्धि खड्गीहरूको ने.सं.८३३ को शिलालेख देखाईदिएर, आफ्नै संग्रहमा रहेको जितलसिं खर्गिले मालतीको

नाममा राखिदिएको ने.सं.७९४ को घलचा (कलश) को अभिलेख समेत अध्ययन गर्न दिएर सहयोग गर्ने भाइ देवरत्न शाहीलाई स्नेहका साथ आशीर्वाद दिन चाहन्छु । मेरा अर्का मित्र एवं भाइ योगेशराजले ठिमीको बुसिं, हेला मइ खगीहरूको ने.सं.७६५ को अभिलेखबारे महत्त्वपूर्ण जानकारी दिएर सहयोग गरेका छन् । यसका निमित्त म उनलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी कम्प्युटरमा चित्रहरू मिलाएर राख्ने काममा केही सहयोग मेरा विद्यार्थी रञ्जन दुलालबाट पनि पाएको छु । त्यसको निमित्त उनलाई स्नेहका साथ आशीर्वाद दिन चाहन्छु । प्रस्तुत पुस्तक प्रकाशमा ल्याउन प्रकाशकको अभिभारा लिने **श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अन्त्यमा, अन्वेषणकार्यमा प्रेरणा र सहयोग गर्ने मेरी जीवन सहचरी बबिता श्रेष्ठलाई हार्दिकतायुक्त अनुरागसहितको धन्यवाद छ ।

इतिहासशिरोमणि बाबुराम आचार्यको
१२६औं जन्म जयन्ती,
२०६९ फागुण २९ गते, बुधबार ।

पुरुषोत्तमलोचन श्रेष्ठ,
दूधपाटी, भक्तपुर
नेपाल ।

प्रकाशकीय वक्तव्य

विश्वश्रेणीका मूर्त एवं अमूर्त सम्पदाले समृद्ध भक्तपुर मा जन्मन पाउनु हाम्रो लागि भाग्यको कुरा हो । भक्तपुर सहरकै सुकुलढोकाटोलमा खेल्दै, रमाउँदै हामी हुर्कंदै गयौं । सुकुलढोका, लुँ विहार र दोलखाभीमसेनमन्दिर परिसर हाम्रो बाल्यकालदेखिकै आफ्नो प्यारो ठाउँ हो । यहाँका सम्पदा बिग्रँदैभत्किँदै विलुप्त हुनलागेको हामीले हेरीरहन सकेनौं । यसैले हामीले स्थानीय बासिन्दाहरूसित यस विषयमा कुराकानी गरी यी अमूल्य सम्पदालाई बचाउनु पर्छ, संरक्षण संवर्द्धन गर्दै लानुपर्छ भन्ने निधो गऱ्यौ । सबैको स्वीकारोक्ति र सहयो गले हामीलाई अघि बढ्न ठूलो हौसला मिल्यो र यसरी **श्री सुकलढो का दोलखा-भीमसेन लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**ले जन्म लियो । त्यसपछि संरक्षण र जीर्णोद्धार कार्य सम्पन्न हुँदै आयो । यससंगै हामीलाई हाम्रो ठाउँ र यहाँका सम्पदाको इतिहास र संस्कृति एवं तिनका महत्त्व जान्न पाए कति बेस हुने थियो होला भन्ने पनि लाग्यो । अनि हामीले प्राध्यापक डा.पुरुषोत्तमलोचन श्रेष्ठलाई संभ्यौं र उहाँलाई यसबारेको एउटा लेख लेखीदिनु हुन अनुरोध गऱ्यौं । उहाँले अति सरल र मिजासिलो ढङ्गले हाम्रो अनुरोधलाई स्वीकार गर्नु भयो । वचन दिएपछि पूरा गरी छाड्ने उहाँको स्वभाव रहेछ । हाम्रो लागि आश्चर्य एवं खुशीको कुरा त यो थियो कि हामीले उहाँबाट ढुङ्गा मात्र खोजेका थियौं, उहाँले त सुन्दर सजीवमूर्ति नै बनाएर हामीलाई दिनुभयो । त्यही मूर्ति **सुकुलढोका लुँ विहार र दोलखा-भीमसेन** नामको यो प्रस्तुत मौलिक पुस्तक हो । यो यसबारेको पहिलो पुस्तक पनि हो । यसको निमित्त उहाँले पारिश्रमिक पनि खोज्नु भएन । बरू यो पुस्तकको बिक्रीबाट आएको पैसाले यहाँका सम्पदा संरक्षणमा टेवा पुगोस् भन्ने उहाँको इच्छा र भावना उहाँले हामी माझ पोख्नु भयो । हाम्रो लागि यो एकैसाथ हामीले उहाँबाट पाएको दोहोरो सुखद्-प्राप्ति थियो । यसरी यस्तो महत्त्वको यो पुस्तक प्रकाशन गर्न पाएकोमा हामी समग्र स्थानीय बासिन्दाहरूका तर्फबाट

समेत यस पुस्तकका लेखक प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठको प्रशंसा गर्दै उहाँको सम्पदा संरक्षणप्रतिको इच्छा र भावनाको पनि सम्मान गर्दै उहाँलाई हार्दिक बधाई एवं धन्यवाद ज्ञापन गर्दछौं ।

अन्त्यमा, यो पुस्तक प्रकाशनमा प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग गर्ने समस्त व्यक्तिहरू एवं टोलबासीहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं । त्यसैगरी स्तरीय मुद्रण कार्य गरीदिनु हुने न्यू विद्या प्रिन्टिङ्ग प्रेसका प्रोपाइटर श्री निकेश वैद्यज्यूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

श्री सुकुलढोका दोलखा-भीमसेन लुँ विहार
भीमसेन मन्दिर संरक्षण कार्य समिति,
सुकुलढोका, वडा नं ८, भक्तपुर ।

विषयसूची

समर्पण
मन्तव्य
अभिमत
लेखकीय भूमिका
प्रकाशकीय वक्तव्य

१ इतिहास १-२३

स्थान परिचय १, सुकुलढोका १, लुँ विहार १३, सुकुलढोका दोलखा-भीमसेन २१, नामकरण २३

२ कलाकृति विवरण २५-४७

मूल प्रवेशद्वार २५, दूरसिंह खगि(खड्गी) र रखम्हि खगिडिनी (लक्ष्मी खड्गिनी)हरुको ने.सं. ७७२ को ताम्रपत्र २७, खड्गीहरुको भैरव मन्दिर : छुमलननी, चोछें टोल ३१, भैरवमन्दिरको भित्ताको ने.सं. ८३३ को सिद्धि, कृष्णेश्वरी खड्गीहरुको अभिलेखका कुरा ३३, ठिमीको वुसिं, हेला मइ खगीहरुको ने.सं. ७६५ को अभिलेख ३४, जितलसिंह खर्गिले ने.सं. ७९४मा आफ्नी दिवंगत पत्नी मालतीको नाममा राखिदिएको घलचा (ताम्रकलश)को अभिलेखका कुरा ३६, ने.सं. ७२३ को गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवनमल्लहरुको शिलालेख ३७, शाक्यमुनि बुद्धको मृन्मूर्ति ३७, हैमा द्यः ३८, महाकाल ४०, सरस्वती ४०, शिवसिंह भारोको प्रस्तर सालिग ४१, मूलगन्धकुटीको अवशेष र त्यहाँका कलाकृति ४१, प्रस्तर सिंहमूर्ति ४२, वज्रसत्वको प्रस्तरमूर्ति ४२, क्वापा द्यः (ध्यानी बुद्ध)को मृन्मयमूर्ति ४३, दोलखा- भीमसेनमन्दिरका कलाकृति ४३, भीमसेन ४४, द्रौपदी ४५, गणेश ४६, त्रैलोक्यमल्लको सालिग र स्वर्ण चैत्य ४६, अन्य ४७

३	संस्कृति	४८-५९
४	उपसंहार	६०-६७
५	परिशिष्ट (अभिलेख खण्ड)	६८-७१
६	सन्दर्भ-स्रोत	७२-७५
७	चित्र खण्ड	७६

१
इतिहास

स्थान परिचय

भक्तपुर सहरको हृदयस्थलमा 'सुकुलढोका' नामको व्यापारिक टोलबस्ती (वडा नं.८) छ । विश्व सम्पदा सूचीमा परेको भक्तपुर राजदरबारबाट केही पाइला पूर्व लागेपछि यहाँ पुगिन्छ । यो यस सहरको पुरानो र हालसम्म पनि व्यस्त बजारबस्तीको रूपमा गुलजार रही आएको छ । सुकुलढोकाको पूर्व-पश्चिम उन्मुख भएर गएको मूल-बजारबाटोबाट पूर्वतर्फ लाग्दा यस संगैको गोलमढी टोल (वडा नं.७) मा पुगिन्छ । तर गोलमढी नपुग्दै उत्तरतिर लाग्ने एक उकालो-बाटो पनि यसै बाटोसित जोडिएर हाम्रो सामु तेर्सिन आईपुग्छ। ठीक त्यही दोबाटोमा उभिएर दक्षिणतिर फर्केपछि हाम्रो सामु दायाँ बायाँ एकजोडी प्रस्तर-सिंहमूर्तिसहितको, काष्ठनिर्मित कलात्मक तोरणले सजिएको एक उत्तराभिमुख मूल-प्रवेशद्वार (चित्र संख्या १) ट्वाक्कै देखा पर्न आउँछ । सो प्रवेशद्वारबाट भित्र पाइला टेक्नासाथ एकैसाथ लुँ विहार र दोलखा-भीमसेनस्थानमा पुगिन्छ । यहाँनिर यी देवस्थलहरूका बारेमा चर्चा गर्नुपूर्व यी दुर्लभ सम्पदाहरूलाई आफ्नो काखमा बसाली राखेको यसै ऐतिहासिक सुकुलढोकाबाट कुराको सुरुवात गर्नु शायद सही हुनेछ ।

सुकुलढोका

बस्तीको प्राचीनता एवं नामकरणका प्रसङ्गमा सुकुलढोकाको ऐतिहासिक विकासक्रमलाई फर्केर हेर्दा लिच्छविकालभन्दा पनि अघि किरातकालतिर पुग्नुपर्ने हुन्छ । यस कुराका आधार लिच्छविकालतिर

भक्तपुरभेक र यसका खास-खास स्थानहरूलाई कहने बेग्लाबेग्लै स्थान-नामहरू हुन् । खोपृङ्, माखोपृङ्, खृपुङ्, खुलप्रिङ् लगायत माखो दुलुं उदाहरणस्वरूप छन् । यी स्थान-नामहरू संस्कृत भाषाका नभएर तात्कालिक जनभाषाका वा भनौं किरातपरिवारको भाषाका शब्द हुन् । देउपाटनको मानदेवको पालाको रत्नसंघले रँख्न लगाएको शिवलिङ्गको अभिलेखमा भक्तपुरभेकलाई 'खोपृङ्ग्रामप्रदेश' भनिएको छ । सुकुलढोकास्थित हाम्रो लुँ विहार र दोलखा-भीमसेनस्थानदेखि करीब सय पाइला जति पर पश्चिममा, बाटोको उत्तरतिर एक लिच्छविकालीन गहिरीधारा छ । गोलमढीटोलमा पर्ने सो धारामा जानको निमित्त बनाइएको सिँढीको दायाँपट्टिको पर्खालमा शिवदेव+अंशुवर्माको संवत् ५१६ (वि.सं.६५१) को एक शिलापत्र छ । सो शिलापत्रको अभिलेखमा यस क्षेत्रलाई 'माखोपृङ्' (माखोपृंसतलद्रङ्ग) सम्बोधन गरिएको छ। शिवदेव+अंशुवर्माकै तुलाछेँटोलको अभिलेखमा 'खृपुङ्' तथा बोलाछेँटोलको अभिलेखमा 'माखोदुलुं' नाम आएका छन् । यी कुरा महत्त्वपूर्ण छन् । एकै समयका शासकहरूका पालामा एकै समयतिर राख्न लगाएका बेग्लाबेग्लै स्थानका यी अभिलेखहरुमा बेग्लाबेग्लै स्थान-नामहरू उल्लेख हुन आएबाट तात्कालिक समयमा आजको भक्तपुरभेक समग्रमा 'खोपृङ्' कहलिएको थियो, खोपृङ्ग्रामप्रदेशभित्र पनि 'माखोपृङ्' (सुकुलढोका+गोलमढी क्षेत्र), 'खृपुङ्' (तुलाछेँटोल क्षेत्र), 'माखोदुलु' (बोलाछेँटोलक्षेत्र) लगायतका अनेक नामका बस्ती थिए । तीमध्ये 'माखोपृङ्' खोपृङ्को मध्यभागमा अवस्थित रहेको थियो । यसैले यो 'माखोपृङ्' कहलिएको थियो । सातौँ शताब्दीसम्म आइपुग्दा यो बस्ती व्यापारिक, प्रशासनिक आदि दृष्टिले समेत केन्द्रको रूपमा समृद्ध हुँदै सहरीबस्तीको रूपमा समेत विकसित हुनपुगेको हुँदा यस बस्तीले 'द्रङ्ग' (बन्द व्यापार चली गुलजार रहेको सहर विशेष) को दर्जा समेत पाइसकेको थियो । यताबाट सुकुलढोका+गोलमढी क्षेत्रमा लिच्छविहरूको आगमनपूर्व किरातकालतिरै, आजभन्दा करीब दुई हजार वर्ष अघि नै 'माखोपृङ्' नामको वस्ती आवाद भइसकेको थियो भन्ने कुरा बुझिन्छ । भन्सारसहितको व्यापारिक केन्द्रको रूपमा यो

क्षेत्र विकसित भइरहेको समयतिर माखोपृङ्द्रङ्गको खास प्रभाव-इलाका (सुकुलढोकालाई केन्द्रविन्दु मानेर) दक्षिण-पश्चिममा आजको सुकुलढोका, टिबुक्छेँ , चासुखेल, टौमढी, बोलाछेँ, तुलाछेँ लगायत योसिंखेलका भीमसेनस्थानदेखि उत्तरका भाग एवं उत्तर-पूर्वमा चोछेँ, लालाछेँ, याछेँ, गोलमढी, इनाचो लगायत पुरानो भन्सार सहितको तचपालटोलस्थित भीमसेनस्थानसम्म फैलिएर रहेको दृष्टिगोचर हुन्छ ।

प्राचीनकालदेखि नै वरपरका बासिन्दाहरू किनबेच गर्न आउने, भन्सार समेत भएको व्यापारको केन्द्र रूपको बस्ती वा 'द्रङ्ग' भएकै कारणले सुकुलढोकाक्षेत्र अर्थात् तात्कालिक 'माखोपृङ्द्रङ्ग' को महत्त्व व्यापारिक दृष्टिले मात्र नभएर सांस्कृतिक एवं प्रशासनिक दृष्टिले पनि खासगरी सातौँ शताब्दीदेखि बढेर आएको देखिन्छ । यस कुराको थप पुष्टि आजभन्दा एक दशक अघि यहींको ब्यस्त बजारबाटो को किनारमा फेलापरेको खण्डित अवस्थाको संवत् २०० (वि.सं.८३३) को उत्तरलिच्छविकालीन अभिलेखबाट पनि हुन्छ । यो अभिलेख खण्डित भएता पनि तात्कालिक लिच्छविकालीन भक्तपुर/उपत्यकाको इतिहासको केही महत्त्वपूर्ण कुरा थाहा पाउन उपयोगी छ । सो अभिलेखमा 'श्रीमहावृजिकरथ्या' एवं 'श्रीपश्चिमाधिकरण' जस्ता विशेषणयुक्त विशेष शब्दहरू आएका छन् । 'वृजिकरथ्या' को उल्लेख पहिलोपल्ट देउपाटन कसाईटोलको नरेन्द्रदेवको अभिलेखमा आएको छ । सुकुलढोकामा फेलापरेको यो खण्डित शिलालेख यस विषयको दोस्रो महत्त्वपूर्ण प्रमाण हो । इतिहासको कालप्रवाहमा नेपाल-उपत्यकामा बाहिरबाट अनेक जातिहरू आएर बसोबास गरी यहींका रैथाने हुनपुगेका थिए । किरात, लिच्छवि, मल्ल, शाक्य, कोली, आभीर-गुप्त आदि लगायत वृजिकहरू लिच्छविकालका केही मुख्य जाति थिए । इतिहासकार धनवज्र वज्राचार्यका अनुसार वृजि जनपदका बासिन्दा 'वृजिक' कहलाएका थिए । देउपाटनको अतिरिक्त सुकुलढोकाको अभिलेखमा पनि वृजिकहरूको बस्ती

'महावृजिकरथ्या' को उल्लेख आएको छ । वृजिकहरूद्वारा निर्मित सडकसहितको देवस्थलक्षेत्रमा बस्ने बासिन्दाहरू 'वृजिकरथ्या' कहलिएको हुन सक्छ । यताबाट वृजिकहरूको पनि बसोबास यहाँ थियो भन्ने थाहा पाइन्छ ।

लिच्छविकालमा राजदरबारको पश्चिमभागमा रहेको सरकारी कार्यालयलाई 'श्रीपश्चिमाधिकरण' भनिन्थ्यो । यसले देवमन्दिरहरूको हेरचाह लगायत धार्मिक विषयका कुराहरू समेत हेर्ने गर्दथ्यो । सुकुलढोकाको उत्तरलिच्छविकालीन अभिलेख 'शैलद्रोणी' (ढुङ्गे जलद्रोणी) को निर्माणसित सम्बद्ध छ । त्यसमा सो जलद्रोणीको हेरचाह श्रीपश्चिमाधिकरणले गर्ने कुरा परेको छ ।

लिच्छविकालमा संस्कृत भाषा सरकारी भाषाको रूपमा प्रयोगमा आउन थालेपछि त्यसको असर पहिलेदेखि वा भनौँ किरातकालदेखि चलेर आएका स्थाननामहरूमा पनि पर्दै जानथालेको देखिन्छ । 'खोपृङ्' लाई नै उदाहरणको रूपमा लिऊँ । गाउँ लाई बुझाउने 'पृङ्' को संस्कृत रूपान्तर 'ग्राम' हो । वज्राचार्यका अनुसार 'खो' शायद भातलाई कहने शब्द थियो । संस्कृत शब्द 'भक्त' को अर्थ देवताको भक्ति गर्ने भक्तालु मात्र नभएर 'भात' पनि हो । यसै आधारमा परवर्तीकालमा खोपृङ्को संस्कृत नामान्तर 'भक्तग्राम' हुनपुगेको देखिन्छ । यसरी नामान्तर गर्ने चलन त्यसबखत थियो । 'भक्तग्राम' को पनि रूपान्तर 'भातगाउँ' र यसको पनि अपभ्रंश भई 'भादगाउँ' हुनपुगेको देखिन्छ । 'पुर' / 'पत्तन' सहरीबस्तीलाई लाग्ने विशेषण हो । खासगरी राजधानीनगरको रूपमा विकसित हुँदा 'भक्तपुर'/'भक्तपत्तन'/'भक्तपुर महानगर' नाम पछि प्रचलित हुनपुगेको हो । खोपृङ्को परवर्ती रूप 'ख्वप' हो । समग्र भक्तपुरलाई सम्बोधन गरिने नेपालभाषाको यो नाम पूर्वमध्यकालदेखि (वि.सं.९३७-१५३९) बिना कुनै खास अन्तर, आजसम्म चली आएकै छ । तर पूर्वमध्यकालतिर आईपुग्दा 'खृपुङ्', 'माखोदुलुं', 'खुलपृङ्' नामहरू भने

हराइसकेका थिए । माखोपृङ् पनि अपबादको रूपमा रहेन ।

मध्यकाल (वि.सं.९३७-१८२६)को सुरूवातसंगै बस्तीबसाई देखि लिएर राजनैतिक, धार्मिक-सांस्कृतिक आदि अनेक कुरामा निकै परिवर्तनहरू भइरहेका थिए । यो युग आक्रमण-प्रत्याक्रमणको पनि युग थियो । यसैले सुरक्षाव्यवस्थालाई विशेष ध्यान दिइएको हुन्थ्यो । खाई, पर्खाल र ठाउँ-ठाउँमा किल्लासहितका मजबूत ढोकाहरूले सुरक्षित पारिएको देश-बस्ती (सहरीबस्ती) र त्यस भित्र एक घरसित अर्को घर जोडएर बनेका किल्ला रूपकै अनेक 'टोल-बस्ती'को सुरक्षात्मक वास्तु-संस्कृति समेत विकसित हुँदै थियो । देश/सहर र त्यसभित्रका टोलहरू लगायत बस्ती वरपरका खोला, पहाड, डाँडा आदि समेत मजबूत किल्लारूपमा परिणत हुनपुगेका थिए र सोही अनुरूपका उपयुक्त नामहरू पनि लौकिकजीवनमा चल्न थालिसकेका थिए । तलसहित द्रङ्गको रूपमा निरन्तर विकसित हुँदै आइरहेको माखोपृङ् भएकै कारणले पहिलेको खोपृङ्ग्रामप्रदेश अव 'भक्तग्राम' बाट पनि 'भक्तपुर'/ 'भक्तपत्तन'को रूपमा देखापरिसकेको थियो । अर्थात् नेपालको राजधानीनगर यहाँ सार्ने काम विक्रमको तेह्रौं शताब्दीको प्रथम चरणतिर सम्पन्न भयो । सहरलाई सैन्य सुरक्षाका अतिरिक्त तान्त्रिक सुरक्षा समेत प्रदान गर्न सहरीबस्ती भित्र र बाहिर अष्टमातृका, अष्टभैरव, अष्टगणेश, दशमहाविद्या लगायत मध्यभागमा सबैका अधिष्ठात्रीदेवी त्रिपुरसुन्दरी (पीठ,देवगृह) पनि प्रतिष्ठा गर्ने काम भयो , तिनकै नामबाट सोही मध्यभाग परिसरमा 'त्रिपुर' नामको राजकुल (राजदरबार) बसाल्ने काम पनि भयो । मध्यकालीन भक्तपुरको मात्र नभएर समग्रमा सिङ्गो नेपालमण्डल (राष्ट्र) को पहिलो दरबार पनि यही त्रिपुर राजदरबार थियो । सहरको चौतर्फी भौतिक विकास, समृद्धि र पविर्तन संग-संगै तर परित्यक्त हुँदै गइरहेको पुरानो माखोपृङ् नामलाई भने राजधानी सहरका बासिन्दाहरूले बिर्सिसकेका थिए । गरिमामय समृद्ध इलाका त उही थियो केवल 'माखोपृङ' को ठाउँ र प्रभावक्षेत्र अब 'चनिगल' ले लिनपुगेको

थियो । धार्मिक दृष्टिले प्रसिद्ध देवस्थललाई प्रशासनको आधार-इकाइ/केन्द्र) मानेर दैनिक शासन-प्रशासन चलाउने प्रवाह पनि त्यसबखत शुरू भइसकेको थियो । यस आधारमा राजधानीसहर भक्तपुर लाई **वान्दिमस्थान** (केन्द्र :वाने लायकु/तचपाल), **शिवगलस्थान** (केन्द्रः वीरभद्रेश्वर/गोलमढी) र **चनिगलस्थान** (केन्द्रः चण्डेश्वरी /चासुखेल) गरी तीन प्रशासनिक क्षेत्रमा विभक्त गरिएको थियो । तीमध्ये त्रिपुर राजदरबार चनिगलस्थानमा अवस्थित रहको थियो ।

राजा आनन्ददेव (वि.सं.१२०४-१२२४) ले बनाउन लगाएको त्रिपुर राजदरबार सात तले थियो । यो दरबार लिच्छविकालीन कैलाशकूट दरबारको वास्तुशैलीसित शायद मिल्दोजुल्दो बहु-छानेशैलीमा बनेको थियो । आनन्ददेवपछि उनका भाइहरू रूद्रदेव र अमृतदेवहरूले चोकसहितका अनेक खण्डहरू निकालेर यो दरबारको भाग विस्तार गर्ने काम गरेका थिए । देव उपाधिधारी शासकहरू यस दरबारबाट शासन गर्दथे । त्यो युगमा द्वैराज्यपद्धति अन्तर्गतको शासन चलेको थियो । यसैले मल्ल उपाधिधारी शासकरू भने युथुनिमम् दरबारबाट (हालको भक्तपुर राजदरबार) शासन गर्दर्थे । यो भक्तपुरको दोस्रो ठूलो र प्रसिद्ध दरबार थियो जुन त्रिपुर दरबारसंगै पश्चिमपट्टि अवस्थित थियो । जयार्जुनदेव (वि.सं.१४१८-१४३८) त्रिपुर राजदरबारबाट शासन गर्ने अन्तिम राजा थिए । यिनको पालासम्म पनि चनिगल इलाकासहित यस दरबारको सुन्दरीकरण र विस्तार भइरहेको देखिन्छ । जयस्थिति मल्ल (वि.सं.१४३९-१४५२) ले यिनलाई षडयन्त्रपूर्वक सत्ताच्यूत गरी त्रिपुर राजदरबारको क्वाछेँ किल्लामा कैद गरेपछि त्यसको एक वर्षपछि नजरबन्दमै सो किल्लामा यिनको मृत्यु भयो । यसरी निकै विशाल क्षेत्रमा फैलनपुगेको त्रिपुर राजदरबारको राजनैतिक एवं शासकीय महत्व पनि जयार्जुनदेवसंगै अस्त हुन पुग्यो । तर उल्लेख्य कुरा के छ भने त्रिपुरले आफ्नो राजनैतिक प्रशासनिक महत्व गुमाए तापनि एक राजकीय बासस्थानको रूपमा यसको प्रयोग यसका संस्थापक आनन्ददेवदेखि पछिका राय मल्लहरूको

समयसम्म पनि भइरहेको थियो । यसरी तीन सय वर्ष भन्दा बढी समयसम्म अस्तित्वमा रही पूरै नेपालमण्डलको शासनको ढुकढुकी बनेर रहेको पूर्वमध्यकालको यो प्रसिद्ध दरबारको उल्लेख रायमल्लहरूले यक्षेश्वर महादेवमन्दिरको भित्तामा राख्न लगाएको ने.सं.६१४ को स्वर्णपत्रमा अन्तिमपल्ट पर्न आएको छ । त्यसपछि भने त्रिपुरले पनि माखोपृङ्को नियति भोग्नुपर्‍यो । अर्थात् यो पनि सदाका लागि विस्मरणीय भएर गयो । शायद त्रिपुरको ठाउँ अब एक-छत्र ढङ्गले युथुनिमम्ले लिनपुगेकोले त्रिपुर त्यसरी हराउन पुगेको हो । यस्तो प्रतीत हुन्छ कि सोह्रौं शताब्दीको दोस्रो चरणदेखि वा भनौं राय मल्लहरू पछि यो राजकीय बासस्थानको रूपमा समेत पनि रहेन । त्यसपछि यो परित्यक्त भएर जीर्ण हुँदै, ढल्दै, पृथ्वीको गर्भमा यसका बचेखुचेका अवशेषहरू पनि पुरिँदै सिङ्गो दरबार नै हराउने क्रम चल्यो । अनि यसका किल्लाहरू लगायत यो दरबार र पूरै चनिगलस्थान प्रवेश गर्ने मजबूत प्रवेशद्वार समेत समयको मारमा, मल्लकाल (वि.सं.१५३८-१८२६) को पूर्वार्द्धतिरै हराउन पुगेको विदित हुन्छ । सोही क्रममा दरबारी किल्लाहरू र प्रवेशद्वार भएका स्थानहरू अनेक टोल उपटोलका रूपमा देखापरे । तर यसरी इतिहासको कालप्रवाहमा यति धेरै भइसक्दा पनि त्रिपुर दरबार र यसको प्रवेशद्वार र यसका किल्लाहरूलाई झल्झली संझाइराख्ने नामस्मृति-अवशेषहरू भने आज पनि शेष छन् । जस्तै : आजको टिबुक्छे-चासुखेल टोलहरूले आजभन्दा छ सय वर्ष भन्दा पनि अघिको लौकिकजीवनमा प्रसिद्ध त्रिपुर राजदरबारसमेत अवस्थित रहेको यसको एक मजबुत किल्ला (क्वाठ/क्वाठ छैं/क्वाछैं) 'त्रिपुर क्वाठ' र चनिगलस्थानलाई संझाएको छ । त्रिपुरको सो किल्ला (हालको टिबुक्छैं टोल) सोह्रौं शताब्दीतिरै 'तिप्रक्वछैं टोल' को रूपमा परिणत भइसकेको थियो । भूमिसम्बन्धी मल्लकालीन तमसूक-ताडपत्रहरू लगायत चण्डेश्वरी देवस्थलको ने.सं.८४८ को शिलालेखमा पनि 'त्रिप्रक्वछैं' टोलको उल्लेख आएको छ । त्यस्तै जयार्जुनदेव जस्ता राजबन्दीहरूलाई थुनेर राख्ने बन्दीगृहको रूपमा समेत प्रयोगमा ल्याइएको त्रिपुर दरबारको

प्रसिद्ध 'क्वाछेँ' नामको किल्ला आज त्यस नामको टोलमा परिणत भएको छ । सुकुलढाकाको त्रिपुर विद्यापीठले पनि त्रिपुर दरबारलाई प्रकारान्तरमै संझाइरहेको छ । आज पनि भक्तपुरको हृदयस्थलमा रहेको त्रिपुरसुन्दरी पीठ र देवगृहले 'त्रिपुर' नामको दरबार र यसका किल्ला अनि विद्यापीठ लगायत यिनै अधिष्ठात्रीदेवी स्थापित रहको तुलाछेँटोललाई पनि संझाइरहेको छ । नेवार लोकजीवनमा 'तुपला माजु' नामले प्रसिद्ध भएकै कारण सो क्षेत्र मल्लकालमै 'तुपलाछेँ' हुँदै आजको 'तुलाछेँ' मा रूपान्तर हुनपुगेको छ । आनन्ददेवका भाइ रूद्रदेवले त्रिपुर राजदरबारको भागसित जोडेर बनाइदिएको 'खण्डचोक' आज 'खिछेँ', 'खँःचुक' भएका छन् । अनि त्यसरी नै आजको सुकुलढोकाले त्रिपुर राजदरबार र चनिगलस्थान प्रवेश गर्ने मूल प्रवेशद्वारलाई पनि झल्झली संझाइरहेको छ जुन आज भन्दा छ सय वर्ष अघिदेखिको तत्कालीन नेपालमण्डलको नेवार-लोकजीवनमा 'सुगलद्वाखा' नामले सुविख्यात रहेको थियो ।

'किन सुकूध्वाखा/सुकुलढोका भनिएको हो ?' भनी यहाँका सर्वसाधारणलाई सोध्ने हो भने यस प्रकारको सहज सिधा र साझा उत्तर सुन्न पाइन्छ 'पहिले यहाँ सुकू (सुकुल) को ध्वाखा (ढोका) थियो यसैले यसको नाम सुकूध्वाखा/सुकुलढोका रहन पुगेको हो ।' अनि अलि जान्ने सुन्नेहरू भए यस प्रकारको थप उत्तर पनि सुन्न पाइन्छ '...यहाँ सुकुलको सीमाना राखी राजा भूपतीन्द्र मल्लले आफ्ना शत्रुलाई सिध्याएर आफ्नो गुमेको राज्य पुनः प्राप्त गरेको हुँदा त्यही बेलादेखि यो ठाउँको नाम सुकूध्वाखा/सुकुलढोका चली आएको हो ।' तर यी कुरामा सत्यता छैन । यस विषयका ऐतिहासिक सामग्री लगायत भाषा विज्ञानले समेत देखाएको सत्य-तथ्य कुराचाहिँ यस्तो छ :

'सुगलद्वाखा' अपभ्रंश भई वर्तमान 'सुकूध्वाखा' हुन पुगेको हो । सुकूध्वाखाकै अनुवाद रूपको नेपाली रूपान्तर 'सुकुलढोका' हो ।

नेवारीमा सानो ढोकालाई 'लुखा' भनिन्छ भने ठूलो ढोकालाई 'ध्वाखा' भनिन्छ । भक्तपुर सहर पस्ने 'भार्वाचोध्वाखा', भक्तपुर राजदरबार पस्ने 'खौमाध्वाखा' उदाहरणस्वरूप छन् । तत्कालीन त्रिपुर राजदरबार तथा सो दरबार अवस्थित खाई पर्खालले घेरिएको चनिगलस्थानमा सुरक्षाका दृष्टिले खास-खास स्थानमा अनेक ध्वाखाहरू जस्तै : क्वाछेँ, टिबुक्छेँ लगायत सुकुलढोकामा बनाइएका थिए । तीमध्ये चनिगलमा प्रवेश गर्ने मुख्य ध्वाखा 'सुगलद्वाखा' थियो । हामीले माथि पनि चर्चा गरिसकेका छौं कि त्यसबखतको युग आक्रमण-प्रत्याक्रमणको युग थियो । अहिलेका सुकुलढोका, क्वाछेँ, टिबुक्छेँहरूले त्यो युगमा शत्रुहरूका अनेक भयानक आक्रमणहरूको सामना बारम्बार गर्नुपरेको तथ्य कुराको प्रत्यक्षदर्शी साक्ष सोही युगमा जयस्थिति मल्लको पालामा उनले नै सम्पादन गर्न लगाएको **गोपालराजवंशावली** पनिहो। उदाहरणकालागिने.सं. ४५६(वि.सं.१३९३)मा आक्रमणकारीहरूले दलबलसहित चनिगलस्थानको क्वाछेँ लगायत सुगलद्वाखा समेत फोडेर दरबार आदि कब्जा गर्न आएको घटनाको सजीव-वर्णनको एक सानो अंश यहाँ प्रस्तुत छ :

स ४५६ श्रावण शुदि ४ तिपुर राजकुल ओ अभेराम मूलमीस वो थयित भाटों छि पंत याङ झाङ्न थं प्राकार अन्तर उभय खाङ्ग ध्व कोन्हुम् चनिगल सुगल द्वाखास बलन खा खन्दवा, चम्विनन्न खन्द वव गा लास्यं ढेंस्यं हंङ, ध्वया निमतिन हाथार दल वसन युथुनिमन्दुम् धुन्द वो, ध्वतेस पिंपास्यं त्यंङ्ग तिपुकोछे लाछस खण्ड लोडव, फङ्न, प्राकारण पिलिस्यं हंङ्ग । मि शिक्व उभय पखन १२ म्हम् ध्वतेस कोलाक्व ह्ला ह्ला हास ...

(ने.सं. ४५६ (वि.सं.१३९३) श्रावण शुक्ल चतुर्थी त्रिपुर राजकुल र अभयराज मूलमी, थयित भा एक भई मिली 'झरें' ठड्याए; पर्खालको भित्र बाहिर दुवैतिर खाई सफा पारिए । यस दिन चनिगल सुकुलढोकामा बलैले ...गर्न आए; खाईको खाडल पुरीकन ...। यस कारण लड्न दल आयो; युथुनिमम् दरबारमा पस्न खोज्यो; अनि काट्दै धपाउँदै लगियो । तिपुर क्वाछेँको गल्लीमा तरबार चल्यो; प्रत्याक्रमण गर्नेले पर्खालबाट बाहिर धपाइदिए । दुवै पक्षको गरी बाह्रजना जति मानिस परे । यसपछि मेलमिलापको लागि कुराकानी हुन थाल्यो ... ।)

(गो.वं.४९ पत्र/ अनुवाद पृष्ठ १०५ : वज्राचार्य, मल्ल, १९८५)

हाम्रो संस्कृतिमा ढोकालाई सुरक्षाको आधारको रूपमा मात्र नभएर त्यसबाट प्रवेश गरेपछि शुभ दिन र कुशल कर्मको कामना गर्दै कुशल-मङ्गल हुने प्रतीकको रूपमा लिने चलन आज पनि वर्तमान छ। परम्परागत ढोकाको शीर्षभागको चौकोसका दायाँ बायाँ देखापर्ने अष्टमङ्गलका चिन्ह-आकृति यस कुराका साक्ष छन् । सुगलद्वाखाको अघिल्तिर लागेको संस्कृत उपसर्ग 'सु' ले पनि यही अर्थ अर्थात् सुन्दर, बढिया, उत्तम, राम्रो, श्रेष्ठ आदि अर्थ बोध गराउँछ।

घर अनि त्यसको मूलढोका पनि किल्ला हो। ढोका नभएको घर र घाटमा अन्तर हुँदैन, खुला मैदान जस्तै हो। ढोका फोडेपछि घर पनि ढल्छ, उजाड हुन्छ। देश, सहर, गाउँबस्ती आदिका ढोका पनि उस्तै हुन्। त्यसबखतको युगमा किल्ला कब्जा गरेपछि पूरै बस्ती जान्थ्यो। वि.सं.१८२६ मा गोर्खालीहरूले भक्तपुर सहरका किल्लाका खाई, पर्खाल र ढोका फोडे पछि भक्तपुर सहर नै उनीहरूको कब्जामा गयो। अनि दरबारका किल्ला पनि कब्जा गरेपछि मल्ल राज्य नै गयो। सुगलद्वाखाको 'गल' शब्दले पनि यस्तै गढ रूपको टोलबस्तीलाई बुझाएको छ। संस्कृत शब्द 'गृह'/'गढ' को प्राचीन नेवारी रूपान्तर 'ग्वल' हुँदै यसको अपभ्रंश 'गल' हुन पुगेको देखिन्छ। पूर्वमध्यकालतिर गढ रूपका टोलबस्ती 'गल' कहलिएका उदाहरण धेरै छन् । हाम्रो सुगलद्वाखा पनि त्यस कुराको अपवाद होइन। गोपालराजवंशावलीको ४० पत्रमा त्रिपुर राजदरबारलाई पनि 'तिपुर ग्वल' भनी सम्बोधन गरिएको छ।

माथिका कुरा बुझेपछि हाम्रो सामुन्नेमा 'सुगलद्वाखा' को अर्थ पनि सुस्पष्ट भएर खुल्न आउँछ। बारम्बार आक्रमण-प्रत्याक्रमण हुने त्यसबखतको युगमा अनि हर दिन सुरक्षाव्यवस्था अपरिहार्य भइरहने त्यसबखतको युगमा आगोको झिल्को सल्काएर 'फू...' गरी क्षणभरमै स्वाहा हुने परालको सुकुलले बनेको 'सुकूध्वाखा/सुकुलढोका' होइन, सयौँ-सयौँ संख्याका आक्रमणकारी शत्रुहरूका सशस्त्र समूहले समेत

फोड्न नसकिने अभेद्य-ढोका कसरी बनाउने भन्ने चिन्ताले दिनरात सताइरहने सुरक्षाव्यवस्थाको राष्ट्रिय-चाहना-मानसिकता बोकेका त्यो युगका सारा देशबासीले चाहेको र उनीहरूले चाहना गरे अनुसार तात्कालिक समयका महान तर अज्ञात कालीगढ वास्तुकारहरूले निकै मिहिनेत गरी निर्माण गरिदिएको यस्तै एक ऐतिहासिक एवं कलात्मक र साह्रै सुन्दर ढोका यो सुगलद्वाखा थियो । तत्कालीन त्रिपुर राजदरबार र चनिगल पस्ने मुख्य प्रवेशद्वार यो भव्य सुगलद्वाखा थियो । यसरी एक राम्रो र साह्रै बलियो गढ पस्ने अभेद्य प्रवेशद्वार यो सुगलद्वाखा थियो । त्यही सुगलद्वाखाको शेष वर्तमानको सुकुलढोका हो । अतः भूपतीन्द्र मल्ल (वि.सं.१७५३-१७७९) को पालामा यसको निर्माण/नामकरण भएको होइन । उनी भन्दा तीन सय वर्ष अघि नै आजको सुकुलढोका 'सुगलद्वाखा' नामले तत्कालीन समग्र नेपालमण्डलमा सुविख्यात भइसकेको थियो । त्यस्तै जयस्थिति मल्लका माहिला छोरा एवं उत्तराधिकारी जयज्योर्तिमल्लको राज्यकालमा (वि.सं.१४६५-१४८५) रचिएको **पञ्चरक्षा** नामको ताडपत्र-ग्रन्थमा 'शुकुध्वाखा' उल्लेख भएको छ । यसरी एक पुस्ता बित्दा नबित्दै सुगलद्वाखाको यो अपभ्रंश रूप पनि चलिसकेको कुरा यस प्रमाणले देखाएको छ । विश्व मल्ल (वि.सं.१६०४-१६१७) को पालाको ने.सं.६६७ (वि.सं.१६०४) भूमिसम्बन्धी एक तमसूक ताडपत्रमा सुकुलढोकालाई 'सुखूडिध्वाखा' भनिएको छ । त्यसको एक अंश यस्तो छ :

स्वस्ति ॥ श्रयोस्तु ॥ सम्वत ६६७ कार्तिक कृष्ण चतुर्थ्यायान्तियौ, श्री खप्वंभूम्यां, श्री शिवगलस्थाने, थंकलाछ टोलकाधिवासिन, ग्राहक, शहिराज भारो, जिकितभारो, उभयकस्य नाम्ना सकासात, ... अत्र पत्रार्थे दृष्टसाक्षी, सुखूडिध्वाखा, जशकिताज भारो ...

लोकको हीत हुने थुप्रै लोकोपकारी पुण्य-कार्यहरू गरी कलाकृति समेत राखेर गएका कारण भक्तपुरको सांस्कृतिक-जीवनले आजसम्म पनि 'गंगा महारानी' भनी संझिरहेकी गंगादेवी विश्वमल्लकी रानी

हुन् । विश्वमल्लको मृत्युपछि गंगादेवीले नायवी/सह-शासक भई आफ्ना दुई छोराहरू त्रैलोक्य मल्ल र त्रिभुवन मल्लसित मिलेर लामो समय सम्म (वि.सं.१६१७-१६७०) शासन गरेकी थिइन् । भक्तपुरमा उनीहरूलाई संझाइराख्ने केही उल्लेख्य कृतिहरूमध्ये सुकुलढोकाका, लुँ विहारका दोलखा-भीमसेन पनि हुन् । लुँ विहार, दोलखा-भीमसेनको उत्तर दलानको भित्ताको ने.सं.७२३ (वि.सं.१६६०) को गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवन मल्लहरूको शिलाभिलेख (परिशिष्ट, १ संख्या, चित्र संख्या २) यस कुराको ऐतिहासिक-साक्षको रूपमा रहेको छ । सो अभिलेखमा सुकुलढोकालाई 'शुकूध्वाका' भनी सम्बोधन गरिएको छ । भूपतीन्द्र मल्लकै पालाको ने.सं.८३५ (वि.सं.१७७२) को एक तमसूक-ताडपत्रमा सुकुलढोकाको नाम निम्न प्रसङ्गमा यसरी आएको छ :

श्रयेस्तु सम्वत ८३५ भाद्रपदकृष्ण दसम्यायान्तिथौ, श्री खपो शुखूध्वाका तोरकाधिकवासिन ग्राहक भागिराम, ...

हाम्रो सामु अब 'सुकूध्वाखा'/सुकुलढोका नामको भौतिक रूपको प्रवेशद्वार छैन । स्थानीय बूढापाकाहरूका अनुसार ऐतिहासिक महत्वको सो सुकूध्वाखा (प्रवेशद्वार) सुकुलढोका, लुँ विहार दोलखा-भीमसेनस्थानको ठीक उत्तरतिर लालाछेँटोलतिर लाग्ने उकालोबाटो मा थियो । तर आज पनि हाम्रो सामु उस्तै बन्द व्यापार चली गुलजार भइरहेको सुकूध्वाखा/सुकुलढोका नामको टोलबस्ती भने छ। यसरी हजारौँ वर्ष अघिदेखि र खासगरी तलसहितको माखोपृङ्द्रङ्गको युगदेखि सुगलद्वाखा र शुकुध्वाखा हुँदै आजको युगसम्म आईपुग्दा पनि एक प्रमुख बजारबस्तीको ऐतिहासिक चरित्र-विशषेतालाई निरन्तर निर्वाह गर्दै आइरहेको, वर्तमान नेपाली राष्ट्रियजीवनमा सुपरिचित सुकुलढोकाका केही खास सत्य-तथ्य कुरा यी नै हुन् ।

लुँ विहार (चित्र संख्या ३)

वर्तमान अवस्था

आजभन्दा पच्चीस वर्ष अघिको कुरा हो ! एक शोधार्थीका रूपमा लुँ विहारको उत्तराभिमुख प्रवेशद्वारबाट यहाँ भित्र पसी, यसकै खुला चोकमा उभिएर चारैतिर यसलाइ खोज्दा नदेखेपछि त्यहींका स्थानीय बासिन्दाहरूलाई 'खोई यहाँ कहाँ छ लुँ विहार ?, देखिएन त !' भनी विस्मयपूर्वक सोद्धा उनीहरूले मलाई सो विहारका अवशेषहरू : चैत्य, क्वापाद्यः, सिंह, शाक्यमुनि बुद्ध लगायतका वज्रसत्व देखाएका कुरा यस क्षणमा झल्झली संझिरहेको छु। आज पच्चीस वर्षपछि, मेरा मित्र विश्वमोहन जोशीको अनुरोधमा, मेरा अन्य मित्रहरू विनोदराज शर्मा र रामप्रसाद धवालाई समेत साथ लिएर दोस्रोपल्ट यहाँ प्रवेश गरेको छु। (चित्र संख्या ४) अनि गुज्रिसकेका पच्चीस वर्षहरूलाई अतितको दर्पणमा नियाल्दै आफ्ना मनका भावनालाई वर्तमानको यस क्षणमा यहाँनिर यसरी पंक्तिबद्ध पार्ने प्रसङ्ग प्राप्त गर्न पनि मन लागिरहेको छ :

'ओहो ! पच्चीस वर्ष बितिसकेको रहेछ, चालै पाइएन ! पच्चीस वर्ष त चानचुने होइन ! पच्चीस वर्षको अन्तरालमा संसारमै धेरै परिवर्तन भइसकेको छ । पच्चीस वर्ष अघि र आजको भक्तपुर मा पनि धेरै परिवर्तन भइसकेको छ । मानिसका विचार, भावना र व्यवहारमा पनि अन्तर आइसकेको छ । चेतना, जागरण र तर्कले नितान्त महत्त्व पाइसकेको छ । खासगरी हराउनै लागेको गौरवमय नेवार वास्तुका प्रसङ्गमा यहाँ सांस्कृतिक पुनर्जागरण नै आएको छ । यस्तो लाग्छ मानौं सिङ्गो देशको सांस्कृतिक पुनर्जागरणको नेतृत्व अहिले भक्तपुरले गरिरहेको छ । यसैले होला, लौकिक, हिन्दू एवं बौद्ध वास्तु कलाकृतिले संरक्षण एवं संवर्द्धन हुने अवसरको पुनर्जागरण नै आएको छ । खुशीको कुरा छ ! यसको लहरले हाम्रो सुकुलढोका

लुँ विहार र दोलखा-भीमसेनस्थानलाई पनि छोएको छ । हिजो मैले यहाँका सम्पदा अस्तव्यस्त देखेको थिएँ , आज ती व्यवस्थित र संरक्षित अवस्थामा देखिएका छन् । यस पवित्र स्थलको संरक्षण एवं संवर्द्धनका लागि **श्री सुकुलढोका, दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति** समेत खडा भइसकेको रहेछ जुन सन्हाहनीय कुरा हो । यसैले अहिले यहाँ उल्लेख्य-अन्तर आएको छ । यो ठाउँ पहिलेको तुलनामा निकै सफा-सुग्घर भएको छ । पहिले छरपष्ट भएका अवशेष/कृतिहरू जस्तै : एकजोडी प्रस्तर-सिंहमूर्ति, चैत्य, क्वापाद्यः (शाक्यमुनि बुद्ध), वज्रसत्व, महांकाल भैरव, आदि अहिले व्यवस्थित ढङ्गले राखिएका छन् । प्रस्तरफलकले छापिएको हुँदा यहाँको चोक मात्र नभएर भीमसेनमन्दिर र त्यसको गर्भगृहका भीमसेन लगायतका अन्य देवीदेवताहरूको मुहार नै फेरिएको आभास हुन्छ । यो ठाउँ अहिले सफा, सुन्दर, शान्त र मनोरम लाग्छ ।'

प्राचीनता र नामकरण

धार्मिक दृष्टिले भक्तपुरलाई एक आँखाबाट मात्र हेर्‍यौं भने अर्को आँखा दृष्टिविहिन भई खुलेको एक आँखा पनि दृष्टिभ्रममा परी सत्य-तथ्य कुरा नै ओझेलमा पर्न जान्छ । भक्तपुरलाई मात्र किन ! पूरै नेपाललाई नै लिऊँ । नेपालमा प्राचीनकालदेखि चलीआएका दुई मुख्य धार्मिक मतहरू हिन्दू धर्म र बौद्ध धर्म नै हुन् । नेपाल नै एक यस्तो देश हो जहाँ विश्वप्रसिद्ध यी दुई महान धर्महरू उहिलेदेखि आजसम्म पनि धार्मिक समन्वय र सांस्कृतिक एकता, सह-अस्तित्व-सद्भावको भावना र व्यवहार राख्दै एकसाथ समृद्ध रही आएका छन् । यो विश्वकै एक दुर्लभ उदाहरण हो । हाम्रो सुकुलढोकाको काखमा संगै बस्दै आएका लुँ विहार र दोलखा-भीमसेन यस कुराको अपवाद होइन ।

बौद्ध धर्मको एक प्राचीन थलो भक्तपुर पनि हो । बौद्ध धर्मको उषाकालदेखि नै भक्तपुरले पनि यस धर्ममा देखापरेका

उल्लेख्य युगान्तकारी-परिवर्तन र विकासलाई आत्मसात् गर्दै आइरहेको ऐतिहासिक तथ्यका प्राचीन-साक्षहरू संगालेर राखेकै छ । भक्तपुर को उत्तरपूर्वीभेकका साँखु वज्रयोगिनीको 'गुंविहार', वागेश्वरीस्थित वागहिटीको 'उद्योतक विहार' लगायत च्यामासिंहको 'भिक्षुणी संघ' र त्यसका 'शाक्य भिक्षु/सोमनाथ' यस कुराका प्राचीन-प्रत्यक्ष-साक्षहरू हुन् । यी नितान्त दुर्लभ, महत्त्वपूर्ण एवं प्राचीन साक्षहरू सम्बद्ध स्थानहरूमा हाल पनि हाम्रो सामु कैयन् शताब्दी अघिदेखि खडा रहँदै आएका लिच्छविकालीन शिलापत्रहरूमा अभिलेखित भएर रहेका छन् । यी साक्षहरूका आधारमा लिच्छविहरूको आगमनभन्दा पनि अघिदेखि नै यहाँ बौद्ध धर्म लोकप्रिय रही आएको, बौद्धधर्ममा भर्खरै मात्र देखापरेका महासांघिक, महायान सम्प्रदायहरूले खासगरी भक्तपुरको उत्तरपूर्वीभेकतिर पनि प्रवेश पाई महायान सम्प्रदायको पवित्र स्थानका रूपमा प्रसिद्धि पाउँदै आएको एवं गुंविहारका प्रसङ्गमा त किरातकालतिरै यहाँ विहार स्थापना भइसकेको कुरा निश्चित रूपले थाहा हुन आएको छ। इतिहासका दृष्टिले, बौद्ध धर्मको महायान मन्त्रयानको सौम्य-मार्ग हुँदै तान्त्रिक संसारको चरम-उत्कर्षमा पुग्दा 'वज्रयान' कहलियो । यहाँसम्म आइपुग्दा बुद्धको मानव व्यक्तित्वले दिव्य रूप धारण गरिसकेको थियो । मलाई लाग्छ, नेपालमा सातौँ शताब्दीदेखिको बौद्ध धर्मलाई महायानको मार्ग हुँदै तान्त्रिक बौद्ध धर्म - 'वज्रयान' को दृष्टिबाट हेर्नु पर्छ र बुझ्नु पर्छ अनि मात्र यथार्थ कुरा पत्ता लाग्छ । के हिन्दू ! के बौद्ध ! नेपालका धार्मिक सम्प्रदायहरूलाई एउटै छाता मुनि ल्याएर जोड्ने, काँधमा काँध मिलाएर लाने काम छैठौं-सातौँ शताब्दीदेखि तन्त्रले गर्दै आएको विदित हुन्छ । तान्त्रिक संसारमा पुगेपछि सम्प्रदायभेद गौण हुन पुग्छ । इतिहासकार धनवज्र वज्राचार्यका अनुसार 'शैव र बौद्ध दुवै धार्मिक सम्प्रदायमा अनुष्ठान, तन्त्रमन्त्रले भित्रभित्रबाट बढी स्थान पाएपछि एक सम्प्रदायको अर्को सम्प्रदायमा असर परेको देखिएको छ ।' महाकाल, वज्रभैरव, वज्रेश्वर, तारा, योगिनी, कुमारी आदि तान्त्रिक संसारका केही उल्लेख्य देवता हुन्। सौम्य रूपका महादेवको एक विकराल रौद्र रूप 'महाकाल'

हो । बुद्धको उही मानव व्यक्तित्त्व उग्र रूपको वज्रयानमा पुग्दा वज्रभैरव हुन पुग्छन्। वज्राचार्यका अनुसार वज्रयानीहरूले महाकाललाई 'वज्रभैरव' को संज्ञा दिएका छन् । यसरी तन्त्रप्रधान धर्मको लोकप्रियता, धार्मिक-सांस्कृतिक जीवनमा वज्रयानको दिनानुदिन बढ्दै गइरहेको प्रसिद्धि एवं प्रसारका कारण भिक्षु भिक्षुणीहरू बस्नका लागि मात्र नभएर, तान्त्रिक ढङ्गको शिक्षा-दीक्षा दिन, कर्मकाण्ड लगायतका अनेक संस्कारहरू सम्पन्न गर्नाका लागि पनि विहारहरू अपरिहार्य हुँदै आयो । हाम्रो लुँ विहार पनि सोही पृष्ठभूमिमा बनेको विदित हुन्छ । साथै यसै विहारमा, परवर्तीकालमा भीमसेन किन स्थापित हुन पुगेको होला भन्ने कुराको औचित्य पनि एकैसाथ खुल्छ । किनकि भीमसेन पनि एक तान्त्रिक देवता हुन् । तन्त्रका दृष्टिले, यिनी पनि महाकालकै एक रूप भीमेश्वर - 'भीमसेन' भएका हुन् । 'भीम-भैरव' भएका हुन् भन्ने कुरा पनि जानिन्छ । यसरी नै सुकुलढोकाको सानो तान्त्रिक संसारभित्र हामी लुँ विहार देख्छौं जहाँको मूलगन्धकुटीको अवशेषमा आज पनि शाक्यमुनि बुद्ध ध्यानमुद्रामै छन् जहाँको परिसरमा भीमसेनमन्दिर पनि अटाएकै छ । यहाँ पनि सम्प्रदाय भेद गौण हुन पुगेको छ । यसैले त भीमसेनका साथमा द्रौपदी लगायत वज्रयोगिनी, खड्गयोगिनी पनि देख्छौं । अनि उनीहरूका साथमा यहाँ महाकाल-भैरव, क्वापाद्य,गणेश, सरस्वती, चैत्य, लगायत वज्रसत्व छन् ।

यस विहारको संघमा रहेको, ज्योतिर्मल्लको पालाको, ताडपत्रमा लेखिएको पंचरक्षा नामको एक हस्तलिखित ग्रन्थको समाप्तिवाक्यमा यस विहारलाई 'शुकुध्वाखा वहि' भनी सम्बोधन गरिएको छ । यो कुरा महत्त्वपूर्ण छ । त्यसको अंश यस प्रकार छ :

'...श्रीश्री(ज)यज्योतिमल्लदेवप्रभूथाकूलसःविजयराज्यःश्रीभक्तापूरीति विख्याताः शुकुध्वाखा वहि ...'

ने.सं.७२३ (वि.सं.१६६०) को गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवन

मल्लहरूको शिलाभिलेख (परिशिष्ट,संख्या १, चित्र संख्या २) मा पनि यस विहारको उल्लेख आएको छ। सो शिलाभिलेखमा यस विहारलाई 'शुकूध्वाका वाहालछैं' भनी सम्बोधन गरिएको छ।

माथिका प्रमाणहरूले भीमसेनमन्दिर भन्दा पनि निकै पुरानो लुँ विहार हो भन्ने कुरा पत्ता लाग्छ। जयज्योर्तिमल्लको राज्यकाल (वि.सं.१४६५-१४८५) भन्दा अघि नै यहाँ विहार थियो र सो विहार ज्योतिर्मल्ल पछिको दुई शताब्दीपछि सम्म पनि अर्थात् गंगादेवीहरूको पालासम्म पनि 'शुकुध्वाखा वही' नामले नै प्रख्यात रही आएको कुरा पनि निश्चित रूपले जानिन्छ।

उल्लेख्य कुरा के छ भने जयज्योतिर्मल्लको राज्यकालमा 'शुकुध्वाखा वही' नामले लोकप्रिय रहेको आजको लुँ विहारले ६ सय वर्ष पार गरिसकेको छ। यो आज पनि हाम्रो सामु आफ्ना बचेखुचेका अवशेषहरू लिएरै भए पनि हाम्रा सामु अस्तित्ववान् छ। यो कुरा महत्वपूर्ण एवं विचारणीय छ। अब अनुमान गरौँ, ज्योतिर्मल्लको पालाभन्दा कति अघिदेखि यो विहार यहाँ थियो त ! यसको अनुमानित-उत्तर निश्चितप्रायः लाग्छ : ६ सय वर्ष अघि ?! यस आधारमा पन्ध्रौँ शताब्दीतिरै प्रसिद्ध भइसकेको यो विहार यहाँ लिच्छविकालीन माखोपृङ्द्रङ्ग गुलजार रहेको एवं तान्त्रिक बौद्ध धर्म - 'वज्रयान' र यसको 'सिद्ध परम्परा' समेत विकसित भइरहेको समयतिरै वा भनौँ नवम शताब्दीतिर बनिसकेको थियो भनी मान्न सकिन्छ। यस कुरालाई पुष्टि गर्ने अर्को एक आधार यही विहारको मध्यभागमा वा भनौँ भीमसेनमन्दिरको ठीक सामुन्ने रहेको चैत्यलाई पनि लिन सकिन्छ। (चित्र संख्या ५)

लुँ विहारको उत्तर दलानको ने.सं.७२३ को अभिलेखमा तीनवटा चैत्यहरू तीन फरक -फरक स्थानहरूमा, फरक-फरक समयमा बनाएको कुरा परेको छ। तुलाछेँटोलमा त्रिपुरसुन्दरी

देवगृहको दक्षिणपट्टि आज पनि गंगादेवीहरूको शिलाभिलेखसहितको एक चैत्य छ । सो चैत्य ने.सं.७०३ मा बनेको कुरा सोही चैत्यको अभिलेखको अतिरिक्त लुँ विहारको यस अभिलेखमा 'तुपलाछस चेत भार दयका दिन सम्वत् ७०३' उत्कीर्ण भएबाट पनि जानिन्छ । ने.सं.७०९ मा यसै विहारको चोकको मध्यभागमा 'चैत्य' र 'दिगि वज्रजोगिनी' बनाएको कुरा पनि यस अभिलेखमा यसरी आएको छ : 'लिवि दथुस चेट भाड, दिगि वज्रजोगिनि, दयका दिन, सम्वत ७०९' । स्मरण रहोस् ! भीमसेनमन्दिरभित्रै भीमसेनको मूर्तिको दायाँपट्टि सालिगसंगै पनि एक चैत्य छ । यताबाट हाल चोकको मध्यभागमा रहेको चैत्य (चित्र संख्या ५) सो अभिलेखमा वर्णित चैत्य होइन, भीमसेनमन्दिरभित्रको सो चैत्य हो भन्ने कुरा खुल्छ ।

लुँ विहारको उत्तर दलानको ने.सं.७२३ को सो अभिलेखमा 'यंथलीस चेत भाड दयका दिन सम्वत ७१२ माघशुक्ल पंचमि ॥ ' भन्ने उल्लेख आएको छ । भक्तपुर सहरको पूर्वमा वडा नं ४ स्थित कमलविनायक पोखरी लगायत सो क्षेत्रको दक्षिणपूर्वी भाग 'यांथु' नामले जानिन्छ । यांथुकै पूर्व रूप सो अभिलेखमा आएको 'यंथली' हो । सो पोखरीको पूर्वी किनारमा तीनवटा चैत्य लगायत गणेशमन्दिर छन् । यी चैत्य स्थापित परिसर 'याथुर'/'यातु विहार' एवं सो गणेशमन्दिरका गणेशसमेत 'यातु गन्धः' नामले प्रख्यात रही आएको छ । यताबाट तत्कालीन यंथलीमा ने.सं.७१२ मा बनेको चैत्य सोही पोखरीको किनारमा रहेको चैत्य हो भन्ने कुरा जानिन्छ ।

यति कुरा बुझेपछि हामीले माथि चर्चा गरेको हाल लुँ विहार वा भनौ भीमसेनमन्दिरको ठीक सामुन्ने रहेको यो चौथो चैत्यको बारेमा सो अभिलेख मौन रहेको कुरा निश्चित रूपले जानिन्छ । यताबाट गंगादेवीहरूको समयभन्दा अघि नै सो चैत्य त्यहाँ थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

हालै **श्री सुकुलढोका दोलखा-भीमसेन लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**ले जीर्णोद्धार गरी व्यवस्थित ढङ्गले पुनःस्थापित गरेको यो चैत्यलाई सर्सर्ती हेर्दा सग्लो जस्तो देखिए तापनि अलिकता गहिरिएर हेर्‍यौं भने यथार्थमा यो खण्डित रूपको रहेछ ; खण्डित भएको हुनाले यसको मूल गर्भलाई पछि यसको तल र माथि अन्य भागहरू थपि जोडेर यसलाई त्यस रूपमा सग्लो पारिएको रहेछ भन्ने कुरा स्पष्टै देखिन्छ। जोडिएका ती प्रस्तर-भागहरू पनि तीन फरक कालखण्डका वा भनौं उत्तरप्राचीन, मल्लकालीन र आधुनिक कालका छन् । यसको आधारपेटी चतुष्कोणाकार छ जसको चारैतिरका गवाक्षहरू ध्यानी बुद्धका प्रतिमाहरूले युक्त छन्। मल्लकालमा बढ्ता प्रयोगमा आउने प्रस्तरले यो आधारपेटी बनेको छ । यसका ध्यानी बुद्धमूर्तिहरू लगायत आधारपेटीको कलाशैलीले खासगरी सोह्रौं-सत्रौं शताब्दीतिरको मल्लकालीन प्रस्तर कलाशैलीलाई सम्झाएको छ । सो आधारपेटीमाथि गुम्बज आकारको वा भनौं अर्ध गोलाकार प्रस्तर-गर्भ छ । चैत्यको पुरानो र बचेखुचेको मूल भाग पनि यही नै हो । समयको मारले सो गर्भको आफ्नै त्रयोदशभुवन भने टुटेर हराइसकेको छ। त्यसको ठाउँमा अर्को खस्रो-फूस्रो प्रस्तरको भद्धा खालको त्रयोदशभुवन राखिएको छ । त्यसरी फेरिएको सो त्रयोदशभुवनले आधुनिक कालमा आएर अन्तिम सास छोड्न मात्र बाँकी रहेको नेपाली प्रस्तरकलाको स्मरण हुन्छ । सो गर्भको तलतिरको पूरै भाग सीमेन्टले प्लाष्टर गरिएको छ र हेर्दा ज्यादै भद्धा लाग्छ । त्यसमाथि यो गर्भ छ । यो गर्भको प्रस्तर लिच्छविकालमा प्रस्तर कलाकृति निर्माणमा चयन गरिने आकर्षक कडा प्रस्तरसित मेल खान आएको छ । यस गर्भको पींधमा एक सरो घेरा पनि बनेको छ। सो घेरामाथि लहरै साधारण तर सुन्दर फूलबूट्टाहरू कुँदिएका छन्। यस्तो लाग्छ, समयको मारमा, सयौं वर्षको घामपानी, मानवस्पर्शले ती ज्यादै खिइसकेका देखिन्छन् । यसरी सो गर्भको प्रस्तर, त्यसमा देखापर्ने एकसरो घेरा र त्यसमाथिका साधारण फूलबूट्टाहरू र समग्रमा यसको कला शैलीले काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा

आज पनि कुनै न कुनै रूपमा वर्तमान रही आएका लिच्छविकालीन चैत्यहरूलाई झल्झली संझाइरहेको छ। समृद्ध नेपाली प्रस्तर कलाको स्वर्ण युग लिच्छविकाल हो । चैत्यको यो अवशिष्ट-गर्भले पनि त्यही युगको प्रतिनिधित्व गरेको छ । काठमाडौं, पाटन र भक्तपुरकै टौमढीटोल, गहिटी, दतात्रयस्थान लगायत केही काल अघि मात्र फेलापरेका झौखेलका लिच्छविकालीन चैत्यहरूसित यसको जात र यसको कलाशैली मिल्न आएकोले यसलाई आठौं-नवौं शताब्दीतिर राख्न सकिन्छ । यसरी यो चैत्यको सो गर्भ लिच्छविकालतिरको देखिन आएको आधारमा आजको भौतिक अस्तित्व हराइसकेको हाम्रो लुँ विहार लिच्छविकालको उत्तरार्द्धतिर वा भनौं नवौं शताब्दीतिरै यहाँ अस्तित्वमा आइसकेको दृष्टिगोचर हुन्छ ।

मल्लकालीन ऐतिहासिक सामग्रीहरूमा कतै पनि यस विहार लाई 'सुवर्ण विहार' वा 'लुँ वहि' वा 'लुँ विहार' भनेको पाइएन। यताबाट स्थान-नामका आधारमा पूर्वकालमा यो विहार 'शुकुध्वाखा वहि' नामले स्थानीय लोकजीवनमा प्रचलित रहेको एवं त्यसकै पछिल्लो कालतिर संस्कृत तथा नेवारीमा रूपान्तरित हुनपुगेका नामहरू 'सुवर्ण विहार' र 'लुँ विहार' हुन् भन्ने कुरा ज्ञात हुन्छ ।

सुकुलढोका-दोलखा-भीमसेन

लुँ विहारमा पूर्वाभिमुख, छाने शैलीको तीन तले मन्दिर छ । (चित्र संख्या ६, पृष्ठ संख्या ७६ को चित्र पनि द्रष्ट्रव्य छ) सो मन्दिरको भुइँ तलाको मूल-गर्भस्थानमा त्यस मन्दिरका मूलदेवता भीमसेन आलीढमुद्रामा विराजमान रहीआएका छन् । (चित्र संख्या ७) यिनी पूर्वाभिमुख छन् ।

सुकुलढोकाको लुँ विहारभित्र रहेको उक्त भीमसेनमन्दिर यसको पश्चिमपट्टि घरको गारोसित टाँसिएर उठेको छ जसले गर्दा त्यताको भाग छानारहित हुनपुगेको छ । तर यसको उत्तर, दक्षिण र पूर्वमा भने अरू छाने शैलीका मन्दिरमा जस्तै छानाहरू छन् । यस्तो ढाँचा र शैलीले यो मन्दिरलाई केही बेग्लै विशेषता भएको मन्दिरको रूपमा प्रस्तुत गरेको छ । घरको गारोसित जोडिएर बनेका यस्ता केही विरलाकोटि मन्दिरहरू अन्यत्र पनि देखापर्छन् । यसले यहाँनिर भक्तपुर याछेँ टोलको पश्चिमाभिमुख छाने शैलीको गणेशमन्दिरलाई विशेष संझाएको छ। तर यस भीमसेनमन्दिरको सबै भन्दा माथिल्लो तला भने चारैतिर छानाले युक्त छ ।

लुँ विहारको उत्तर दलानको ने.सं.७२३ को गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवन मल्लहरूको अभिलेखमा अनेक समयमा विभिन्न देवीदेवता र चैत्यहरू स्थापना गरिएको उल्लेख छ। यो कुरा महत्त्वपूर्ण छ । सो अभिलेखमा 'श्री २ भिमसेन, दूर्प्वती थापना दिन, सम्वत ७१२ आश्विनशुक्ल, पंचमि' भनी भीमसेन र द्रौपदीको स्थापना सम्बन्धी कुरा पनि उत्कीर्ण छ । भीमसेनमन्दिरको गर्भस्थानमा भीमसेनको मूर्तिको बायाँपट्टि अष्टबाहु भएकी देवीको मूर्ति पनि रहेको छ जुन स्थानीय लोकजीवनमा 'द्रौपती' (द्रौपदी) भनी प्रसिद्ध रहीआएको छ। यताबाट द्रौपदीसहितको यो भीमसेन मूर्तिको स्थापना ने.सं.७१२ (वि.सं.१६४९) मा भएको रहेछ भन्ने कुरा निश्चित रूपले

ज्ञात हुन्छ ।

उक्त प्रसङ्गमा विचारणीय कुरा के छ भने गंगादेवीहरूको ने.सं.७२३ को अभिलेखमा भीमसेन र द्रौपदीको मूर्ति स्थापना भएको कुरा मात्र आएको छ, देवल-प्रतिष्ठासम्बन्धी कुरा भने परेको छैन । यताबाट हाम्रा भीमसेन महाराज प्रारम्भमा सुकुलढोकाको लुँ विहारभित्रको खुला आकाशमै प्रतिष्ठापित थिए, उनका लागि मन्दिर बनिसकेको थिएन भन्ने कुरा पनि निश्चित रूपले थाहा पाइन्छ । साक्षात् शक्तिशाली देवता हुँदा छत हालेर छोपेको भीमसेनलाई मन पर्दैन भन्ने लोकधारणा पनि छ । उदाहरणका लागि दोलखा जिल्लाका प्रसिद्ध भीमसेनमन्दि लगायत भक्तपुर नगर वडा नं ११ स्थित भेलुखेलका परदेशी-भीमसेन (दोलखा भीमसेन) मन्दिर पनि छत नभएका खुला रूपका छन् । तर जे होस् ! सुकुलढोकाको लुँ विहार भित्र गंगादेवीहरूले भीमसेनको मूर्ति स्थापना गरेको ६ दशक पछि भने मन्दिर बनेको कुरा यस विषयका दुईवटा अभिलेख प्रमाणहरूले एकसाथ बताउँछन् । भीमसेनमन्दिरको भण्डारको कुतु दुवार (कुतु नामका द्वारे) को ने.सं.७७२ को ताम्रपत्रबाट यो मन्दिर उनले बनाएको ज्ञात हुन्छ । (परिशिष्ट, संख्या २) त्यस्तै भीमसेनमन्दिरको पूर्वपट्टि भजनघर छ । सो घरको पहिलो तलाको बीचमा भ्यालबाहिरै एक प्रस्तर सालिग (चित्र संख्या ८) रहेको छ । सो सालिगको पादपीठमा दुई पंक्तिको अभिलेख पनि कुँदिएको छ । सो अभिलेख तत्कालीन एक प्रभावशाली भारादार शिवसिंहको रहेको र उनले भीमसेनमन्दिर बनाई आफ्नो सालिग पनि राखिदिएको कुरा थाहा पाइन्छ । यसरी ने.सं.७७२ को ताम्रपत्रमा कुतु दुवारले मन्दिर बनाएको कुरा परेको र सालिगको पादपीठको अभिलेखमा पनि 'सम्वत् ७७२ सालं सिवसिंह भारो नं देग दयेका ' भन्ने कुरा परेको प्रसङ्गतिर विचार गर्दा तत्कालीन समयमा कुतु दुवार र शिवसिंहरू मिलेर यो मन्दिर बनाएको देखिन्छ । सो सालिगका शिवसिंह दायाँ घुँडा टेकी, विन्तिमुद्रामा भीमसेनमन्दिरतर्फ अभिमुख छन् ।

नामकरण

सुकुलढोका लुँ विहारभित्रका हाम्रा भीमसेनले संसारकै ठूलो महाकाव्य महाभारतका एक बलशाली नायक भीमसेनलाई मात्र नभएर उनका शक्ति द्रौपदीलाई पनि संझाएको छ । यसैले यहाँ पनि उनी द्रौपदीकै साथमा छन् । महाभारतकालका पञ्चपाण्डवमध्ये एक, द्वितीय पाण्डुपुत्र भीमसेन आजभन्दा झण्डै तीन हजार पाँच सय वर्ष पुरानो भइसेकेको अनुमान हुन्छ । नेपालमा चाहिँ उनको प्रचार प्रसार ईसवीको बाह्रौं शताब्दीदेखि हुन थालेको देखिन्छ । अनि उनको दर्शनपुजन भने ईस्वीको पन्ध्रौं-सोह्रौं शताब्दीदेखि व्यापक रूपले बढेर आएको विदित हुन्छ । दोलखाका सबैभन्दा प्रतिष्ठित देवता भीमेश्वर (दोलखा-भीमसेन) लगायत काठमाडौं, ललितपुर र भक्तपुरका खासगरी तात्कालिक व्यापारिक दृष्टिले महत्वपूर्ण स्थान वा मार्गमा रहेका प्रसिद्ध भीमसेनस्थानहरूमा स्थापित प्रख्यात भीमसेनहरू उदाहरणस्वरूप छन् । नेवार लोकजीवनमा भीमसेन 'भिसिन्द्य' वा 'भिन्द्यः' साझा-नामले प्रख्यात रही आएका छन् । त्यसैगरी उनको एक विशिष्ट साझा-नाम 'दोलखा-भीमसेन' पनि चलेर आएको छ । काठमाडौं र ललितपुरका प्रसिद्ध भीमसेनहरू मात्र नभएर भक्तपुर जिल्लामै पनि मध्यपुर ठिमी नगरको मूलबाटो किनारमै स्थापित भीमसेन लगायत भक्तपुर नगरमा पूर्वतिर लाग्ने मूलमार्ग छेउमा स्थापित भेलुखेलका परदेशी-भीमसेन र सुकुलढोकाको मूलमार्गको छेउमा, लुँ विहारभित्रका हाम्रा यी भीमसेन महाराज पनि 'दोलखा-भीमसेन' भनी प्रसिद्ध रही आएका छन् । त्यस्तै भक्तपुर खौमा टोलस्थित इन्द्रायणी देवगृहसंगै स्थापित भीमसेन पनि 'दोलखा भीमसेन' हुन् । तन्त्रप्रधान धर्मले अत्यधिक प्रभाव पारेको मध्यकालीन नेपालको मध्यकालतिर सर्वाधिक प्रतिष्ठित देवी देवताका ईश्वरत्वलाई तान्त्रिक विधिविधानद्वारा आफ्नो ठाउँमा सारेर ल्याई पुजा अर्चना गर्ने प्रवाह अत्यन्तै चलेको थियो । यस कुराका दृष्टान्त थुप्रै छन् । भक्तपुरकै उदाहरण लिउँ । संसारका

सारा हिन्दूहरूका प्रसिद्ध चारधाम भक्तपुर दरबारक्षेत्रमा पनि छ। वज्रयोगिनी, गुह्यश्वरी, करूणामय, रातो मत्स्येन्द्रनाथ, पशुपति, गोसाईकुण्ड, मानसरोवर, वृद्धगंगा, मुक्तिनाथ, दक्षिणकाली, हरसिद्धि, मनकामना, काशी-विश्वनाथ, बूढानीलकण्ठ, चाँगुनारायण इत्यादि यहाँ पनि छन्। यी देवताहरूको पुजा अर्चना गरेमा अन्यत्र टाढाको देवस्थलमा जानु पर्दैन भन्ने परम्परा आज पनि वर्तमान छ। दोलखाका भीमसेन र नेपाल उपत्यकाका 'दोलखा' भीमसेनहरू त्यस कुराका अपवाद होइनन्। उपत्यकाका भीमसेनहरूका बारेमा प्रचलित किंवदन्तीहरू प्रायः एकनासका छन्। जस्तै : दोलखाका भीमसेन भरियाको भारीमा बसेर वा भरिया भएर उपत्यकामा आएको र उनी भीमसेन महाराज भएको रहस्य खुलेपछि उनको मूर्ति यहीँ स्थापना गरेको किंवदन्तीको मूल सारले यहाँका प्रख्यात भीमसेनहरूलाई दोलखा-भीमसेनकै सदृश् रहेको देखाएको छ। यताबाट पनि उक्त कुराको पुष्टि मिल्छ। अनि दुई लाख पल्ट चक्कर मार्दा पनि उही ठाउँमा पुगिने हुँदा 'दोलखा' कहलिएको रोचक जनश्रुतिले पनि त्यस्तो विशिष्ट स्थानमा विराजमान भएका भीमसेन महाराजहरू 'दोलखा-भीमसेन' भनी प्रख्यात हुनपुगेको कुरा पनि यहाँनिर द्रष्टव्य छ। यति कुरा जानिसकेपछि हाम्रा सुकुलढोकाका भीमसेन पनि चानचुने नभएर दोलखा-भीमसेनको विशेषण पाएका उच्चकोटीका भीमसेन रहेछन् भनी मान्नु पर्ने हुन्छ। अनि जेठा सुकुध्वाखा वही वा लुँ विहारकै काखमा कान्छो दोलखा भीमसेन पनि स्थापना भएपछि भने त्यसबेलादेखि यी जेठा कान्छा दाजुभाइ (लुँ विहार र सुकुलढोका दोलखा-भीमसेन) समग्रमा 'भिन्द्यःवही' भनी साझा-नामले स्थानीय लोकजीवनमा व्यवहृत हुँदै आएको छ। यो नाम स्वयंले पनि धार्मिक समन्वय र सांस्कृतिक एकताको एक अनुपम उदाहरण प्रस्तुत गर्दछ।

२
कलाकृति विवरण

सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेनका बारेमा ऐतिहासिक विश्लेषण गरी तिनका बारेमा हामीले नयाँ कुरा थाहा पायौं । त्यसैगरी यस स्थानका मुख्य-मुख्य कलाकृतिका बारेमा तल विवरण प्रस्तुत गर्दै तिनका बारेमा जानकारी राख्नु इतिहास र पुरातत्त्वका दृष्टिले पनि उपयुक्त देखिन आउँछ । केही कलाकृतिका बारेमा माथि पनि चर्चा भइसकेको छ ।

मूल प्रवेशद्वार (चित्र संख्या १)

काष्ठनिर्मित, कलात्मक तोरणले शोभित यो प्रवेशद्वार उत्तराभिमुख छ । दायाँ बायाँ एकजोडी प्रस्तर सिंहमूर्तिले समेत सुहाएको यो द्वारबाट भित्र पसेपछि लुँ विहार, दोलखा-भीमसेनस्थानमा पुगिन्छ । यस कुराको चर्चा हामीले माथि आरम्भमै पनि गरिसकेका छौं ।

तोरणले सजाइएको यस्तो प्रवेशद्वारले समृद्ध नेपाली काष्ठकलाको मौलिक नमुना प्रस्तुत गर्दछ । विहार, मठ, मन्दिर, दरबार लगायतका आगमघर तोरणयुक्त ढोकाहरूले आकर्षित ढङ्गबाट अपरिहार्य रूपमा भने झैं सजाएर राख्ने मौलिक परम्परालाई यस प्रवेशद्वारले पनि स्मरण गराएको छ । यस प्रवेशद्वारको माथि रहेको अर्द्धगोलाकार तोरण (चित्र संख्या ९) को बीचभागमा सप्तनागको अर्द्धगोलाकार नागपाशभित्र मुख्य देवता भीमसेन आलीढ मुद्रामा फूर्तिलो ढङ्गले उभिएका छन् । उनले दायाँ हातमा गदा लिएका छन् र बायाँ हात छातिसम्म पुऱ्याएर कापालिक मुद्रा प्रर्दशित गरेका छन् । विहार, मन्दिर लगायत आगमघरका भित्रिभागमा स्थापित

मुख्य देवताका मूर्ति/आकृतिलाई प्रायः जस्ताको तस्तै तोरणको बीच भागमा पनि दर्शाइएको हुन्छ । यताबाट तोरणका देवतालाई मात्र हेरेर पनि मन्दिर विहारभित्र कुन देवता रहेछन् भनी सजिलैसित थाहा पाउन सकिन्छ । यस तोरणका भीमसेनको आकृति र मन्दिरको भित्रिभागमा स्थापित मुख्य देवता भीमसेनको मूर्ति दुरूस्त उस्तै छ । यस नमुनाले पनि नेपाली तोरण-संस्कृतिको एक मौलिक विशेषताको आभास मिल्छ ।

मूल प्रवेशद्वारमाथिको सो तोरणको बीच भागमा भीमसेनको दायाँ बायाँ आलीढ एवं प्रत्यालीढ मुद्रामा उभिएका एकजोडी चतुर्बाहु देवगण (दायाँ गणेश र बायाँ द्रौपदी) छन् । त्यसदेखि दायाँ बायाँ मोतिका झुप्पा च्याप्दै गरेका दुईवटा मकराकृति, घुम्रिएको फूल झैं लाग्ने बादलका दुई आकृति एवं त्यसदेखि माथिका लहरहरूमा कलात्मक फूलबूट्टा लगायत निकै आकर्षक देखिने तिब्बती शैलीको एक जोडी उडने नाग (ड्रागन), एकै लहरमा पद्मासन मुद्रा कसी बसेका वज्रयानी शैली लक्षणका चार देवाकृतिहरू (देवी तारा), डाँठसहितको कमलको फूलमा बसेका दुई देवाकृति (शीर्षभाग झरिसकेको/खण्डित अवस्थामा) र सबभन्दा माथि पंचनागको छत्र ओढेका एक जोडी मानवाकृति-नागदेवहरूका माझ शीर्षस्थानमा मानवाकृति-गरूडमूर्ति रहेको छ । गरूडको छातिभन्दा माथिको छत्रसमेत रहने भाग हराइसकेको अवस्थामा छ ।

तोरणको माथिल्लो भाग केही भग्न छ । सयौं वर्षदेखिको हावाहुरी घामपानीले सो तोरणले त्यस्तो भग्न-नियति भोग्नु परेको हो भन्न कर लाग्छ । जे होस् ! त्यसले पनि उक्त तोरणको प्राचीनता बोध हुन्छ । स्थानीय बासिन्दाहरूका अनुसार सो तोरण निकै पुरानो रहेको र त्यसको बीच भागका मूलदेवताका मूर्ति चोरी भएपछि मन्दिरभित्रका भीमसेन, गणेश र द्रौपदीका मूर्तिहरूका दुरूस्त प्रतिआकृति करीब एक दशक अघि उक्त भागमा पुनःप्रतिष्ठापन गरिएका हुन् ।

दूरसिंह खगि (खड्गी) र रखम्हि खगिडिनी (लक्ष्मी खड्गिनी) हरूको ने.सं.७७२ को ताम्रपत्र

सो तोरणयुक्त मूलप्रवेशद्वारबाट भित्र पस्नेवित्तिक्कै त्यसको भित्रपट्टिको चौकोसमाथि एक ताम्रपत्र (चित्र संख्या १०, परिशिष्ट ३ संख्या) ठोकिइराखिएको देख्न सकिन्छ। सो ताम्रपत्रको अभिलेखबाट थंकराछे (थालाछेँ टोल) का दूरसिंह खगि (खड्गी) र रखम्हि खगिडिनी (लक्ष्मी खड्गिनी) यी दुई स्त्री पुरुषले ने.सं. ७७२ (वि.सं.१७०७), मार्ग शुदि ६, शनिवारका दिनमा भीमसेनलाई एक जोर सासन (?) राखिदिएका रहेछन् भन्ने कुरा थाहा पाइन्छ।

यस ताम्रपत्रलाई अनेक दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ। वर्णाश्रम एवं जातीय व्यवस्था अनि जातपातका कुरा आज इतिहास र संस्कृतिको विषय भएको छ। नेपालको त कुरै छाडौं, पूरै विश्वमा उच्च जात, निम्न जात/पानी चल्ने, नचल्ने, छुत/अछुत जस्ता विषय आज गैरकानूनी कुरा भइसकेको छ। तर हिजो त्यस्तो थिएन। हिजोका हाम्रा दूरसिंह र लक्ष्मी खड्गिनीहरूको मध्यकालीन समाजको त कुरै छाडौं, ६ दशक अघिको आजकै आधुनिक नेपालमा समेत पनि त्यस्तो थिएन। यसरी वर्णाश्रम व्यवस्थामा आधारित जातीय व्यवस्था एवं जातपातका कुरा कट्टर ढङ्गले चलिरहेको त्यसबखतको नेवार समाजमा खड्गीहरूको ताम्रपत्र यहाँ पाउनु महत्त्वपूर्ण कुरा हो। दोस्रो महत्त्वपूर्ण कुरा, धार्मिक-सांस्कृतिक जीवनका ढुकढुकीका रूपमा रहेका सार्वजनिक महत्त्वका यस्ता पवित्र धार्मिक स्थलहरूमा आफ्ना कृति राखेर, त्यसको संस्मरण पछिसम्म भइरहोस् भन्नाका लागि अभिलेख समेत राख्ने संस्कृति तात्कालिक 'उच्च जात' भनिने वर्गमा मात्र नभएर 'अछुत' मानिने निम्न जातका वर्गमा पनि रहेछ भन्ने कुरा यसले देखाएको छ। धार्मिक स्थलमा कृति राख्नु/अभिलेख राख्नु धार्मिक कुरा मात्र नभएर सामाजिक हैसियत र प्रतिष्ठाको कुरा पनि थियो। यस कुरामा दूरसिंह खड्गीहरू पछि परेका थिएनन्,

बरू अग्रपंक्तिमै थिए भन्ने कुरा यो ताम्रपत्रले देखाएको छ । यदि त्यसो नहुँदो हो त यस देवस्थलमा दूरसिंहहरूले भीमसेन महाराजलाई एक जोर 'सासन' राखिदिई त्यसको अभिलेख राख्ने हैसियत राख्ने थिएनन्। यो चानुचुने कुरा थिएन, सामाजिक हैसियत र प्रतिष्ठाको कुरा समेत थियो। अर्को महत्त्वपूर्ण कुरा, भक्तपुरमा खड्गीहरूको हालसम्म प्राप्त पहिलो ताम्रपत्र-अभिलेख यही नै देखिन आएको छ। निश्चय नै सारा खड्गीहरूको गौरव बढाउने यो यस विषयको एक विरलाकोटि नमुना हो भनी मान्न सकिन्छ।

उक्त प्रसङ्गमा यहाँनिर आफ्नो मनका खुलदुली-कुरा पनि राखी हालौं। सो ताम्रपत्र निकैपल्ट पढीसकेपछि त्यसमा दूरसिंहहरूका पछिल्तिर लागेको 'खगि' खड्गी नभएर नेवार समुदायभित्रकै कुनै अन्य जाति त होइन ?' भन्ने शङ्काले पनि मेरो मन मष्तिष्कमा केही दिनसम्म हलचल मच्चाइरहेको थियो । अब कामलाई अघि बढाउनु अघि त्यो शङ्कालाई पहिले मत्थर पार्नु जरूरी हुन आयो । मैले यस बारेमा आफ्ना मित्रहरू विनोदराज शर्मा, सुरेशज्योति शाक्य लगायत विषयवस्तुसित प्रत्यक्ष सरोकार राख्ने खड्गी मित्रहरू : श्याम खड्गी (६३, भोलाछेँटोल-५), देवरत्न शाही (३८, चोछेँटोल-९), तुलसी शाही (७०, तलेजुका खड्गी-नाइके मध्येका एक/चोछेँटोल) हरूसित छलफल गरेँ, भाषिक आधार पनि खोजेँ । नेवारी शब्दकोश पनि पल्टाएर हेरेँ । सबै कुराले 'खगि' र 'खड्गी' उही हो भन्ने देखिन आयो । यसले यस कुरालाई थप पुष्टि गर्ने अन्य अभिलेखीय आधार (ऐतिहासिक स्रोत) पत्ता लगाउने मार्ग पनि मिल्यो । अनि दूरसिंहरूको ताम्रपत्रलाई मूल आधार मानी 'खगि' लाई पुष्टि गर्ने अन्य थप प्रमाणहरू खोज्नतिर लागें । सो ताम्रपत्रमा दूरसिंहहरूले आफूलाई 'थंकराछेँ' का भनेका छन् । यसरी उनीहरूले औंल्याएर देखाएको त्यही थंकराछे लाई पछ्याउँदै आजका खड्गीहरूका अतितका ऐतिहासिक 'खगि' हरू खोज्नतिर लागेँ ।

परम्परागत भक्तपुर सहर 'थने' (माथिल्लो) र 'कोने' (तल्लो)

गरी दुई भागमा विभक्त छ। यहाँ तल्लो भागको तुलनामा माथिल्लो भागमा खड्गीहरूको बसोबास ज्यादा देखिन्छ। परम्परागत रूपमा उनीहरूको बासस्थान सहर पस्ने प्रत्येक सीमा-नाकाक्षेत्रमा रहीआएको छ जसको स्वरूप आज पनि कुनै न कुनै रूपमा व्यवस्थित रूपले वर्तमान छ। माथिल्लो भागको सहरमा पनि अनेक नामका टोलबस्ती छन् जसमध्येको एक 'थालाछेँ' हो। अन्वेषणका क्रममा आजको 'थालाछेँ' नै दूरसिंहहरूले औंल्याएको 'थंकराछे' हो भन्ने कुरा देखिन आयो। सुकुलढोकाको लुँ विहार र दोलखा भीमसेनस्थानबाट यो टोल नजीकै उत्तरपूर्वमा पर्छ। थालाछेँटोल र यसको आसपासका क्षेत्रहरू जस्तै व्यासी, चोछेँ, भोलाछेँ, नगांचा, जँला, इनाचो, झोरतिला (गोमाह्री-याता) लगायत तचपालटोलको गुच्चा त्वः गल्ली जस्ता इलाकामा खड्गीहरूको परम्परागत-बसोबास रहेको देखिनआएको छ।

भीमसेन महाराज व्यापारीहरूका देवता हुन्। खड्गीहरू पनि परम्परागत नामी व्यापारी हुन्। यसैले उनी खड्गीहरूका पनि इष्टदेवता हुन्। मासुव्यापारमा खड्गीहरूको उहिल्यैदेखि एकाधिकार रही आएको छ जुन आज पनि प्रायः वर्तमान नै छ। उनीहरूले मासुव्यापार गरी देश दुनियाँलाई सेवा-सुविधा पुऱ्याउँदै आएका छन्। मानिसका आस्था र अनुभूति वास्तविक भौतिक-संसारको यथार्थताभन्दा पृथक र त्यो भन्दा निकै माथि उठी मन मस्तिष्कमा गडेर रहेको हुन्छ। आस्था र अनुभूति 'सत्य' भन्दा पनि उच्चकोटिको कुरा हो। उदाहरण भीमसेन र उनलाई मान्ने खड्गीहरूलाई नै लिउँ। आफ्नो व्यापारमा उनीहरूले भीमसेन महाराजबाट सदा साथ, सुरक्षा र आशीर्वाद समेत पाउँदै आएका छन्। भीमसेन महाराजलाई उनीहरूको व्यापार-संसारबाट अलग्याउँदा उनीहरूको व्यापार पटक्कै चल्दैन। यस कुराको एउटा उदाहरण उनीहरूका परम्परागत ढक-तराजुलाई नै लिउँ। उनीहरू तराजु र त्यसमा ढककै रूपमा प्रयोग हुने गोलो ढुङ्गालाई समेत साक्षात् भीमसेन मान्दछन्। यसैले

तराजुको डोरी फेर्नुपर्दा डराउँछन् र चैत्रमसान्तको दिनमा क्षमापुजा गरेर मात्र डोरी फेर्छन् । त्यही गोलो ढुङ्गालाई भीमसेन मानी सुंगुर बलिसहित पुजाअर्चना गरी आफ्नो व्यापार व्यवसायमा सुरक्षा, हौसला र थप उर्जा प्राप्त गर्छन् । आस्था र विश्वास अनि अनुभूतिको यो एक अनुपम उदाहरण हो । यही कुरा अर्थात् भीमसेन र खड्गीबीचको धार्मिक-सांस्कृतिक एवं व्यापारिक-तादात्म्यता हाम्रा दूरसिंह खड्गी र उनकी धर्मपत्नी लक्ष्मी खड्गिनीले सुकुलढोका भीमसेन स्थानमा राख्न लगाएको नेपालसंवत् ७७२ को यो ताम्रपत्रले पनि झल्झली संझाइरहेको छ । यति कुरा बुझेपछि 'खगि' र 'खड्गी' उही रहेछ भन्ने कुरा पनि खुल्न आयो ।

चोछेँटोल-९, छुमलननीका न्हुच्छेबहादुर खडगी/शाही (९०), तुलसी शाही, श्याम खड्गी, देवरत्न शाहीहरूका अनुसार खड्गीहरूको सि गुठी अन्तर्गत विस्केटजात्राताका, चैत्रमसान्तको दिनमा 'नायखिँ बाजा' बजाएर सुकुलढोकाको भीमसेनमन्दिरमा भीमसेन महाराजलाई पशुबलिसहित पुजाअर्चना गर्ने परम्परा छ । यो कुरा महत्वपूर्ण छ । आज पनि वर्तमान रहीआएको यो परम्पराले पनि दूरसिंह खड्गी र लक्ष्मी खड्गिनीहरूको ने.सं.७७२ को ताम्रपत्रलाई यहाँनिर स्मरण गराएको छ । यताबाट यो परम्परा दूरसिंहहरूको समयभन्दा पनि ६ दशक अघिदेखि अर्थात् भीमसेन महाराजको स्थापनाकालदेखि नै चलेर आएको कुरा निश्चित रूपले थाहा हुन्छ । अनि यस परम्पराले पनि खगि र खड्गी उही हो भन्ने कुराको थप पुष्टि मिल्छ ।

उक्त प्रसङ्गको निचोडमा निम्न कुरा जानिन्छ : विगतको थंकराछेँ आजको थालाछेँ हो । आजका खड्गीहरूका पूर्वज विगतको थंकराछेँका दूरसिंह खड्गी र लक्ष्मी खड्गिनीहरू हुन् । 'खड्गी' र 'खगि' उही हो । विगतमा 'खगि' र 'खड्गी' दुबै प्रचलनमा आएको देखिन्छ ।

खड्गीहरूको भैरवमन्दिर : छुमलननी, चोछेँटोल

सुकुलढोकाको दूरसिंहहरूको ताम्रपत्रले मलाई खडगीहरूको संसारमा, नजिकै ल्याएर उनीहरूमाझमा चिनाइसकेको थियो । श्याम खड्गीसित मेरो चिनजान त मेरो बुबा स्व. बद्रीलोचन श्रेष्ठकै पालादेखिको हो । मेरो बुबा एक कम्पाउण्डर हुनुहुन्थ्यो । सबैसित उत्तिकै मिल्न सक्ने स्वभावका कारण पनि उहाँ भक्तपुरमा निकै प्रसिद्ध हुनुहुन्थ्यो । दिनरात नभनीकन उहाँले भक्तपुरबासीहरूको सेवा गरी उनीहरूको मन पनि जित्नुभएको थियो । उहाँको नाम मात्र लिए पनि आधा रोग त निको हुन्छ भन्ने एकप्रकारको जनविश्वास नै चलेको थियो । यसरी मेरो बुबाको कारणले पनि मलाई भक्तपुरमा अन्वेषण गर्न सजिलो भएको हो । श्याम खड्गी र उनको परिवारलाई पनि मेरो बुबा नभइ हुँदैनथ्यो । यसैले उनी मलाई माया गरेर आत्मीय भावले 'पुरुषोत्तम भाइ' भन्छन् , अनि म पनि उनलाई आदर साथ 'श्याम दाइ' भनी बोलाउँछु । खड्गीहरूका बारेमा थप नयाँ कुराहरू जान्ने सिलसिलामा उनीमार्फत न्हुच्छे बहादुर शाही, तुलसी शाही र देवरत्न शाहीहरूसित पनि मेरो चिनजान भयो । त्यो चिनजानले खगि/खड्गीका बारेमा प्रकाश पार्ने थप नयाँ, महत्त्वपूर्ण अभिलेखीय सामग्री पत्ता लाग्न आयो । दूरसिंह र लक्ष्मी खड्गिनी उनीहरूका पूर्वज थिए जसको ताम्रपत्रका कुरा सुनाउँदा उनीहरू दंग परेका छन् । अनि हाम्रो चिनजान र कुराकानीकै क्रममा मैले श्याम दाइ र देवरत्नहरूसित 'अन्यत्र पनि कतै यस्तै अभिलेख छ कि ?' भनी सोधेँ । त्यसपछि उनीहरूले मलाई चोछेँटोलस्थित उनीहरूको भैरवमन्दिरमा लगे । यो कुरा २०६९, वैशाख ८ गते, शुक्रवारको थियो । यसरी दूरसिंहहरूको ताम्रपत्रले देखाएको खगि/खड्गीको बाटो हुँदै म उनीहरूको अर्थात् 'खड्गीहरूको भैरवमन्दिर' मा पुगेँ । त्यसबेला मेरो साथमा मेरा मित्र विनोदराज शर्मा पनि थिए ।

चोछेँटोलको घुमाउरो चौबाटोको उत्तरतर्फ, व्यासी झर्ने

ठाडो बाटोमाथि करीब ५ मिटर अग्लो, दक्षिणाभिमुख, गुम्बजशैलीको, नयाँ रङ्गरोगनले सजिएको एक ढुङ्गेमन्दिर छ । (चित्र संख्या ११) सो मन्दिर 'नाय् तेम्हा भैल द्यः' ('खड्गीहरूको भैरवमन्दिर') भनी प्रसिद्ध छ । उक्त मन्दिरपरिसरमा पनि खड्गीहरूको बसोबास छ । त्यहाँ सो मन्दिरपछाडि देवरत्न शाहीको घर र सो मन्दिरसंगै पछाडि दायाँपट्टि तुलसी शाहीको मासुपसल पनि छ । त्यो मन्दिरमा पुगेपछि देवरत्न शाहीले सो मन्दिरको पश्चिम भित्तामाथि औँल्याउँदै 'त्यहाँ अभिलेख छ ।' भनी देखाए । उनले औँल्याएको ठाउँमा एकछिन घोत्लिएर हेरें, केही देखिएन । अनि देवरत्नलाई सोधें ' खोइ त भाइ ! अभिलेख देखिएन ' । उनले तत्काल उत्तर दिए 'रङ्ग लागेकोले देखिएन होला !' त्यसपछि मैले स्टुलमा चढेर त्यहाँ रङ्गरोगनको आवरणभित्र लुकेको अभिलेखलाई सुम्सुम्याएँ । त्यसपछि तुरन्तै त्यसलाई भेट्टाएँ । खुशी लाग्यो, देवरत्नहरूलाई धन्यवाद दिएँ । अब सो अभिलेख ढाकिएको रङ्गरोगन सफा गर्नु थियो । तर त्यतिञ्जेल साँझ पर्न थालिसकेको थियो । अनि देवरत्नलाई सो अभिलेख सफा गरीराख्न अनुरोध गर्दै 'भोलि आएर हेरौँला, त्यसको पाठ पढौँला' भन्दै हामी घरतिर लाग्यौँ ।

भोलिपल्ट हामी दुबैजना साथीहरू खड्गीहरूको भैरवमन्दिरमा पुग्यौँ । तुलसी शाही र देवरत्नहरू त्यहीँ थिए । देवरत्नले सो. मन्दिरको अभिलेख सफा गरिसकेका रहेछन् । मैले स्टुल चढी सो अभिलेखको फोटो खिचेपछि त्यसको पाठ पढ्न लागें । विनोद चाहिँ कापि कलम लिएर मैले पढेको पाठ टिप्नतिर लागे । त्यहींका स्थानीय सर्वसाधारणहरू हाम्रो वरपर जम्मा हुँदै उत्सुक भएर हाम्रो कामकुरा हेरिरहेका थिए र अभिलेखका कुरा जान्न उनीहरू पनि उत्तिकै आतुर देखिन्थे । हामीले उनीहरूलाई पनि त्यो भैरवमन्दिरको अभिलेखका कुरा सुनायौँ । त्यसको तथ्य कुरा थाहा पाएपछि उनीहरू छक्क परेर खुशी भए ।

भैरवमन्दिरको भित्ताको ने.सं.८३३को सिद्धि, कृष्णेश्वरी खड्गीहरूको अभिलेखका कुरा

'थ्व झिम्हा भैल द्यः खः' (यी हाम्रा भैरवनाथ हुन्) भनी चोछेँटोल, छुमलननीका यी भैरवमन्दिरलाई तुलसी शाही र देवरत्नहरूले सगौरव भनेका कुराको अकाट्य एवं प्रत्यक्ष-साक्ष त्यही भैरवमन्दिरको भित्ताको नेपालसंवत्. ८३३ (वि.सं.१७७०) को शिलाभिलेख (परिशिष्ट ४ संख्या, चित्र संख्या १२) हो । नेपालसंवत् ८३३ मा सिद्धि र कृष्णेश्वरी दुईजना स्त्रीपुरुषले महाभैरवलाई प्रीति गरी सो भैरवमन्दिर बनाउन लगाई त्यसको हेरविचार हाकुसिं खड्गी लगायतका चारजना खड्गी प्रमुखहरू र च्छुमल ननीका मनहोरसिंले गर्नुपर्ने कुरा सो अभिलेखमा उल्लेख छ । यसरी खगि/खड्गीहरूका बारेमा खोज्दै जाँदा हाकुसिं खड्गीहरू मात्र नभएर खड्गीहरूका भैरवमन्दिरको तथ्य कुरा (इतिहास) पनि पत्ता लाग्न आयो । सो अभिलेखमा आएका सिद्धि, कृष्णेश्वरी, हाकुसिं र मनहोरसिंहरू आजका खड्गीहरूका पूर्वज हुन् । यी पनि हाम्रो खोजका महत्वपूर्ण उपलब्धि हुन् । खड्गीहरूले भैरवमन्दिर बनाउन लगाउनु चानचुने कुरा थिएन । धार्मिक-सांस्कृतिक कुरामा मात्र नभएर कलाकृतिले समृद्ध तुल्याउने कुरामा मल्लकालीन उपत्यकाका खड्गीहरू पनि अछुतो रहेनछन् भन्ने कुरा सो भैरवमन्दिरले पनि देखाएको छ। भैरव र भीमसेन उही हुन् र यी उनीहरूका इष्टदेवता हुन् भन्ने कुरा पनि प्रकारान्तरमा सो अभिलेख, भीमसेनलाई मान्ने खड्गीहरूको पारम्परिक-व्यापारिक विशेषता र भैरवमन्दिरका प्रसङ्गले जानिन्छ । यसरी थंकराछेका दूरसिंह, लक्ष्मी खगिहरू र चोछेँटोलका सिद्धि, कृष्णेश्वरी खड्गीहरूका अभिलेखहरूले 'खगि' र 'खड्गी' उही हो भन्ने कुरा निश्चित रूपले देखाएको छ । अनि यसै विषयको खोजिका क्रममा भीमसेन र भैरवका माथिका कुरा लगायत यस कुराको थप पुष्टि ठिमी सिद्धिकाली मार्गको बुसिं खगी र उनकी धर्मपत्नी हेला मइले राख्न लगाएको शक्तिसहितका भैरवको प्रस्तरमूर्ति (चित्र संख्या १३) र सो

प्रस्तरमूर्तिको पादपीठमा कुँदिएको ने.सं.७६५ (वि.सं.१७०२) को अभिलेख (परिशिष्ट ५ संख्या) बाट पनि मिल्छ । प्रसङ्गवश यस विषयमा तल चर्चा गरिन्छ :

ठिमीको बुसिं, हेला मइ खगीहरूको ने.सं.७६५ को अभिलेख (परिशिष्ट ५ संख्या, चित्र संख्या १३)

सरस्वतीलाई बाँड्दा बढ्छ ! सुकुलढोकाको दूरसिंह खड्गीहरूको ताम्रपत्रमा आएको 'खगि' बारेका कुरा मेरो अर्को मित्र योगेशराजसमक्ष राख्दा उनले ठिमीमा पनि खड्गीहरूको भैरवको पादपीठमा उत्कीर्ण एक मल्लकालीन अभिलेख छ भनी महत्त्वपूर्ण जानकारी दिए । उनले मलाई त्यस विषयको फोटोसहितको ई-मेल पनि पठाए । त्यो पनि हेरिसकेपछि समय मिलाएर मेरा मित्र विनोदराज शर्मा र म वैशाख ३१ गते, आइतबारका दिनमा भाइ योगेशले बताएको ठाउँ ठिमीको सिद्धिकाली मार्गतिर लाग्यौं ।

ठिमीको हात्ती महांकालबाट पश्चिमतर्फ सिद्धिकाली मन्दिर तिर लाग्ने 'सिद्धिकाली मार्ग' नामको ओह्रालो बाटो छ । हामी त्यही बाटो हुँदै केही पर पुगेपछि सो बाटोको उत्तरमा ढुङ्गेधारासंगैको एउटा पाटीमा पुग्यौं । सोही पाटीको पश्चिम भित्तामा योगेशराजले बताए झैं हामीले त्यो शक्तिसहितको भैरवमूर्ति (चित्र संख्या १३) को दर्शन पायौं । सो मूर्तिको पादपीठमा उत्कीर्ण तीन पंक्तिको संवत् ७६५ मिति अङ्कित अभिलेख (परिशिष्ट ५संख्या) पनि देख्यौं ।

त्यसपछि हामीले त्यो मूर्ति र त्यसको पादपीठमा उत्कीर्ण अभिलेखका बारेमा अध्ययन गर्न थाल्यौं । त्यसबेलामा त्यहींको ढुङ्गेधारामा एक युवती पानी भरिरहेकी थिइन् । तिनी हाम्रो काम पनि हेरिरहेकी थिइन् । अनि तिनले हामीलाई अभिलेखसहितको सो भैरवमूर्ति उनीहरूका पुर्खाले राखेको कृति हो भनेपछि ढुङ्गा

खोज्दा देवता मिले जस्तै तिनको नाऊँ ठाउँ सोध्दै त्यसबारेमा थाहा भएको कुरा बताइदिन अनुरोध गर्‍यौं । तिनी साइँली खड्गी (३२, लामाहिटी टोल, वडा नं.१०, ठिमी) रहिछिन् । खड्गीहरूको परम्परागत बासस्थान यस क्षेत्रमा पनि रहेको थाहा पार्यौं । तिनका पनि ठूलो बा स्व.बुद्धीबहादुर खड्गीले तिनलाई बताए अनुसार सो शक्तिसहितको भैरवमूर्ति पहिले माथि हात्ती महांकालसंगैको पाटीमा थियो । इन्द्रजात्राताका त्यहाँ पाँच पाथी समयबजी दान दिने चलन रहेको कुरा पनि तिनले हामीलाई बताइन् । सो पाटी भत्केपछि यहाँ ल्याएर राखिएको हो । खड्गीहरू सो मूर्तिलाई नित्यपूजा गर्छन् ।

शक्तिसहितको सो भैरवमूर्तिमा भैरव र उनका शक्ति भैरवी एकोहोरो पद्मासनमा पलेँटी कसी बसेका छन् । भैरवका चार हात छन् । तीमध्ये माथिका दायाँ हातले खड्ग समाति बायाँ हातले ढाल लिएका छन् । त्यसैगरी उनले तलका दायाँ हातले पात्र लिई बायाँ हातले विन्दुमुद्रा धारण गरेका छन् । उनको बायाँपट्टि बसेका उनका शक्ति भैरवीका दुई हात छन् । तिनले पनि आफ्ना पति भैरवले जस्तै ती हातहरूमा विन्दु र पात्र धारण गरिरहेकी छिन् ।

माथिका प्रसङ्गमा केही महत्त्वपूर्ण कुरा थाहा पाउन सकिन्छ । जसले जुन कुरा बनाउँछ वा बनाउन लगाएको हुन्छ त्यसमा उसको मनोभावना, परम्परा, धर्म-संस्कार आदिको पनि छाप परेको हुन्छ । बुसिं खगी र उनका पत्नी हेला मइ त्यस कुराको अपवाद होइन । निःसन्देह यी दुई स्त्री पुरुषले बनाउन लगाएको सो शक्तिसहितको भैरवले एकातिर उनीहरूकै प्रतिरूपको स्मरण गराएको छ भने अर्कोतिर भैरवले समातेको खड्गले पनि यहाँनिर खड्गीहरूका मुख्य हतियार 'खड्ग' को स्मरण गराएको छ । सो मूर्तिको पादपीठमा उत्कीर्ण अभिलेखले शक्तिसहितको भैरवको सो युगल मूर्ति नेपालसंवत् ७६५ मा बुसिं खड्गी र उनका पत्नी हेला मइले बनाउन लगाएका रहेछन् ; हात्ती महांकालको पाटी समेत उनीहरूले बनाउन लगाएका

रहेछन् ; अनि त्यही अवसरमा सोही पाटीमा अभिलेखसहितको सो भैरव-भैरवीको मूर्ति समेत बनाउन लगाई त्यहीं प्रतिष्ठापित गर्न लगाएका रहेछन् भन्ने कुरा थाहा पाइन्छ । अनि यसरी पाटी बनाउन लगाएको कुराले समाजका अन्य वर्ग मात्र नभएर तत्कालीन नेपाल-उपत्यकाका खड्गीहरू पनि लोकको हीत हुने कल्याणकारी कार्यमा पनि उत्तिकै सक्रिय भएर लागिरहेका थिए भन्ने कुराको एउटा नमुना यसले पनि देखाएको छ । अनि अहिले हाम्रो अभीष्ट विषय बनेको खगि' र 'खडगी' एउटै हो भन्ने कुराको थप पुष्टि यसले पनि गर्दै तुलनात्मक रूपमा तत्कालीन समाजमा 'खगि' र 'खड्गी' दुवै उनीहरूको सामाजिक-व्यवहारिक जीवनमा चलिरहेको थियो भन्ने कुरा पनि जानिन्छ । स्मरण रहोस् ! बुसिं खगीहरूको अभिलेख यस अन्वेषणका क्रममा पत्ता लाग्न आएको खड्गीहरूका बारेको पहिलो प्राचीन अभिलेख हुनआएको छ ।

जितलसिंह खर्गिले ने.सं. ७९४ मा आफ्नी दिवंगत पत्नी मालतीको नाममा राखिदिएको घलचा (ताम्रकलश) को अभिलेखका कुरा

प्रसङ्गवश फेरि एकपल्ट वैशाख ८ गते शुक्रवारकै कुरा गरौं । त्यस दिन खगि/खड्गीको खोजीकै क्रममा देवरत्नहरूले हामीलाई चोछेँटोलस्थित उनीहरूको भैरवमन्दिरको अभिलेख देखाएको चर्चा माथि भइसकेको छ । सोही क्रममा देवरत्नहरूले हामीलाई सो भैरवमन्दिरसंगैको न्हुच्छेबहादुर खड्गी (९०) को घरमा पनि लगे । त्यहाँ उनीहरूले हामीलाई एउटा तामाको कलश देखाउँदै भने : 'यो घचा (कलश) हाम्रो सि गुठी (मुर्दा गुठी) को हो । यसमा हाम्रा पूर्वजले कोरेका कुरा पनि छन् । त्यो हामी बुझ्दैनौं । तपाईले बुझाइदिनुपर्‍यो ।'

टुटीयुक्त त्यो ताम्रकलश (चित्र संख्या१४) को कण्ठभागमा

नेवारी लिपिमा सुन्दर अक्षरले दुई पंक्तिको अभिलेख (परिशिष्ट ६ संख्या) कुँदिएको छ । सो अभिलेखमा : जितलसिंह खर्गिले दिवंगत भएकी आफ्नी स्त्री मालतीका नाममा सो 'घलचा' (कलश) सि गुठी (मुर्दा गुठी) मा ने.सं.७९४, भाद्र कृष्ण पञ्चमीमा चढाएको कुरा परेको छ ।

सो अभिलेख पढेर न्हुच्छेबहादुर, तुलसी लगायत देवरत्न खड्गीहरूलाई सुनाउँदा उनीहरू खुशी भए । आफ्ना पूर्वजका नाम र कृतिका बारेमा थाहा पाउँदा उनीहरू गौरवान्वित हुन पुगे । उनीहरूलाई सो कलशका कुरा बुझाउन पाउँदा हामीलाई पनि एकातिर सन्तोष मिल्यो भने अर्कोतिर 'खगि' र 'खड्गी' उही हो भन्ने कुराको थप पुष्टि समेत मिल्यो ।

यसरी सुकुलढोकाको दूरसिंहहरूको ताम्रपत्रमा आएको खगिलाई आधार मानेर खगि/खडगीहरूलाई खोज्दै जाँदा हामी उनीहरूको मल्लकालीन गरिमामय संसारमा पुगेर स-प्रमाण उनीहरूलाई उनीहरूका लोकहीतकारी-कृतिका साथमा समेत पायौं ।

ने.सं.७२३ को गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवन मल्लहरूको शिलालेख

यसको चर्चा माथि यथास्थानमा भइसकेको छ ।

शाक्यमुनि बुद्धको मृण्मूर्ति (चित्र संख्या १५)

उत्तर दलानको गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवन मल्लहरूको शिलालेख रहेको स्थानको भित्ताको खोपामा शाक्यमुनि बुद्धको यो मृण्मूर्ति छ । कैयन कालदेखि भक्तजनहरूले चढाएका नैवेद्य, जल

अबीर, लगायत समयको मारले परेका धुलोमैलो इत्यादिले यस मूर्तिको अधिकांश भाग ढाकिएको देखिन्छ । यिनी भूस्पर्श मुद्रामा पद्मासनमा पलेटी कसी बसेका छन् ।

नेपाली कला, वास्तुकलामा प्रयुक्त कला सिर्जनाको एक मौलिक पक्ष मृन्मय कला पनि हो । ईसापूर्वका कालदेखि नै माटोका कलावस्तु बनाउने प्रवाह नेपालमा पनि चलेरआयो । खासगरी मृन्मय कलावस्तु बनाउने प्रवाह ईस्वीको बाह्रौं शताब्दी देखि अठारौं शताब्दीसम्म पनि लोकप्रिय ढङ्गले चलिरहेको देखिन्छ । शाक्यमुनि बुद्धको यो मृण्मूर्तिले यहाँनिर पाटनका प्रसिद्ध मत्स्येन्द्रनाथ, भक्तपुर तचपालटोलका भीमसेन, बनेपाको चण्डेश्वरी मूर्ति लगायत पाटनको महाबौद्ध मन्दिर, भक्तपुरको चारधाम अन्तर्गतको केदारनाथको मन्दिर, भक्तपुर तुछिमलाटोलको अवालहरूको आगमघर आदिलाई समेत संझाएको छ जुन नेपाली मृन्मय कला, वास्तुकलाका केही अनुपम उदाहरण हुन् । प्राचीनताका दृष्टिले यो मूर्तिलाई ईस्वीको सत्रौं शताब्दीतिर राख्न सकिन्छ ।

हैमा द्य:

उत्तर दलानकै भित्तामा माथितिर चुच्चो परेको एउटा त्रिकोणाकार प्वाल बनेको छ । नेवार संस्कृतिमा यसको खास महत्व सांगितिक विधासित पनि रहीआएको छ । यस्तो प्वाललाई 'हैमा प्वा' भन्ने चलन छ । भक्तपुर सहरका परम्परागत सत्तल, पाटी, आगमघर, देवस्थल लगायत सर्वसाधारण गृहस्थीका घरका भित्तादेखि भक्तपुर राजदरबारका भित्ताहरूमा समेत यस्ता त्रिकोणाकार 'हैमा प्वा' जताततै देख्न सकिन्छ । अनि धार्मिक सांस्कृतिक महत्त्वका ती प्वालहरूलाई हेर्दा मात्र पनि यस्तो भन्न करैले पनि मन लाग्छ मानौ भक्तपुर 'हैमा प्वा:मय' पनि रहेछ । किन पनि भने ...

हैमा प्वाःलाई श्रद्धाभक्तिपूर्वक स्थानीय बासिन्दाहरू 'हैमा द्यः' भनी दर्शनपुजन गर्छन् । आश्चर्यको कुरा के छ भने यस प्रकारको हैमा द्यः संस्कृति कान्तिपुर र ललितपुरको सांस्कृतिक जीवनमा भने खासै परिचित रहेको देखिएन । यताबाट वैदिक प्रभावका दृष्टिले पनि भक्तपुर प्राचीनकालदेखि नै महत्त्वपूर्ण स्थलको रूपमा रहीआएको दृष्टीगोचर हुन्छ ।

भक्तपुरका हैमा प्वाः/हैमा द्यःहरूले यहाँनिर **केनोपनिषद्**को उमा-हैमवतीलाई संझाएको छ । तिनले देवताहरूलाई उनीहरूको सत्यको परीक्षा गरी ब्रम्हज्ञान दिएकी थिइन् । हिमालयपुत्री हैमवतीका अन्य नामहरूमा तिनलाई पार्वती, रूद्रायणी, महाकाली, अम्बिका, दुर्गा, भद्रकाली, गौरी आदि नामले पनि सम्बोधन गरिएको पाइन्छ । हैमवतीकै नेवारी रूपान्तर 'हैमा द्यः' हो ।

भगवान् शिव संगीतका पनि देवता हुन् । त्यस रूपमा उनलाई नाट्येश्वर/नृत्यनाथ भनिन्छ । तन्त्रप्रधान नेवार धार्मिकजीवनमा उनै नाट्येश्वर 'नास द्यः' भनी प्रसिद्ध रहीआएका छन् । हैमा द्यः यिनै नास द्यःका शक्ति हुन् । नास द्यः कै प्रतीक रूपमा नेपाल-उपत्यकाका नृत्यनाथका मन्दिरहरूमा पनि त्रिकोणाकार प्वालहरू देख्न सकिन्छ जुन एक, दुई संख्यादेखि लहरै तीन संख्या सम्मका पनि हुन्छन् । त्यस्तो प्वाललाई 'नास प्वाः' पनि भनिन्छ । भक्तपुर सहरको नासमना टोलको 'मु नास' भनी प्रसिद्ध मङ्गलेश्वर महादेवमन्दिरको दक्षिणाभिमुख त्रिकोणाकार तीन प्वाल उदाहरणस्वरूप छन् । नास द्यःलाई पुजा गर्दा हैमा द्यःलाई पनि पुजा गर्ने चलन छ । सुकुलढोका, दोलखा-भीमसेन लुँ विहारका यी हैमा द्यःकहाँ तर्सने र डराउने बच्चाहरू ल्याएर पुजा गरेमा उनीहरू निको हुन्छन् भन्ने लोकविश्वास रहीआएको छ । प्रायः यहाँका मन्दिरहरूका गर्भगृहमा स्थापित मुख्यदेवताका पछाडिपट्टिका भित्तामा पनि यस्ता नास प्वाःहरू देख्न सकिन्छ ।

महाकाल (चित्र संख्या १६)

उत्तर दलानको बायाँपट्टिको भागको भित्तामा महाकालको प्रस्तरमूर्ति छ। सो मूर्ति नेपालसंवत् ७०९ मा स्थापना गरिएको कुरा त्यसकै पादपीठमा उत्कीर्ण अभिलेखबाट जानिन्छ। सो अभिलेखका पाप्रा उप्किसकेका छन्। एक शिर, द्विभुजा भएका यी महाकाल स्थानक मुद्रामा शवासनमा उभिएका छन्। यिनले खट्वाङ्ग र कपालपात्र लिएका छन्।

महाकाल तान्त्रिक देवता हुन्। के हिन्दू, के बौद्ध! दुबै धर्मबाट उत्तिकै प्रभावित नेवारहरूको तन्त्रप्रधान धार्मिक संसारका एक साझा देवता यी हाम्रा महाकाल पनि हुन्। वज्रयानीहरू उनलाई 'वज्रवीर महांकाल'/'वज्रभैरव'का रूपमा मान्दछन् भने हिन्दुहरू शिवको एक नामरूपमा उनलाई 'महाकालभैरव' भनी मान्दछन्। यी महाकाल यस लुँ विहार दोलखा-भीमसेनस्थानका रक्षकदेवता हुन्।

सरस्वती (चित्र संख्या १७)

भीमसेनमन्दिरको ठीक सामुन्ने पश्चिमाभिमुख भजनघर छ। सो भजनघरको भुइँतलाको बाहिरपट्टिको भित्ताको खोपामा सरस्वतीको सुन्दर प्रस्तरमूर्ति स्थापित छ। यस मूर्तिका सरस्वती एकोहोरो पद्मासनमा आलीढमुद्रामा, एक पाउले मयूर र अर्को पाउले हाँसमा टेकी उभिएकी छिन्। यिनी षडबाहु (छ हात) ले युक्त छिन्। तिनका छ हातहरूमध्ये माथिका दुई हातहरूमा दायाँ अक्षमाला, बाया पुस्तक, तलका हातहरूमा दायाँ दण्ड (?, यो हातमा लिएको वस्तुको शिर्षभाग खण्डित छ), बायाँ कमलपुष्प, र मुख्य दुई हातहरूले वीणा बजाइरहेकी छिन्। सरस्वतीको यो मूर्ति रहेको प्रस्तरआसनमा नेवारी लिपिमा अभिलेख पनि कुँदिएको छ। तर सो अभिलेख

कैयनकालदेखिको धुलोमैलो र तेल अबीर लागेर, खिइएर, पढ्न दुर्बोध भइसकेको छ। सो अभिलेखको अन्तमा '...श्रीपञ्चमी' भने ठम्याउन सकिन्छ।

'... माघशुक्ल श्रीपञ्चमी' को कुरा ने.सं.७२३ को गंगादेवीहरूको अभिलेखमा पनि आएको छ। यताबाट सरस्वतीको सो मूर्ति पनि अन्य देवताहरूको प्रतिष्ठासंगै श्रीपञ्चमीका दिनमा प्रतिष्ठा गरिएको अनुमान सहजै गर्न सकिन्छ।

शिवसिंह भारोको प्रस्तर सालिग (चित्र संख्या ८)

यसको चर्चा माथि पनि भइसकेको छ। भीमसेनमन्दिरको पूर्वपट्टि रहेको भजनघरको पहिलो तलाको बीचमा भ्यालबाहिरै दाँया घुँडा टेकी, विन्तीमुद्रामा भीमसेनमन्दिरतर्फ अभिमुख अवस्थाको एक प्रस्तरसालिग छ। झट्ट हेर्दा गरूडमूर्ति झैं देखिने सो सालिग शिवसिंह भारोको हो। भीमसेनमन्दिर बनाउने उनी पनि एक थिए। यसैले उनले आफ्नो सालिगको पादपीठमा 'सम्वत् ७७२ सालं सिवसिंह भारो नं देग दयेका ' भनी कुँदाउन लगाई सो सालिग राख्न लगाउन सकेका हुन्।

मूलगन्धकुटीको अवशेष एवं त्यहाँका कलाकृति (चित्र संख्या १८)

मूल प्रवेशद्वारको सोझो सामुन्नेमा मूलगन्धकुटी निर्माण गर्ने चलन नेपाली विहार वास्तुकलाको एक मौलिक विशेषता हो। यसलाई शाक्यमुनि बुद्ध बस्ने पवित्र कोठा मानिन्छ। बुद्धको महापरिनिर्वाणपश्चात् त्यहाँ बुद्धमूर्ति राख्ने चलन रहीआएको

जानिन्छ । लुँ विहार यस कुराको अपवाद होइन । लुँ विहार, दोलखा-भीमसेन पस्ने मूल ढोकाबाट भित्र पस्नासाथ सीधा सामुन्ने मा 'शाक्यमुनि बुद्धको दर्शन होस्' भन्ने हेतुले निर्माण गरिएको लुँ विहारको मूलगन्धकुटी पहिले त्यहाँ थियो। तर नब्बे सालको महाभूकम्पले उक्त विहार लगायत यसको सो मूलगन्धकुटी समेत पनि ध्वस्त पाऱ्यो । **श्री सुकुलढोका, दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**ले उक्त मूलगन्धकुटी भएको भागमा चैत्याकार मृन्मयवास्तु नवनिर्माण गरी त्यहाँ भएका सिंह, वज्रसत्व, क्वापाद्यः लगायत शार्दूलका मूर्तिलाई पुर्नस्थापित गरेको छ । यसरी लुँ विहारलाई त्यसको मूलगन्धकुटीले संझाएको छ । अनि सो मूलगन्धकुटीलाई पनि संझाइराख्ने त्यसका वास्तु अवशेष एवं अन्य कलाकृति भने त्यहाँ अद्यापि देखापर्छन् । ती निम्न अनुसार छन् :

प्रस्तर सिंहमूर्ति : सिंहलाई शक्ति र सुरक्षाको प्रतीक रूपमा मात्र नभएर शाक्यमुनि बुद्धलाई समेत 'शाक्यसिंह' भनी मान्यता दिने चलन छ । यसो हुँदा विहारको मूलढोका लगायत मूलगन्धकुटीको ढोकाको पनि दायाँबायाँ एकजोडी सिंहमूर्ति राख्ने चलन अपरिहार्य रूपमा भने झैं चलेर आएको पाइन्छ। लुँ विहारको मूलगन्धकुटीलाई संझाइराख्ने त्यहाँ रहेका प्रस्तरसिंहमूर्ति पनि यस कुराको उदाहरणस्वरूप छन् । ।

वज्रसत्वको प्रस्तरमूर्ति (चित्र संख्या १९) :

मूलगन्धकुटीको अवशिष्ट भागमा वा भनौं हालै नवनिर्माण गरिएको चैत्याकार वास्तुको पूर्वपट्टिको खोपामा वज्रसत्वको प्रस्तरमूर्ति पुर्नस्थापित गरिएको छ।

यस मूर्तिका वज्रसत्व एकोहोरो पद्मासनमा ध्यानासन मुद्रा

कसी बसेका छन् । उनका दुई हात छन् जसमध्ये दायाँ हातले पद्म र बायाँ हातले घण्ट लिएका छन् । यो मूर्तिको पद्मासनमा नेवारी लिपिमा ७०९ कुँदिएको छ । गंगारानीहरूको अभिलेखमा पनि यहाँ सो मितिमा अन्य देवताहरू प्रतिष्ठा गरिएको कुरा आएको छ । सोही क्रममा वज्रसत्वको यो मूर्ति उक्त समयमा विहारको मूलगन्धकुटीमा स्थापना गरिएको कुरा जानिन्छ ।

तान्त्रिक बौद्धधर्म - वज्रयानका एक प्रमुख देवता वज्रसत्व पनि हुन् । वज्रसत्वलाई पंचध्यानी बुद्धका पनि पुरोहित मानिन्छ । उनी छैठौ ध्यानी बुद्ध हुन् । उनको एकल तथा शक्ति (प्रज्ञा) सहितको संयुक्तावस्था (यव-युम)का मूर्ति/चित्र पनि प्राप्त छन् । एकल अवस्थाको यो दुर्लभ मूर्ति हो ।

क्वापाद्यः (ध्यानी बुद्ध)को मृन्मयमूर्ति (चित्र संख्या २०) :

नवनिर्मित चैत्याकार वास्तुको पश्चिमपट्टिको खोपामा क्वापाद्यःको मृन्मयमूर्ति पुर्नस्थापित गरिएको छ । क्वापाद्यः विहारका मुख्य देवता हुन् । उनी आफ्नो इलाकाका रक्षकदेवता पनि हुन् । यस मूर्तिका क्वापाद्यः ध्यानासनमा पलेटी कसी आफ्ना दुई हात ध्यानमुद्रामा काखमा राखी बसेका छन् । प्रतिमालक्षणका आधारमा यो पंचध्यानी बुद्धमध्येका 'अमिताभ' हुन् भन्ने कुरा जानिन्छ ।

दोलखा-भीमसेनमन्दिरका कलाकृति

दोलखा-भीमसेनमन्दिरको चर्चा माथि पनि भइसकेको छ। नेपाली बहुछानेशैलीको एक नमुना हाम्रा दोलखा-भीमसेन महाराजको यो तीनतले मन्दिर पनि हो। यस मन्दिरमा देखापर्ने एउटा बेग्लै र दुर्लभ विशेषता यसको माथिल्लो छानामा रहेको छत्रसहितको तीनवटा स्वर्णगजुर र प्रस्तरनिर्मित विश्ववज्र/विश्वज्वाला पनि हो। (चित्र संख्या २१) किनकि ती बौद्धधर्म र हिन्दू धर्मका प्रतीक हुन् जुन मन्दिरको शीर्षभागमा एकैसाथ देखापर्छन् । धार्मिक समन्वय र सांस्कृतिक एकताको यो एक प्रयोगात्मक, नितान्त नूतन नमुना हो भनी मान्न सकिन्छ। दोलखा-भीमसेनमन्दिर बनाउन लगाउने कुतु दुवार (कुतु दुवाल) पनि हुन्। ने.सं.७७२ मा यो मन्दिर बनाउन लगाएपछि उनैले सो मन्दिरको छानामा ती गजुर र विश्ववज्र पनि हालिदिएका थिए। ने.सं.७७२ को यस विषयको उनको ताम्रपत्र यस कुराको साक्ष रहेको छ। पूर्वाभिमुख यस मन्दिरको गर्भगृहका प्रायः सबै देवता पनि पूर्वाभिमुख नै छन्। सो गर्भस्थानका मुख्य कलाकृति निम्न अनुसार छन् :

भीमसेन (चित्र संख्या ७):

यिनको चर्चा माथि पनि भइसकेको छ । सुकुलढोका, दोलखा-भीमसेनमन्दिरका मुख्य देवता यिनै भीमसेन महाराज हुन्। यिनको मूल मूर्ति प्रस्तरले बनेको छ। सो प्रस्तरमूर्तिलाई धातुको मुखाकृति, वस्त्र आभूषण र किकंपायुक्त मुकुटका आवरणले यसरी ढाकेर सर्वाङ्ग सौन्दर्यमय तुल्याएको छ कि धातुको आवरणभित्र लुकेका भीमसेनको प्रस्तरप्रतिमा गौण बन्न पुगेको छ। अनि त्यस रूपमा यी भीमसेनमूर्ति अन्यत्रका भीमसेनमूर्तिका तुलनामा बान्की परेको जुङ्गाले समेत पनि प्रभावशाली व्यक्तित्व भएका, निकै फूर्तिला र हेरिरहुँ

झैं लाग्ने चिटिक्क परेका राम्रा छन् । प्रत्यालीढ मुद्रामा उभिएका भीमसेनका दुई हात छन् । यिनका बायाँ हातले कापालिक मुद्रा धारण गर्दै दायाँ हातले गदा लिएका छन् । दुबै हातले सर्प निलिरहेको छेपु लगायत मकरयुक्त आकृतिअङ्कित धातुको कलात्मक द्वारतोरणमा यिनको मूर्ति सजिएर रहेको छ ।

हाम्रा भीमसेन महाराजको दायाँबायाँ यिनको पाउको सेवासुश्रुषा गर्न लागेका झैं देखिने सूक्ष्म आकारका मुकुटधारी एकजोडी प्रस्तरमूर्ति पनि छन् । ती मूर्तिका आकृतिहरू यिनका अनुचरहरू हुन् भनी मान्न सकिन्छ । ती अनुचरहरूले आफ्ना मुन्टो र ढाड अगाडि निहुराएर त्यसरी भीमसेनको सेवासुश्रुषा गर्न लागेका हुँदा कुप्रो परेका देखिन्छन् । यस्तो शैलीका मूर्तिहरू नेपालउपत्यकाका तीनवटै सहरहरू र साँखुसहरका भीमसेनस्थानका भीमसेनमूर्तिहरूका साथमा पनि देख्न सकिन्छ । यस्ता मूर्तिहरू नेवार सांस्कृतिकजीवनमा 'धुसिआजु' र 'धुसिअजिमा' भनी लोकप्रिय रहेको देखिन्छ । भक्तपुरमा भने यी मूर्तिहरू 'जालेस्या द्यः' भनी विशेष रूढ हुन पुगेका छन् । ढाड वा कम्मर दुखेमा यी जालेस्या द्य वा धुसि आजु र धुसि अजिमालाई पुजाआजा गरेमा निको हुन्छ भन्ने जनविश्वास छ ।

द्रौपदी (चित्र संख्या २२) :

भीमसेनको बायापट्टि पनि उस्तै धातुको कलात्मक द्वारतोरणमा सजिएको यिनकै शक्ति अष्टभुज द्रौपदीको सुन्दर प्रस्तर मूर्ति छ । यिनले आफ्ना दुबै पाउ सिंहमाथि टेकी आलीढमुद्रामा उभिएकी छिन् । यिनले आफ्ना हातहरूमा पाश, अंकुश, खेटक, खट्वाङ्ग, दण्ड लिई अभय र विन्दुपात्र मुद्रा धारण गरिरहेकी छिन् । यिनले धातुको किकंपायुक्त मुकुट, नरमुण्डमाला लगाएकी छिन् । द्रौपदीको यस मूर्तिले सिंहवाहिनी दुर्गाभवानीको स्मरण गराउँछ ।

भीमसेनमूर्तिमा भैं अष्टभुज द्रौपदीको मूर्तिको पनि दायाँबायाँ एकजोडी सूक्ष्म आकारका तान्त्रिक भाव झल्कने प्रस्तरमूर्ति छन् । तीमध्ये द्रौपदीको दायाँपट्टिको मूर्ति 'खड्गयोगिनी' र बायाँपट्टिको मूर्ति 'वज्रयोगिनी' का रूपमा मान्यपुज्य रहीआएका छन् ।

वज्रयोगिनी र खड्गयोगिनीसहितका द्रौपदीको मूर्तिले पनि शैव र बौद्ध धर्मको समन्वयवादी सहिष्णु-दर्शनलाई यहाँ व्यवहारमा दर्शाइरहेको छ । यसले पनि यहाँ तन्त्रप्रधान नेवार धर्म संस्कृतिको एक विशिष्ट मौलिक चरित्रको एकाकार-दर्शन मिल्छ जहाँ शैव र बौद्ध गौण हुन पुग्छन् ।

गणेश (चित्र संख्या २३) :

भीमसेनमूर्तिको दायाँपट्टि चतुर्भुज गणेशको आसीनमुद्राको प्रस्तरमूर्ति छ । यी भुँडेगणेशले आफ्ना हातहरूमा अंकुश र दन्त, परशु र मोदकपात्र लिएका छन् । तन्त्रप्रधान नेवार धर्म संस्कृतिका एक साझा देवता विघ्ननाशक, बुद्धी, सफलता एवं ज्ञानका देवता प्रथमपुज्य गणेश वा विघ्नान्तक पनि हुन् ।

त्रैलोक्यमल्लको सालिग र स्वर्ण-चैत्य (चित्र संख्या २४) :

गणेशमूर्तिको दायाँपट्टि दुबै घुँडा टेकी बिन्तीमुद्रा प्रकट गरिरहेको, मल्लकालीन भेषभूषामा सजिएको एउटा प्रस्तरसालिग छ । स्थानीय बासिन्दाहरूका अनुसार सो मूर्ति त्रैलोक्यमल्लको हो । स्थानीय सुरेशज्योति शाक्यका अनुसार सो सालिगको आसनभागमा पनि त्रैलोक्यमल्लको नाम कुँदिएको छ । हाल सो भाग पुनर्स्थापनका

कारण जमीनभित्र दबिएर रहेको अवस्थामा छ ।

त्रैलोक्यमल्लको सालिगसंगै एक स्वर्ण-चैत्य पनि छ । शाक्यका अनुसार जीर्णोद्धारका क्रममा सो चैत्य फेलापरेको थियो । यो चैत्य ताम्रधातुले बनेको छ जसमा स्वर्णजलप लगाइएको छ । यस चैत्यको चर्चा गंगादेवी+त्रैलोक्यमल्लहरूको अभिलेखमा आएको छ ।

अन्य : सुकुलढोका, लुँ विहार, दोलखा-भीमसेनमन्दिरको बायाँपट्टि प्रस्तरथाममा झुण्ड्याइएको एक घण्ट (चित्र संख्या २५) र संगै एक इनार पनि छ । चोकसहितका देवस्थल/विहारमा पानीको प्रबन्धका लागि चोकभित्रै इनार आदिको पनि उचित प्रबन्ध गरिएको हुन्छ । यो पनि नेपाली देवस्थल/विहार वास्तुकलाको एक विशेषता हो ।

भीमसेनमन्दिरको सामुन्ने सो घण्टसंगै दोलखाभीमसेनकै प्रतिरूप एक सानो प्रस्तरमूर्ति स्थापित छ । (चित्र संख्या २६) हालै **श्री सुकुलढोका, दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति**ले पशुबलि पुजाका लागि सो मूर्ति भीमसेनकै प्रतिरूप मानी त्यहाँ स्थापना गर्न लगाएको हो । मन्दिरको गर्भस्थानलाई सदा सफा, शान्त र सुन्दर तुल्याइराख्न यसो गरिएको हो ।

३
संस्कृति

सुकुलढोका-संस्कृतिको प्रारम्भिक मूल चरित्र व्यापारिक एवं प्रशासनिक थियो । आजभन्दा करीब दुई हजार वर्ष भन्दा पनि बढ्ता समयदेखि यो त्यस रूपमा रही आएको दृष्टिगोचर हुन्छ । तर परिवर्तित कालक्रममा यसले आफ्नो प्रशासनिक केन्द्रीय-महत्व त्रिपुर राजदरबारको पतनसंगै गुमाउन पुग्यो । तापनि एक व्यापारिक बस्ती वा मुख्य बजारको रूपमा यसले आफ्नो गरिमा र महत्त्वलाई भने कुनै न कुनै रूपमा आजसम्म पनि जीवन्त रूपले धान्दै आइरहेको छ । सुकुलढोका-संस्कृतिको यो एक नितान्त प्राचीन एवं मौलिक विशेषता नै हो भनी मान्नु पर्ने हुन्छ । यसो हुँदा नै यसको हृदयस्थलमा काँधमा काँध मिलाएर लुँ विहार र दोलखा-भीमसेन बस्न आएका हुन् भन्ने कुरा पनि जानिन्छ । लुँ विहार र दोलखा-भीमसेनहरू सुकुलढोका-संस्कृतिले इतिहासको कालखण्डमा सिर्जेका थप धार्मिक-सांस्कृतिक निधि हुन् ।

लुँ विहार होस् वा दोलखा-भीमसेन ! वा त्यो भन्दा पनि व्यापक अर्थमा भन्नुपर्दा सिङ्गो भक्तपुरलाई मूर्त अमूर्त सम्पदाहरूले समृद्ध तुल्याउँदै लानमा सुकुलढोका-व्यापारिक-संस्कृतिले पनि सदा साथ दिँदै आएको कुरालाई बिर्सनु हुन्न । व्यापारले सम्पन्नता ल्याउँछ, ढुकुटी भर्ने काम गर्छ । यदि देश र देशबासी दरिद्र छन् भने भौतिक एवं सांस्कृतिक वैभवको कल्पना सम्म पनि गर्न सकिन्न । भक्तपुरको समृद्धिको साँचो सुकुलढोका पनि थियो । आज पनि उत्तिकै व्यस्त भइरहेको बजार अनि दोलखा-भीमसेन र लुँ विहार पनि उक्त कुराका साक्ष छन् । दोलखा-भीमसेन मात्र नभएर लुँ विहार पनि

व्यापारसित नै सम्बद्ध रही आएको कुरा यसको नाम विशेषणबाटै पनि खुल्छ। 'लुँ' वा सुन सभ्यताको उषाकालदेखि नै व्यापार वाणिज्यसित सम्बद्ध रही आएको छ। यी कुरा गर्दा यस क्षणमा हामीले माथि चर्चा गरको लुँ विहार दोलखा-भीमसेनको मूल प्रवेशद्वारको तोरणमा अङ्कित तिब्बती शैलीको एकजोडी उड्ने नाग (ड्रागन) र वज्रयानी परम्पराका चार देवाकृति (देवी तारा) विशेष स्मरण गर्नु पर्ने हुन्छ। अनि यी आकृतिहरूको स्मरणसंगै तत्कालीन भक्तपुरले आर्थिक रूपले आफूलाई सम्पन्न तुल्याइराख्न तिब्बतसित गर्दै आएको व्यापारलाई पनि स्वतः संझाउँछ। तिब्बतसितको व्यापारले पनि भक्तपुर आर्थिक रूपले माथि उठेको थियो। त्यस कुराको एउटा अर्को उदाहरण भक्तपुर राजदरबार पस्ने विश्वप्रसिद्ध स्वर्णद्वारलाई नै लिउँ। तत्कालीन भक्तपुरले तिब्बतसितको व्यापारबाट फाइदा लिन नसकेको भए प्रशस्त मात्रामा सुन पनि नाफा वा फाइदाको रूपमा लिन सक्ने थिएन, न त त्यसबाट आएको फाइदाबाट रणजित मल्लले सो द्वार बनाउन सक्ने नै थिए। यो त्यस कुराको एउटा सानो प्रतीक-उदाहरण मात्र हो। यसले यहाँनेर तत्कालीन समयमा भक्तपुर र तिब्बतबीचको व्यापारिक सम्बन्धलाई मात्र नभएर धार्मिक-सांस्कृतिक सम्बन्धलाई पनि प्रकारान्तरमा संझाइरहेको छ।

गुरू पद्मसंभव (ई.सं.आठौँ शताब्दी) नालन्दा महाविद्यालयबाट वज्रयान धर्मको प्रचार प्रसार गर्न तिब्बततिर जाँदा भक्तपुर हुँदै उनको साथमा जाने उनका एक साथी भीमसेन पनि थिए भन्ने किंवदन्ती रहेको छ। यताबाट पनि प्रकारान्तरमा माथिका कुराको पुष्टि मिल्नुका साथै उनी साझा देवता हुन् भन्ने कुरा थाहा पाइन्छ। साथै लुँ विहार र दोलखा भीमसेन एकै स्थानमा रहनुको औचित्यलाई समेत यस किंवदन्तीले खुलाएको देखिन्छ। हाम्रा भीमसेनको चर्चा त्यहाँ पनि धेरै छ। त्यस्तै नेपाल-उपत्यकामा मात्र नभएर त्यहाँ पनि भीमसेनको मूर्ति प्रसिद्ध रही उनको जात्रा समेत पनि चल्ने गरेको कुरा जानिन आएको छ। जे होस्! यसले पनि नेपाल र तिब्बतबीच

पूर्वकालदेखि चलीआएको ब्यापार बाणिज्य सम्बन्धलाई संझाइरहेको छ ।

स्मरण रहोस् ! तिब्बतमा आफ्नो अद्भुत तन्त्र मन्त्र एवं योग साधना र सिद्धयाईंका कारण बुद्ध भन्दा पनि अधिक लोकप्रिय हुन पुगी गुरु 'रिन्पोचे' अनि 'दोस्रो बुद्ध' कै रूपमा मान्य पुज्य रहीआएका पद्मसंभवले त्यहाँ लामा धर्मको जग बसाल्न जानु पूर्व नेपालमै बसेर गहन अध्ययन र ज्ञान प्राप्त गरेका थिए । तिब्बती बौद्ध धर्म वा भनौं लामा धर्मको रूपरेखा उनले नेपालमै बसेर तयार पारेका थिए । यो प्राचीन बोन धर्म र वज्रयानको एउटा व्यवहारिक समन्वय भएको धर्म थियो ।

यस्तो प्रतीत हुन्छ कि व्यापार व्यवसाय शुरू गर्नेदेखि लिएर त्यसको उन्नति-प्रगति एवं व्यापार विस्तारमा समेत सदा साथ दिई प्रेरणास्रोत भएर सुरक्षा समेत प्रदान गर्ने भीमसेनलाई साथमा पाएको हुँदा व्यापार वाणिज्यमा पनि नेवारहरू नै अग्रज रही आएको कुरा जानिन्छ । यसैले 'जहाँ भीमसेन छ त्यहाँ नेवार छ वा भनौं जहाँ नेवार छ, त्यहाँ भीमसेन छ' भन्ने कुरा पनि निश्चित रूपले जानिन्छ । उदाहरण तिब्बतलाई नै लिउँ ! त्यहाँ पूर्वकालदेखि नै नेवार व्यापारीहरूले व्यापार गर्दै आएका छन् । यसैले त्यहाँ पनि भीमसेन छ । तत्कालीन समयमा व्यापारिक दृष्टिले समेत निकै महत्व पाएको एवं तिब्बत जाने व्यापारिक मार्ग समेत भएको दोलखा प्रदेशमा त्यतिखेरै नेवार बस्ती नभएको भए त्यहाँ नेपालप्रसिद्ध 'दोलखा-भीमसेन' पनि बस्न आउने थिएन । नेपाल-उपत्यका त नेवारहरूको रैथाने ठाउँ नै भयो । यसैले यहाँका आसपासका प्रदेशहरू लगायत तीनवटै सहरहरूमा उहिलेदेखि नै प्रसिद्ध रहीआएका मन्दिरसहितले मूर्तिमान् भएका 'भीमसेनस्थान' हरू छन् । तिनका अतिरिक्त पनि सहरका खास टोलहरूमा, खुला आकासमुनि मूर्तिमान् रहेका भीमसेनहरू पनि छन् । अनि व्यापारीहरूले विहान सवेरै आ-आफ्ना पसल खोल्ने क्रमसंगै धुपदीप नैवेद्यःले पुजिने ती पसलका खास

खोपामा स्थापित भीमसेनका मूर्ति/चित्रलाई (चित्र संख्या २७) पनि लिने हो भने गनि नसक्नुका असंख्य भीमसेनहरू देखापर्छन् । यताबाट के गाउँ, के सहर के उपत्यका ! समग्रमा सिङ्गो नेपाल नै 'भीमसेनमय' रहेछ भन्ने कुरा जानिन्छ । भीमसेन-संस्कृतिको अपार लोकप्रियताको यो भन्दा सर्वोत्कृष्ट उदाहरण अरू के नै हुन सक्ला र !

भक्तपुरमा मन्दिरसहितले मूर्तिमान् रही आएका एक प्रसिद्ध भीमसेन तचपालटोल/दत्तात्रेयस्थानस्थित भीमसेन मन्दिरकाभीमसेन हुन् । यिनी 'सु खुँ भिसिन्द्यः' (परालचोर-भीमसेन) नामले खास प्रसिद्ध छन् । अर्को यस्तै प्रख्यात भीमसेन भेलुख्यःटोलका भीमसेन हुन् । यिनी 'सु भिसिन्द्यः' (पराले-भीमसेन) र त्यसैगरी 'दोलखा-भीमसेन' नामले समेत लोकप्रिय छन्। यिनको एउटा अर्को नाम 'गय्-भिन्द्यः' पनि हो । भीमसेन महाराज प्रत्यक व्यापारीका घर, पसलका विशेष स्थान वा खोपामा विराजमान भएर धुप, दीप, पुष्प, नैवेद्यले नित्य पूजिने व्यापारीहरूका प्रातः स्मरणीय अधिपति-देव नै हुन् । पेटरूपि वैश्यले जसरी पेट भरेर शरीरको पोषण गर्दै बल र ऐश्वर्य प्रदान गर्छ, सोही सदृश् भीमसेनभक्त व्यापारीहरूले व्यापार गरेर आफू, आफन्त,टोल, देशबस्तीलाई त्यसरी नै सक्षम तुल्याईराख्नका लागि प्रेरणाश्रोतका रूपमा हाम्रा जुनसुकै ठाउँका भीमसेन महाराजहरूले संरक्षक भएर मनोवैज्ञानिक भूमिका खेलेका छन् भन्ने कुरामा सन्देह छैन । उनी महादेव हुन्, यसैकारण भीमेश्वर हुन् ; उनी भैरव हुन्-यसैकारण भीमभैरव हुन् । यदि त्यसो नहुँदो हो त उनी विराजमान भएकै कारण उनको आवास-इलाकाको एउटा अर्को नाम 'भेलुख्यः' भनी शायद प्रसिद्ध हुने थिएन होला । खुला मैदानमा बस्न मन पराउने मात्र नभएर अझ यस भन्दा पनि बढ्ता उनी खुला आकासको छाना मन पराउने आकासभैरव वा विश्वनाथ भैरव पनि हुन् । उनकै काखमा रहेको मू दीप (मूल मसान) बाट पञ्चतत्वले बनेको हाम्रो नाशवान् शरीरले सद्गति प्राप्त गरिरहेकै छ । यसकारण उनी व्यापारीहरूका मात्र नभएर

सर्वसाधारण सबैका मोक्षदाता पनि हुन् ।

भीमसेनस्थानका भीमसेनको एउटा अर्को नाम 'परदेशी भीमसेन' पनि हो । यस नामले पनि यिनी विशेषगरी नेपाली व्यापारीहरूले पूर्वकालदेखि पूज्दै आएका, उनीहरूको सुरक्षा/संरक्षण गर्ने इष्टदेवता हुन् भन्ने कुराको प्रमाण मिल्छ । वायुपुत्र पनि भनिने भीमसेन आफ्नो अथाह अद्भुत बलका कारण विशेष प्रसिद्ध छन् । पूर्वकालतिर व्यापारका लागि परदेशमा अर्थात टाढा-टाढाका प्रदेशहरूमा समेत जानुपर्ने हुँदा व्यापारीहरूका लागि जीउ-ज्यान र धनसम्पतिको सुरक्षा गरीदिने अत्यन्त बलशाली सहयोगी उनीहरूका दृष्टिमा हाम्रा भीमसेन महाराज नै देखिन आए । यसो हुँदा उनी परदेशी भीमसेन भनी प्रसिद्ध भएका हुन् भन्ने कुरा थाहा पाइन्छ ।

प्रारम्भदेखि नै नेपाली संस्कृति प्रतीकवादी दर्शनले ओतप्रोत रही आएको छ। भीमसेनहरू पनि यस कुराका उदाहरणस्वरूप छन् । तचपालटोलका भीमसेन र भेलुख्यःटोलका भीमसेनहरूका नामका अघिल्तिर लागेका 'सु' (पराल) लाई दृष्टान्तका रूपमा लिन सकिन्छ । भीमसेन महाराजहरू परालप्रिय पनि रहेछन् वा भनौं पराल भीमसेनको प्रतीक रहेछ भन्ने कुरा प्रकारान्तरमा उनीहरूको नामका अघिल्तिर लागेका 'सु' विशेषणले देखाएका छन् । त्यस्तै पराल भैरवको पनि प्रतीकको रूपमा रही आएको पाइन्छ । भैरवलाई काठ, ढुङ्गा, धातु, अन्न (भात, च्यूरा) मा मात्र नभएर परालमा समेत पनि मूर्तिमान् गर्ने संस्कृति आज पनि तन्त्रप्रधान नेवार धार्मिक-सांस्कृतिक जीवनमा जीवन्त रही आएको छ । जन्म होस् वा मृत्यु ! संस्कार चलाउन पवित्र वस्तु 'पराल' पनि नभई हुँदैन । मुठ्ठी कसेर यो संसारमा आउँदा पराल चाहिन्छ, मुठ्ठी खोलेर महानिद्रामा लीन भई मसानभैरवरूपि मान्द्रोमा बेन्हेर जानुपर्दा पनि पराल नै चाहिन्छ। यसरी प्रतीकवादी नेपाली धर्म-संस्कृतिमा भैरव, भीमसेन र पराल एक अर्काको पर्यायालङ्कार बन्न पुग्छन् । यसले उग्र तान्त्रिक

रूपका भैरव र भीमसेनका शान्त र सौम्य रूपका शिवको सृष्टि र संहारको दार्शनिक-झझल्को पनि एकसाथ गराउँछ । हामीले माथि भीमसेनलाई सबैका मोक्षदाता भनेको कुरा समीचीन लाग्छ ।

भक्तपुरका प्रमुख भीमसेनमन्दिरहरू तचपाल, भेलुखेल र सुकुलढोकाका हुन् । त्यस्तै मन्दिररहित खुला आकासमुनि मूर्ति रूपमा मात्र स्थापित भीमसेनहरूमा क्वाछँ-भीमसेन, याछँ-भीमसेन, नकिन्जुलिवि-भीमसेन, नासमना-भीमसेन, खौमा-भीमसेन (यिनी पनि दोलखा भीमसेन नामले प्रसिद्ध छन्) खोँह-भीमसेन (हनुमानघाटको भीमसेन), सूर्यविनायक उकालोको ढुङ्गेधारानिरको भीमसेन आदि हुन् ।

उक्त प्रसङ्गमा मन्दिरमा मूर्तिमान् रहेका भीमसेनहरू हुन् वा मन्दिररहित खुला आकासमुनिका मूर्तिमान् भीमसेनहरू ! प्रतिमालक्षणका दृष्टिले प्रायः सबै भीमसेन महाराजहरू प्रत्यालीढ मुद्रामा उभिएका, दुई हात भएका छन् । उनीहरूले बायाँ हातले कापालिक मुद्रा धारण गर्दै दायाँ हातले गदा लिएका छन् । अनि उनीहरू किकंपायुक्त मुकुटले सुशोभित, मजबुत हात पाखुरा र फराकिलो छाति भएका, क्रोध र बल-प्रदर्शनले गर्दा निकै भयानक र डरलाग्दो देखिने गरी आँखा उघारेका, चिटिक्क परेर माथि फर्केको बान्किलो जुङ्गाले उत्तिकै व्यक्तित्व झल्किरहेको, पहलवानहरूका पनि पहलवान् झैं लाग्ने अत्यन्त बलशाली र उत्तिकै फूर्तिला पनि देखिन्छन् । नेपालका व्यापारीहरूले भीमसेन महाराजलाई नै किन आफ्ना इष्टदेवता वा संरक्षक वा अधिपतिदेव माने भन्ने कुराको रहस्य उनको यस प्रकारको संक्षिप्त प्रतिमालक्षण-चित्रणबाट पनि खुल्छ जस्तो मलाई लाग्छ । यस कुराको थप पुष्टि माथि चर्चा गरिएको भीमसेनको चित्र (चित्र संख्या २७) बाट पनि मिल्छ ।

भीमसेनको चित्रमा (चित्र संख्या २७) देखिने भीमसेन

प्रत्यालीढ मुद्रामा उभिएका छन् । किकंपायुक्त स्वर्ण मुकुटधारी, रक्त वर्णका भीमसेनको भयावह-मुखाकृतिले उनको अथाह शक्ति र बलको प्रर्दशन पनि एकसाथ भइरहेको आभास हुन्छ । उनले आफ्नो दायाँ हातले एउटा घोडालाई त्यसको पछिल्ला दुईवटा खुट्टा समातेर कापालिक मुद्रामा च्यापि आफ्नो शिर माथिसम्म आकासमा उचाली जमीनमा बजार्नै लागेका छन् ; बायाँ पाखुरामा एउटा सिंहलाई चल्नै नसक्ने गरी च्यापेका छन् ; उनको टाङमुनि बायाँपट्टि हात्ती र दायाँपट्टि बाघ छन् जसमध्ये हात्तीलाई बायाँ खुट्टाले च्याप्दै त्यसको सूँडलाई बायाँ हातले समाती, बायाँ खुट्टाले बाघलाई पनि चल्नै नसक्ने गरी च्यापेका छन् ; जमीनबाट माथि उठेर डस्नै लागेको एउटा डरलाग्दो विशाल सर्पलाई समेत पनि त्यसको आङमाथि दायाँ खुट्टाले कुल्ची त्यसको पूरै जीउ नै गुँडुल्किने गरी शक्तिहीन तुल्याईरहेका छन् ।

उक्त प्रसङ्गमा रोचक कुरा के छ भने सो चित्रका ती आकृतिलाई लिएर यहाँको नेवार लोकजीवनमा यसरी पनि अर्थ निकाल्ने गरेको पाइन्छ : मानव स्वरूपमा भीमसेन, घोडा - युधिष्ठिर, सिंह - अर्जुन, हात्ती - नहकुल, बाघ - सहदेव र सर्प (नागिनी) द्रौपदी हुन् । तर यसले संकेत गरेको यथार्थ कुरा भने बेग्लै छ । प्रस्तुत चित्रमा भीमसेनले संसारभरकै अत्यन्त फूर्तिला र बलशाली पाँच जीवहरूलाई समेत आफ्नो वशमा पारेका छन् । यताबाट उनीभन्दा शक्तिशाली र फूर्तिला एवं उनको जोडा लाग्ने यो विश्व ब्रम्हाण्डमा कोही छैन भन्ने अर्थबोध यस चित्रले स्पष्ट गराएको छ । यसो हुँदा यस चित्रका भीमसेनको एउटा स्थानीय शास्त्रिय नाम 'पञ्चप्रबल-भीमसेन' पनि चलेर आएको छ । 'पञ्चप्रबल-भीमसेन' लाई भक्तपुरको मौलिक चित्र मानिन्छ ।

शिवको एउटा रूप भीमसेन पनि हो । यस कुराको चर्चा माथि पनि भइसकेको छ । ने.सं.७७५को कान्तिपुर भीमसेनस्थानको

अभिलेखमा उत्कीर्ण भीमसेन स्तोत्रमा उनलाई 'श्री ३ शिवरूप भीमसेनाय नमः' भनिएको छ। दोलखाका भीमसेन लगायत भक्तपुर भेलुख्यःटोलस्थित भीमसेनस्थानका भीमसेनका लिङ्गाकृत रूपले पनि यस कुराको पुष्टि मिल्छ। दोलखा-भीमसेनलाई महादेव मानी रूद्री गर्ने चलन छ। अनि शान्त रूपका शिवकै एक उग्र तान्त्रिक रूप भैरवकै एक नाम भीमसेन पनि हो। यस बारेमा पनि माथि चर्चा भइसकेको छ। कीर्तिपुर बाघभैरवको ने.सं.७०७ को अभिलेखमा उनलाई भैरव भनिएको छ। भक्तपुरको भीमसेनस्थानका देवस्थल सामुन्ने कलात्मक, अग्लो ढुङ्गे स्तम्भमाथि बाघको एउटा फूर्तिलो मूर्ति देखापर्छ। यताबाट पनि भीमसेनको एउटा रूप भैरव रहेछ भन्ने कुरा दृष्टिगत हुन्छ। तान्त्रिक योग दर्शनमा आधारित विस्केटजात्राका प्रमुख देवता विश्वनाथभैरवको लिङ्गो उभ्याउने, ढाल्ने जात्रा हुने मुख्य स्थान योसिंख्यः हो। यो कुरा विचारणीय छ। यसैको सामिप्यमा बलशाली भीमसेन किन उनको सन्मुख रहेका हुन् भन्ने कुराको रहस्य पनि उक्त प्रसङ्गमा खुलेको जस्तो लाग्छ। यस अर्थमा तन्त्रका दृष्टिले भैरव र भीमसेन एउटै देवताका दुई भिन्न तान्त्रिक रूप हुन् भन्ने कुरा जानिन्छ। विश्वनाथ भैरवको लिङ्गो उभ्याउने र ढाल्ने विधान सिद्धिप्राप्ति योग दर्शनमा पनि आधारित रहेको देखिन्छ। तान्त्रिक योग परम्परामा चलेका अष्टसिद्धि **अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, इशित्व र वशित्व** हुन्। भक्तपुरमा विद्यमान आठ स्थानका अष्टसिद्धिमध्येका एक प्राप्तिसिद्धिका रूपमा भीमसेनलाई पनि मान्ने चलन रहेको देखिन्छ। **प्राप्तिसिद्धि**ले टाढाको वस्तु फेला पार्न सकिन्छ भन्ने शास्त्रिय मान्यता छ।

बढ्ता खानुपर्ने भीमसेनले समेत एक दिन नखाईकन उपबास बस्ने पवित्र दिन भीमा- एकादशी हो। त्यसको भोलिपल्ट भीमा द्वादशीका दिन भीमसेनस्थानहरूमा मेला लाग्छ। त्यस्तै दोलखासम्म पुग्न नसक्ने भक्तजनहरूले उपत्यकाका 'दोलखा-भीमसेनहरू' लाई त्यस रूपमा मान्दै पुज्दै आएको विदित

हुन्छ । माघ शुक्ल पक्ष एकादशीका दिनमा भीमसनले एकादशीको व्रत बस्ने भएकोले 'भीमा एकादशी' भनिएको हो । सो दिनमा र भोलिपल्ट द्वादशीका दिनमा व्यापारीहरू भीमसेनलाई पुजामान गर्छन् । एकादशीको दिनमा सात्विक पुजा र द्वादशीको दिनमा समय र बलि चढाई पूजा गरी प्रसाद ग्रहण गर्ने चलन छ ।

भीमसेनहरूका अवस्थानहरूलाई विचार गर्दा जहाँ मन लाग्यो त्यहीँ नभएर जहाँ व्यापारिक दृष्टिले महत्त्व बोकेका स्थान वा नाकाहरू छन् त्यहाँ मात्र स्थापित भएको कुरा पनि जानिन्छ। उदाहरण सुकुलढोका दोलखा-भीमसेनको अतिरिक्त पसिंख्यःका दोलखा-भीमसेन वा परदेशी भीमसेनकै लिउँ। प्राचीनकालदेखिनै लेले, फर्पिङ, थानकोट र साङ्गा यी चार भन्ज्याङहरू उपत्यकाको भौगोलिक स्वरूपतर्फ विचार गरी बाह्य जगतसित उपत्यकालाई जोडने वा आवतजावत गर्ने चार मुख्य प्रवेशद्वार वा नाकाहरूका रूपमा प्रयोगमा रहेको बुझिन्छ । तीमध्ये थानकोट र साङ्गा भन्ज्याङहरूले आफनो प्राचीन गौरवलाई अझै पनि अक्षुण्ण राख्दै आएका छन् । थानकोट भन्ज्याङ दक्षिणका प्रदेश र मुलुकहरूसित एवं त्यसरी नै साङ्गा भन्ज्याङ चाहिँ पूर्वतर्फका तत्कालीन भक्तपुर राज्य अन्तर्गतका दोलखासहितका सातग्राम प्रदेश, तिब्बत,चीन र भारतसमेत आवतजावत गर्ने नाकाको रूपमा प्रयोगमा आएको दृष्टिगत हुन्छ । साङ्गा भन्ज्याङको उत्तर-पश्चिमस्थित यसको काखैमा रहेको भक्तपुरको जगाति पहिले भन्सार चौकीको रूपमा थियो। सो जगातिसंगै पश्चिममा अवस्थित इलाकामा दोलखा-भीमसेन महाराज विराजमान छन् । यताबाट भीमसेनस्थान जगाति हुँदै साङ्गा भन्ज्याङसम्मको एउटा प्रमुख व्यापारिक मार्ग हाम्रो सामुन्ने दृष्टिगत हुन आउँछ । यताबाट परदेशमा लाग्नेहरूका पुज्य यी भीमसेन महाराज मूलनगरबस्तीको सीमाना पार गर्ने बित्तिक्कै पुगिने यही स्थानमा किन विराजमान हुनपुगेका हुन् भन्ने कुराको रहस्य पनि यहींनेर खुल्न आउँछ । अनि यति कुरा बुझेपछि परदेशवाट कमाएर ल्याएको सम्पत्तिले आफू र आफ्नो

परिवार अनि देश र जनतालाई समेत पनि आर्थिक रूपले उकास्दै कलाकौशल, धर्म-संस्कृतिले सम्पन्न र वैभवपूर्ण तुल्याईराख्नमा हाम्रा भीमसेन महाराजहरूले पनि आफनो स्थापनाकालदेखि नै प्रेरणात्मक-योगदान पुऱ्याउँदै आएका रहेछन् भन्दा शायद अतिशयोक्ति नहोला ।

धर्मले जातलाई होइन कर्मलाई मान्यता दिएको छ । वैदिक वाङ्मयको कर्मकाण्डसम्बन्धी **शुक्ल यजुर्वेद** प्रमाणका आधारमा मानव शरीर स्वयं वेदमय रहेछ भन्ने कुरा पत्ता लाग्छ । कर्मका आधारमा वर्ण छुट्टिएका छन् । मानव शरीरका चार मुख्य भाग ब्राम्हणरूपि शिर, क्षत्रिरूपि बाहु, वैश्यरूपि पेट/तिघ्रा र खुट्टारूपि शुद्रका आ-आफ्ना विशेष कर्म छन् । ती नै कर्म उनीहरूका धर्म हुन् । किनकि चारमध्येका कुनै एकले मात्र पनि आफ्नो कर्मबाट विमुख हुने हो भने उसको मात्र नभएर सबैको सर्वनाश सुनिश्चित छ । कर्मले 'ब्राम्हण' हुन्छ ; कर्मैले 'क्षेत्रि' वा 'वैश्य' वा 'शुद्र' हुन्छ। हाम्रा भीमसेन महाराज चाहिँ बढ्ता खानुपर्ने खँचुवा प्रवृत्तिका हुँदा सोही स्वभावका आधारमा उनी वैश्य व्यापारी वर्ण-चरित्रका देखापर्छन्। शायद यसैकारण पनि उनी व्यापारीहरूका मान्य पूज्य साझा देवताका रूपमा रूढ हुन पुगेका हुन्। यस्तो प्रतीत हुन्छ मानौं भीमसेन रक्षित व्यापारीहरूको संसारमा को श्रेष्ठ, को शाही (खड्गी) ! व्यापार-कर्मले सबै 'वैश्य' वा व्यापारी हुन् । भीमसेनले कसैलाई भेद गरेको छैन। यसैले उनी सबै व्यापारीहरूका 'इष्टदेवता' भएका हुन्। यस कुराको एउटा उदाहरण सुकुलढोका, दोलखा-भीमसेन लाई लिउँ । व्यापारिक दृष्टिले महत्त्व पाएको सुकुलढोका-लुँ विहारमा बस्न आएका सुकुलढोका-दोलखा-भीमसेनले के शाक्य, के श्रेष्ठ, के शाही ! सबैलाई समान रूपले आफ्नो स्थापनाकालदेखि नै व्यापारिक उर्जा, प्रेरणा र सुरक्षा दिँदै आएका छन् । यदि त्यसो नहुँदो हो त त्यहाँ तत्कालीन भक्तपुर राज्यकै सर्वेसर्वा शासक वर्ग गंगारानीहरू मात्र नभएर मासु-व्यापारमा पुस्तैनी एकाधिकार जमाउँदै देश दुनियाँको सेवा गर्दै आएका दुरसिंह खड्गीहरू समेत कदापि आउने थिएनन् । दूरसिंह खड्गीहरूले

ताम्रपत्रसहित सुरुवात गरेको भीमसेनपूजा-संस्कार त्यहाँ आज पनि वर्तमान छ ।

सुकुलढोका, लुँ विहार दोलखा-भीमसेनस्थानमा नित्य पूजा र पर्व पूजा, गुठी चली आएको जानिन्छ । यहाँ नित्य पूजा 'शुद्धकार' पुजारीले गर्छन् । विहारको कर्मकाण्ड एवं विशेष पूजा आदि प्रशन्नशील महाविहार (पशुपति विहार) का 'वज्राचार्य' पुरोहितले चलाइरहेका छन् । भाद्र महिनामा, इन्द्रजात्राताका यज्ञसहित कर्मकाण्ड गर्ने चलन रहेको छ । पुरोहितद्वारा यज्ञसहित वर्षमा ४ वटा कर्मकाण्ड चलाइन्छ । तान्त्रिक विधिपूर्वक मांसाहुति यज्ञ गर्ने चलन छ । गुंला (नेपालसंवत् अनुसारको नवौं महिना) ताका 'बहीद्यः ब्वयेगु' (विहारका देवताहरू सार्वजनिक प्रदर्शनका निमित्त राखिने) गर्ने परम्परा पनि रही आएको छ । त्यसबेला सर्वसाधारणहरू देवताहरूको दर्शनपुजन गर्न आउँछन् ।

सामान्यतया कुलदेवताको पुजा गरेर मनाइने चाडलाई 'दिसिपुजा' भनिन्छ । तन्त्रप्रधान नेवार धर्म-संस्कृतिमा यो पुजा पनि लोकप्रिय रही आएको विदित हुन्छ । सुकुलढोका-लुँ विहार दोलखा-भीमसेनस्थानमा पनि दिसिपुजा गर्ने चलन छ ।

'दिसिपुजा' ले दशमी तिथिमा गरिने 'दशमीपुजा' लाई पनि संकेत गरेको बुझिन्छ । वर्षका चार दशैंहरू (चैत्रशुक्ल दशमी, आश्विन शुक्ल दशमी, आषाढशुक्ल दशमी र माघ शुक्ल दशमी) का चार अन्तिम दिनहरू पनि 'दिसि' हुन् भनी जान्न सकिन्छ ।

'दिसिपुजा' ले जाडो याममा गरिने पुजा -'चिकुला-पुजा' लाई पनि स्मरण गराउँछ । जाडो याममा पानी जमेर हिउँ/बरफ बन्छ । त्यही हिउँ वा बरफ समेत चढाएर गरिने पुजालाई 'दिसिपुजा' भनिन्छ । जस्तै पौष कृष्ण दशमीको दिनमा गरिने पुजा 'दिसीपुजा' हो र

पौष कृष्ण चतुर्दशीलाई 'दिसि चन्हे' भनिन्छ । यस्तो दिसिपुजा यहाँ चार पल्ट अर्थात् चैत्र, असार, आश्विन र माघ महिनामा गर्ने चलन छ । माघ महिनामा गरिने दिसिपुजालाई नेवार सांस्कृतिक जीवनमा 'मालाखो दिसि' भन्ने चलन छ । सो महिनामा वनमालाहरू विहान सबेरै फूल टिप्न जाँदा हात ठिहिऱ्याएर रूनुपर्ने स्थिति आउने भएकोले 'मालाखो दिसि' भनेको हो भन्ने जनश्रुति छ । यताबाट भित्रैदेखिको जाडो 'दिसि' हो र त्यही 'दिसी' लाई साम्य पार्ने पुजा 'दिसिपुजा' हो भन्ने कुरा पनि यसै प्रसङ्गमा जानिन्छ ।

कार्त्तिक शुक्ल पूर्णिमाको दिनलाई नेवार सांस्कृतिक जीवनले 'सकिमना पुन्ही' भनी मान्दै आएको छ । यो एक चित्ताकर्षक मनोरम पर्व हो । यस दिन भक्तपुरमा 'हलिमलि'/'नसा ब्वयेगु'/'माऱ्ही ब्वयेगु' भनी साँझ परेपछि मन्दिर/देवदेवीका मूर्ति अगाडि भुटेको गहुँ, मकै, भटमास, केराउ, आदिले सो मन्दिर/देवदेवीका आकृति बनाई उसिनेको सख्खरखण्ड, पिँडालु लगायत स्वारी, मालपुवा आदि समेत सजाएर प्रदर्शन गरी प्रसाद ग्रहण गर्ने चलन छ । यो पर्व यसरी नै यहाँ पनि मनाइन्छ ।

४

उपसंहार

'सुकुलढोका मात्र एक बजारबस्ती हो ! ...' यो हाम्रो यसलाई त्यसरी हेर्ने स्वाभाविक, सतहगत एवं सामान्य रूपको वर्तमान-दृष्टिकोण हो । हामीले यो अन्वेषणबाट र यस अघि पनि यस स्थानका बारेको यसै अन्वेषकको पूर्व-अन्वेषण कार्यलाई समेत आधार बनाएर यसलाई सर्सर्ती जान्ने-बुझ्ने प्रयास गऱ्यौं । हामीले यसलाई त्यसरी जान्ने-बुझ्ने प्रयास गर्दा आज भन्दा दुई हजार वर्ष भन्दा पनि अघिदेखिको वा भनौं किरातकालिक बजारबस्तीको रूपमा यसलाई हामीले पायौं । यसरी भक्तपुर सहरको मुटुमा हजारौं वर्ष अघिदेखि बस्दै, बजारबस्तीको रूपमा उत्तिकै व्यस्त रही आएको आज सामान्य जस्तो लाग्ने यसको गौरवमय अतितका अनेक कालखण्डका ऐतिहासिक-ढुकढुकीलाई पनि छामछुम गर्दा हामीले यसलाई बजारबस्तीको रूपमा मात्र नभएर कुनैबेला समग्र नेपाल राष्ट्र वा नेपालमण्डलकै नेतृत्व गर्न पुगेको शासन/प्रशासन, धर्म-संस्कृति र व्यापार वाणिज्यको केन्द्रस्थल पनि थियो भन्ने कुरा पनि अनुभूत गर्न पायौं । यसरी सुकुलढोकालाई जान्ने-बुझ्ने यो हाम्रो ऐतिहासिक दृष्टिकोण हो । यसको आजको वर्तमान सामान्य छ । किनकि हामी आज यहाँ मात्र एक बजारबस्ती देख्छौ । यसको अतित गौरवमय इतिहासयुक्त भएको पायौं । किनकि यहाँ 'माखोपृङ्' नामको किरातकालिक व्यापार रूपको केन्द्रीय बस्ती आबाद थियो । यसैले यो लिच्छविकालमा आइपुग्दा 'द्रङ्ग' कहलिन पुगेको थियो । यसको आसपासमा 'खृपुङ्' र 'माखोदुलु' लगायतका विकसित बस्तीहरू पनि आबाद थिए । त्यसपछि वा भनौं पूर्वमध्यकालमा आइपुग्दा तत्कालीन प्रशासनिक-केन्द्र 'चनिगल' इलाका पनि यहाँ देखापऱ्यो जसको हृदयस्थलमा त्रिपुर राजदरबार पनि बस्न आयो जुन भक्तपुरको मात्र नभएर मध्यकालीन नेपालकै पहिलो राजदरबार

समेत थियो । यसरी आजको हाम्रो यो सुकुलढोकाबाट तत्कालीन नेपालमण्डलको शासन (तीनसय वर्ष भन्दा पनि बढ्ता समयसम्म) चलेको थियो भन्ने कुरा पनि थाहा पाउँछौं । तत्कालीन किल्ला रूपको चनिगलस्थान र सो भित्रको मजबुत किल्ला रूपको त्रिपुर राजदरबार भित्र पस्ने सुन्दर, कलात्मक, र भव्य रूपको ढोका यहाँ थियो। तत्कालीन नेपालमण्डलमा वा भनौं आज भन्दा पनि छ सय वर्ष अघि र अझ त्यसभन्दा पनि अघिको लौकिकजीवनमा निकै ख्याति कमाएको त्यो ढोका 'सुगलद्वाखा' थियो । आगोको झिल्को मात्रले पनि क्षणभरमै स्वाहा हुने सुकुलको ढोका नभएर, आक्रमण-प्रत्याक्रमणको त्यो भयावहपूर्ण युगमा असंख्य आक्रमणकारीहरूको एकीकृत बलले पनि फोडन नसकिने मजबुत रूपको अभेद्यः ढोका त्यो थियो । लोकप्रसिद्ध अतितको त्यो गौरवमय ऐतिहासिक ढोका आज मात्र 'सुकुलढोका' भएको छ । अनि यसले त्यस नामको एक बजारबस्तीलाई संझाएको छ जुन हाम्रै सुकुलढोका हो ।

नेपाल नै एक यस्तो अनुपम देश हो जहाँ प्राचीनकालदेखि नै स्वतन्त्र रूपका अनेक धर्म सम्प्रदाय उपसम्प्रदायहरू काँधमा काँध मिलाएर हुर्कंदै संगसंगै समृद्ध हुँदै आए र समयको परिवर्तनीय प्रवाहमा तन्त्रपद्धतिबाट समेत साझा रूपले प्रभावित हुँदै मिश्रित रूपले चलेर पनि आए। यसो हुँदा सम्प्रदायभेद गौण हुन पुगी मिश्रित रूपको तन्त्रप्रधान धर्म लोकप्रिय हुनपुग्दा धार्मिक समन्वय र सांस्कृतिक एकता एवं सद्भाव पनि रही आयो जुन अटुट रूपले आज पनि वर्तमान छ । विश्व इतिहासका दृष्टिले यस्तो एक मात्र उदाहरणीय देश नेपाल नै हो भनी मान्न सकिन्छ। यस कुराको एउटा उदाहरण नेपालभित्रकै भक्तपुर र भक्तपुरभित्रकै सुकुलढोकाका हाम्रा लुँ विहार र दोलखा-भीमसेन पनि हुन् ।

हामीले यस कुराको चर्चा माथि पनि गरिसकेका छौं कि भक्तपुरलाई हामीले हिन्दू दृष्टिकोणबाट मात्र नभएर बौद्ध दृष्टिकोणबाट

पनि हेर्नु बुझ्नु जरूरी छ । हामीले भक्तपुरलाई हिन्दू दृष्टिबाट मात्र हेर्दा बुझ्दा जसरी यहाँ यत्रतत्र शिवलिङ्ग र हिन्दू मूर्ति मठ मन्दिरहरू सहितले भक्त नै भक्तहरू भएको भूमिको रूपमा पाउँछौं त्यसरी नै बौद्ध दृष्टिकोणबाट हेर्दा बुझ्दा बौद्ध धर्मको उषाकालदेखि नै यहाँ त्यसरी नै यत्रतत्र बौद्ध मूर्तिहरू, चैत्य र विहारहरूसहितले बौद्धमार्गी एवं बौद्ध भिक्षु भिक्षुणीहरूको पवित्र स्थलको रूपमा रही आएको तथ्य कुरा पनि संगसंगै थाहा पाउँछौं । नेपालका अन्यत्र स्थान लगायत भक्तपुरभेकमा पनि विश्वका यी दुई महान धर्महरू प्राचीनकालदेखि नै संगसंगै आपसी सद्भाव, पारस्परिक सम्बन्ध एवं सास्कृतिक एकता कायम राख्दै समृद्ध रही आयो । चाँगुनारायणस्थान लिच्छविकालतिरै प्रसिद्ध वैष्णव धार्मिक स्थल थियो भने त्यसदेखि केही उत्तरपूर्वमा साँखुमा रहेको 'गुंविहार' नामको बौद्ध विहार पनि उतिखेरै उत्तिकै प्रसिद्ध रहेको थियो । चांगुनारायणस्थानमै पनि एक हिन्दूले उही देवतामा विष्णु देख्छन् भने एक बौद्धले लोकेश्वर देख्नपुग्छन् । अर्को उत्कृष्ट उदाहरण सुडाल गाविस, थाकलमाथ वडा नं ६ स्थित प्रसिद्ध 'ल्हासपाको ससुद्यः' पनि हुन् । लिच्छविकालदेखि नै यो क्षेत्र बौद्ध एवं शैव धार्मिक स्थलको रूपमा प्रसिद्ध रही आएको ज्ञात हुन्छ । त्यही पृष्ठभूमिमा 'ल्हासपाको ससुद्यः' सबैले साझा रूपमा मान्दैपुज्दै आएका साम्य रूपका देवता हुन् भन्ने कुरा निश्चित रूपले जानिन्छ । बौद्ध दृष्टिले उनी 'महामञ्जुश्री' हुन् । सर्वप्रथम नेपाल उपत्यकामा बस्ती र सभ्यता बसाल्ने श्रेय समेत पाएका उनी बुद्धि र ज्ञानका देवता पनि हुन् । हिन्दू दृष्टिले उनी 'सरस्वती' हुन्, शिक्षा र ज्ञानकी देवी हुन् । तर के बौद्ध के शैव ! सारा श्रद्धालुहरू श्रीपञ्चमीका दिनमा यस पवित्र स्थलमा बुद्धि, ज्ञान र शिक्षाप्राप्ति-सिद्धिका लागि आउने गर्छन् । धार्मिक समन्वय र सांस्कृतिक एकताको सन्देश दिइरहने यस्ता अतुलनीय-उदाहरण यहाँ अनेक छन् । भक्तपुर सिद्धपोखरी परिसरमा ईस्वीको पाँचौ शताब्दीको वराहमूर्ति छ भने त्यहीँ संगै सोही समयताकाको बुद्धमूर्ति छ भन्ने कुरालाई पनि विर्सनु हुन्न । त्यहीँ शिवलिङ्ग लगायत शैव देवताहरूका माझमा

पोखरीकै शोभासमेत बढाइरहेको एक सुन्दर बौद्ध चैत्य पनि छ । भक्तपुरको उत्तरपूर्वी भेकस्थित वागेश्वरीको लिच्छविकालीन उद्योतक विहार र च्यामासिंहको लिच्छविकालीन अभिलेखमा आएको महासांघिक भिक्षु भिक्षुणी संघले भर्खरै मात्र विकसित हुनथालेको बौद्ध धर्मको महायान सम्प्रदायले यहाँ पनि त्यतिखेरै पाइला टेक्दै विकसित हुँदै प्रसिद्धि र समृद्धितिर लागिसकेको थियो भन्ने कुरा पनि बिर्सनु हुन्न । तलेजु र तिनको दैहिक रूप एकान्त-कुमारीलाई स्मरण गर्दा यस्तो लाग्छ मानौं शैव र बौद्ध तलेजु र कुमारीरूपि एउटै सिक्काका दुई पाटा हुन् । त्यसो हुँदा नै एक बौद्ध कन्याको पाउमा के बौद्ध के शैव ! साराले आ-आफ्ना शिर राखी आशीर्वाद थाप्न सकेका हुन् । त्यस्तै तान्त्रिक बौद्ध धर्म (वज्रयान) को विकास र लोकप्रियतासंगै सुकुलढोकाको मुटुमा शुकुध्वाखा वहि/ लुँ विहार बस्न आयो भने त्यसपछि तान्त्रिक शैव धर्मको विकास र लोकप्रियतासंगै आपसी सद्भाव र सांस्कृतिक एकता कायम राख्दै शुकुध्वाखा वहीका ध्यानी बुद्धसंगै काँधमा काँध मिलाउँदै दोलखा-भीमसेन महाराज पनि तीनतले मन्दिरसहित भएर बस्न आइहाले । अनि के बौद्ध के शैव ! तन्त्रको साम्य-संसारमा चुर्लुम्म डुबेको धार्मिक-सांस्कृतिक जीवनले हृदय खोलेर विहार र मन्दिरका सबै देवतालाई उहिलेदेखि आजसम्म पनि उस्तै साम्य-भावले श्रद्धाभक्ति, दर्शनपुजन गर्दै आएका छन् । यदि त्यसो नहुँदो हो त स्वतःस्फूर्त रूपले समान आस्था-भाव राख्दै सो विहार र सो मन्दिर एकीकृत रूपले 'भिन्द्यःवही' भनी चलेर आउने पनि थिएन । भिन्द्यःवहीका सबै देवता सबैले समान श्रद्धाभावले मान्दै आएका उस्तै साझा वा साम्य स्वरूपका छन् ।

के शैव के बौद्ध ! 'पाञ्चार्थिक-दर्शन'का दृष्टिले हाम्रो समन्वयवादी तन्त्रप्रधान धर्म संस्कृतिमा पाँच वस्तु वा तत्त्वको संयोग शक्ति भएको एक निश्चित एकीकृत-समूहको व्यापक एवं बहु-अर्थीय प्रयोग प्राचीनकालदेखि नै हुँदै आएको विदित हुन्छ । **पञ्चध्यानी बुद्ध/पञ्च बुद्ध/पञ्च तथागत** (वैरोचन, अक्षोभ्य,

रत्नसंभव, अमिताभ, अमोघसिद्धि+तारा), **शिव पञ्चायन** (ब्रम्हा, विष्णु, महेश्वर, गणेस, कुमार+पार्वती) **राम पञ्चायन** (राम, लक्ष्मण, भरत, शत्रुघ्न, हनुमान्+सीता) लगायत **पाण्डव पञ्चायन** (युधिष्ठिर, भीमसेन, अर्जुन, नहकुल, सहदेव+द्रौपदी) पनि यस कुराका दृष्टान्तका रूपमा लिन सकिन्छ । भीमसेन मत/संस्कृतिले पाण्डव पञ्चायनको प्रतीकवादी दर्शनलाई पनि तान्त्रिक बौद्ध धर्मको उदार एवं समन्वयात्मक सांस्कृतिक व्यवहारमा संझाएको छ जुन भक्तपुर मा मनाइने पञ्चदान पर्वमा समेत पनि अनुभूत गर्न सकिन्छ ।

भक्तपुरमा क्वाठण्डौको **दीपङ्कर महाविहार**का बुद्धलाई युधिष्ठिरको रूपमा, गोलमढीको **मङ्गलधर्मदीप विहार**का बुद्धलाई भीमसेन, साकोठाको **चतुब्रम्ह महाविहार** (तधिछेँ बहा)का बुद्धलाई अर्जुन र भुईंखेलको **जयकीर्ति महाविहार** (थाथुवही)का बुद्धलाई नहकुल र भार्वाचोको **समंकृत महाविहार** (कुथुवही) का बुद्धलाई सहदेवका रूपमा मान्ने चलन धार्मिक-सांस्कृतिक जीवनमा रहीआएको छ । यी पाँच विहारका पञ्च बुद्धलाई पञ्चदान पर्व (भाद्र कृष्ण चतुर्दशी/ पञ्जरां चन्हे) मा र मकर संक्रान्ति (घ्य चाकु सल्हुँ)का दिनमा 'हामो जा नकेगु' संस्कार सम्पन्न गरेपछि भक्तपुर परिक्रमा गर्ने चलन छ । सो पर्वका यी पञ्च बुद्धलाई स्थानीय सर्वसाधारणले पञ्च पाण्डवको रूपमा पनि मान्दैपुज्दै आएको पाइन्छ । धार्मिक समन्वय र सांस्कृतिक एकताको एक अनुपम उदाहरण यो पनि हो ।

वर्णले वर्गलाई संकेत गर्छ । वर्गले पेशालाई संकेत गर्छ । पेशाले जातलाई संकेत गर्छ । जातले कर्मलाई देखाउँछ । कर्मले चरित्र झल्कन्छ । यसरी जुनसुकै जातको भए पनि जातले होइन कर्मले नै विशेष र उच्च भएर चीरकालसम्म पनि समाजमा सम्मानित एवं स्मरणीय भइरहँदो रहेछ भन्ने कुरा पनि जानिन्छ । तत्कालीन थंकराछेँटोलका हाम्रा ऐतिहासिक दूरसिंह खड्गी र उनकी स्त्री लक्ष्मी खड्गी, चोछेँटोल छुमलननीका सिद्धि खड्गी र उनकी स्त्री कृष्णमयी

तथा हाकुसिं खड्गी, ठिमीका बुसिं र उनकी स्त्री हेला मइ खड्गी लगायत चोछेटोल छुमलननीकै जितलसिं खड्गीहरू पनि यस कुराका उत्कृष्ट उदाहरण हुन् । उनीहरूले राखेर गएका कृति र परम्पराले आज पनि उनीहरू हाम्रा माझमा जीवन्त रूपले स्मरणीय हुनआएका छन् ।

सुकुलढोका लुँ विहार दोलखा-भीमसेनस्थानको दूरसिंह खड्गीहरूको ने.सं.७७२ को ताम्रपत्रबाट सुरुवात भएको खड्गी बारेको मेरो विषयान्तर तर प्रसङ्गप्राप्त खोज-तिर्खाले चोछेँटोल छुमलननीको खड्गीहरूको भैरवमन्दिरको भित्ताको सिद्धि खड्गीहरूको ने.सं.८३३ को अभिलेख छाम्दै त्यहाँबाट पनि ठिमीको बुसिं खड्गीहरूको शक्तिसहितको भैरवमूर्तिको पादपीठमा उत्कीर्ण ने.सं.७६५ को अभिलेख छामछुम गर्दै पुनः छुमलननीकै जितलसिं खड्गीहरूको ने.सं.७९४ को अभिलेखयुक्त घलचा (ताम्रकलश) पनि भेट्टाएपछि भने शान्त भयो ।

उक्त प्रसङ्गमा मलाई लाग्छ खड्गीहरू बारेको पनि यो सानो तर महत्वपूर्ण खोज-उपलब्धि हो । खड्गीहरूका बारेका यी ऐतिहासिक सामग्रीहरूले यस विषयका केही महत्त्वपूर्ण कुरा प्रकाशमा आएको छ, प्रकाश पर्ने छन् र यी खोजले भोलिका दिनहरूमा थप ऐतिहासिक सामग्रीहरू फेला पार्न प्रेरित गर्दै नयाँ कुरा प्रकाशमा आउने आशा पनि गराएको छ ।

गोपालराजवंशावलीमा विशेष घटनाक्रम वर्णनका क्रममा ने.सं. ३७७ मा शिवदेवको राज्यारोहण विधानका क्रममा खण्डागाह (खड्ग लिने)हरू, ने.सं.५०७ मा जयस्थिति मल्लले मेनंटुंठि (इनार विशेष) मा पानी लिने क्रममा उनका 'खण्डागाह' (खड्गग्राह - अंगरक्षक) 'गजा खण्डाग्राह' को उल्लेख आएको छ । ने.सं.४४६ मा दिल्लीका गयासुद्धीन तुगलकले सिमरौनगढलाई ध्वस्त पारेपछि

हरसिंहदेवहरू तुलजाभवानीसहित भै ससुराली राज्य भक्तपुरतिर लागेका थिए । त्यस बारेको चर्चा **भाषा वंशावली** (भाग २) मा पनि परेको छ जस अनुसार तुलजाभवानीलाई नेपालमा लिएर आउने क्रममा भवानीलाई नित्य बलि दिन '...जङ्गलमा भेटिएको अर्नालाई समाती बलिदान दिया । दुई चार ज्यापूलाई बलि दिन लाया । त्यहाँ उप्रान्त ती ज्यापूहरू कसाईका जातमा दरया । ...' (पृष्ठ ३०) र त्यस्तै हरसिंहदेवले तुलजाभवानीसहित नेपालपुरीमा पस्ने क्रममा हरसिंहदेवका साथमा '..ब्राम्हण अचार नेवार वैद्य खड्गी तेली रजिक यी ७ जात र सुवार ज्यापूहरू संग थिया । ...' (पृष्ठ ३४) उल्लेख छ ।

जसले खड्ग धारण गरी बलि दिन्छ उही खड्गी हो चाहे त्यो जातले जो सुकै किन नहोस् ! भन्ने कुरा साझा अर्थमा बुझिन्छ । **गोपालराजवंशावली** र **भाषा वंशावली**मा आएका खण्डागाह, गजा खण्डागाह लगायतका कसाई, खड्गीहरू आजका खड्गीहरूका पूर्वज हुन् भन्ने अनुमान हुन्छ । खड्गीहरूका बारेमा छुट्टै अध्ययन अनुसन्धान हुनु जरूरी छ ।

इतिहासको उषाकालदेखि नै हाम्रो धर्म संस्कृति सैद्धान्तिक रूपले मात्र नभएर व्यवहारमा समेत निरपेक्ष एवं सर्वधर्म समन्वयवादी एवं सहिष्णु रही आएको छ । हाम्रा पुर्खाले सदैव सबै धर्म सम्प्रदायलाई उत्तिकै आदर सम्मान गर्दै आए । इतिहास यस कुराको साक्ष रही आएको छ । प्राचीनकालदेखि नै कुममा कुम मिलाएर अघि बढेका हाम्रा हिन्दू र बौद्ध पुर्खाहरूले झण्डै उनीहरूलाई नै सिध्याउन आएका मुसलमानहरूका भयावहपूर्ण आक्रमणहरूलाई समेत बिर्सेर उत्तरमल्लकालमा आईपुग्दा राज्यस्तरबाटै इस्लाम धर्मको आगमनलाई मात्र नभएर त्यही युगतिर यहाँ इसाई धर्म प्रचारका लागि आएका क्रिश्चियन मिसिनरीहरूलाई उनीहरूको धर्म प्रचारका लागि चर्च समेत बनाउने अनुमति दिएको दृष्टान्त समेत छन् । यसैले यहाँ मठ र मन्दिर, चैत्य र विहारहरू मात्र होइनन् परवर्तीकालमा

जामे मस्जिद र चर्चहरू पनि कुममा कुम मिलाएर अटाउन आएका छन् । विश्वको इतिहासमा देखिएका यी पनि नितान्त दुर्लभ एवं अनुपम उदाहरण हुन् । सुकुलढोका लुँ विहार र दोलखा-भीमसेनको धार्मिक समन्वय र सांस्कृतिक एकतारूपि आँखीझ्यालबाट हेर्दा हामीले माथि प्रसङ्गवश आएका कुराहरूलाई पनि त्यसरी संझेका बुझेका हौ ।

५

परिशिष्ट (अभिलेख खण्ड)

(यहाँ प्रस्तुत सबै अभिलेखहरूका लिपि : नेपाल लिपि र तिनका भाषा : नेपालभाषामा छन् ।)

१ संख्या

लुँ विहार, दोलखा भीमसेनको उत्तर दलानको भित्ताको ने.सं.७२३ को गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवन मल्लहरूको अभिलेख*

१. शुभ ॥ श्रीर गणेस थापना दिवस ॥ सम्व-
२. त ७०० आश्विनि शुक्ल नवमि ॥ तुपलाछस चे-
३. त भार दयका दिन सम्वत् ७०३ माघशुक्ल श्रीपंचमि ॥
४. लिवि दथुस चेट भाड, दिगि वज्रजोगिनि, दयका
५. दिन, सम्वत ७०९, कार्त्तिककृष्ण एकादशि ॥ यंथ-
६. लिस चेत भाड दयका दिन सम्वत ७१२ माघशुक्ल श्री
७. पंचमि ॥ श्रीर भिमसेन, दूर्प्वती थापना दिन, सम्व-
८. त ७१२ आश्विनशुक्ल, पंचमि ॥ सद्धम दयका दिन
९. सम्वत ७२३ श्रावणशुक्ल द्वादशि ॥ थ्वत्य देवस्तं, दुटं
१०. तया वू रोव १२ व्वना ॥ रोव ३ गुथ्वाट ॥ रोव ५ धुनि वा-
११. ल दोल ॥ रो १ क्र गल दे ॥ थ्वते वूया वलसानन देव-
१२. सके हाने ॥ तुपलाछस न्हिटकन, कटिनि पुनिसिन
१३. चाकल मटं ध्वजा यिलान याने साख्वल पाय, स्व-
१४ गनजु १ देखना दंम १ ॥ यंथलिस साख्वल पाय स-
१५. ग्वन जु १ देखना दंम १ ॥ छेस चेट भाडस उथें ॥ वां-
१६. देम्ह २ व गलि निम्ह २ भोपयेकेमार ॥ दिशियाटं नि-
१७. त्य कर्म वुसाधन मांशाहुति जज्ञ : चवदस : सो ३ चव-
१८. दस, संवोदय दिशिपुजा ॥ भिमसके नित्य कर्म, मि टं

१९. विय, सकलस्तं माल ॥ सधमवोय थ्वमछायवेमिटं
२०. विय, चेक्न फं १ पुनिकोन्हु माढे वोय सेसादको, निस-
२१. ला व, दिनपतिं न्हसतजुधारे ॥ सद्धमपुंका पिका -
२२. कोन्हु याटं केटं ४ दंम ४ रो ् वजिमारको ॥ जिवन्यास
२३. होम यायमाल ॥ श्री२ गंगादेवी; श्री२ त्रैलोक्यमल्लदेव
२४. श्री२ त्रिभुवनमल्लदेव त्रिभय थाकुलस विजयराज्यस
२५. दयका ॥ शुकूध्वाका वाहालछँ श्री ...भक्तापुरिस्थाने (?) ...
२६. ..... त दयका ...
२७. .....दु (?)ता य ...न से .....॥

* (यस अभिलेखका अन्तिम तीन पंक्तिदेखिका भाग फुटेर खिइएकाले ती भागमा कुँदिएका पाठ ठम्याउन दुर्बोध भएको छ ।)

२ संख्या

भीमसेनमन्दिरको भण्डारको ने.सं.७७२ को ताम्रपत्र

१. शुभ ॥ श्रीश्रीश्री भीमराणेश्वरसके सूखूलध्वाखाया, कुतु
दूवारण लोहोया सिंहासन देवलदय-
२. काव गजूल आदिन ल्होङाव, छत्र छया जुरों ॥ पून भाखा
विमानस, विलिंपति केचकाव सासन
३. ताके मतेव, तानसा भीमराणेश्वरया कुदृष्टि जुरों ॥ सम्वत
७७२ वैशाकृष्ण नवमी तिथि पूर्व्वभद्र
४. पर, उत्रभद्र नक्षत्र, प्रीतियोग, शुक्रवार थ्व कुन्हु दिन जुरों
कल्याणानिसस्तु शुभ नसस्तु ॥

३ संख्या

मूल प्रवेशद्वारको भित्रपट्टिको चौकोसको दूरसिंह खगि (खड्गी)हरूको ने.सं.७७२ को ताम्रपत्र

१. ॐ शुभ ॥ श्रीश्रीश्रीभीमसके ॥ थंकराछेँया, दूरसिंह खगि
२. रखम्हि खगिङिनी नेम्हं स्त्रीपुरखन, सासन च्छ जोरन ताया,
३. सम्वत् ७७२ मार्ग्गशिर शुदि ६ श्रवणनक्षत्र, वृद्धियोग शनि-
४. श्चरवार, कुन्हु तया जुरो : ॥ शुभ ॥

४ संख्या

चोछेँ टोल, भैरवमन्दिरको पश्चिम भित्ताको सिद्धि खड्गीहरूको ने.सं.८३३ को शिलालेख (लम्बाइ : २२ से.मि., चौडाइ : १८ से.मि.)

१. महा(?) भैलव प्रीति कामनान
२. दयका चोछेँटोलया सिद्धि
३. किश(?)नश्वरीमयि नेम्हं त्रीपुरुष
४. न हाकुसिं खड्गी पेम्ह प्रमुख
५. न, च्छुमल ननिया मनहोरसिं
६. नं चितायाक. सम्वत ८३३
७. -? ५(?) शुभमस्तु ॥ : ॥

५ संख्या

ठिमीको बुसिं, हेला मइ खगीहरूको ने.सं.७६५ को अभिलेख

(लम्बाइ : ७ से.मि., चौडाइ : २७ से.मि.)

१. ॐ सम्वत् ७६५ बुसिं खगी हेला मइ
२. नेम्हं तिरीपुलुखसेनं दयका
३. फल ॥ सु कचंग थाङा सानसा पञ्चमहापाप : ॥

६ संख्या

जितलसिं खर्गिले मालतिको नाममा राखिदिएको ने.सं.७९४ को घलचा (कलश) को अभिलेख

१. ॐ शुभ ॥ जितलसिं खर्गि नं स्त्री मालति दिवंगत जुयास ॥ **ध्व वस्तु ङय विय**
२. ध्वया नामन ध्व घलचा सि गुठिस दुंता ॥ सं ७९४ भा कृ ५ ॥ **मदु ॥**

६
सन्दर्भ-स्रोत

मूल स्रोत

स्थलगत अध्ययन ।
चित्र एवं अभिलेख ।
सुरेशज्योति शाक्य (४६, सुकुलढोकाटोल), उमेश शुद्धकार (२७, सुकुलढोकाटोल), विनोदराज शर्मा (५९,इपाछेँटोल),
श्याम खड्गी (६३, भोलाछेँटोल-५), देवरत्न शाही (३८, छुमलननी, चोछेँटोल-९), तुलसी शाही (७०, छुमलननी चोछेँटोल-९), न्हुच्छेबहादुर खडगी/शाही (९०, छुमलननी, चोछेँटोल-९), साइँली खड्गी (३२, लामाहिटी टोल, वडा नं.१०, ठिमी) लगायतका स्थानीय स्रोत-व्यक्तिहरूबाट प्राप्त जानकारी ।

सहायक स्रोत

उपासक, सम्यकरत्न, **ख्वपदे बहाबहीया संक्षिप्त परिचय**, भक्तपुरः धर्म पासापिं, ने.सं.१०९१ ।

जोशी, हरिराम, **हिन्दू देवी देवता**, काठमाडौः सूचना विभाग, २०४० ।
अभिनव संस्कृति कोष, ललितपुरः जोशी रिसर्च इन्स्टिच्यूट, २०५८ ।
'बनेपा एक प्राचीन दुर्ग'**हिमालय टाइम्स**,पुस, २०५५ ।
नेपालका चाडपर्व,ललितपुरः शुशिलराम जोशी,२०६० ।

प्रधान, भुवनलाल, **नेपालमा बौद्ध धर्म**, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५ ।

योगेशराज, 'भक्तपुरको हालसम्म अप्रकाशित सर्वप्राचीन बौद्ध अभिलेख', **पासूका**, २/११/०५५ ।
'केही अप्रकाशित अभिलेख', **पासुका**, ४/४/०५६ ।
सुथां अभिलेख प्रकाश, ख्वपः सुथां, ने.सं.१११९ ।

वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख**, काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०३० ।
'द्रङ्ग, व्यापारको केन्द्र', **मधुपर्क**, वर्ष ४/१० ।
'मध्यकालका शुरूका केही अभिलेख', **कन्ट्रिब्युसन्स टू नेपलिज स्टडिज**, भोलम भि, १/ डिसेम्बर,१९७७ ई.सं.।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, **दोलखाको ऐतिहासिक रूपरेखा**, कीर्तिपुर, नेपाल र एसियाली अध्ययन संस्थान, २०३१ ।

शर्मा, रमापति राज, 'हामी कहाँका भैरव -एउटा

अध्ययन', **पासुका**, ३/१०/०५६ ।

शर्मा, विनोदराज, **इतिहास संस्कृति केही पृष्ठहरू**, भक्तपुरः स्टुडेन्ट्स लाइब्रेरी, २०५७ ।

शाक्य,सुरेशज्योति, **ख्वपदेया विहार बहीया जातः**, ख्वपः कुतः पिकाक, ने.सं.११२० । संकलित : **हस्तलिखित ताडपत्र-ग्रन्थहरू** ।

शाक्य, हेमराज, **पञ्चतथागतया मूर्ति**, यलः प्रेमरत्न शाक्य, ने.सं.११२८ ।

श्रेष्ठ, डा.पुरुषोत्तमलोचन, 'भक्तपुर नगरको नामाकरण' **पासूका**,१/१० आषाढ० ५४। 'सुगलद्वाखा', **जानकारी**, २०५४ । सुकुलढोकाको उत्तरलिच्छविकालीन अप्रकाशित अभिलेख' **पासुका**, ४/८/०५६ ।

त्रिपुर र युथुनिमम् राजकुल, भक्तपुरःभक्तपुर नगरपालिका, २०५८ ।

चट्टान अभिलेख र अन्य सम्पदा, भक्तपुर : बबिता श्रेष्ठ,२०६७ ।

सांकृत्यायन, राहुल, **तिब्बतमें बौद्ध धर्म**, इलाहाबाद : किताब महल, १९७९.

Bhattacharya,
Dr. Dipak Chandra, **Tantric Buddhist Iconographic Sources**, New Delhi: Munsiram Manoharlal Publishers Pvt. Ltd : 1974.

Bunce, Fredrick W, **A Dictonary of Buddhist andHinduIconography**, New Delhi: D.K.Printworld (P) Ltd.1997.

Gutschow, Niels, **ARCHITECTURE OF THE NEWARS**, Volume 1, Chicago: Serindia Publications, 2011.

Locke,John K, **BUDDHIST MONASTERIES OF NEPAL**, Kathmandu: Sahayogi Press, 1985.

Malla, Kamal P.
(Chief Editor), **A DICTONARY OF CLASSICAL NEWARI**, Kathmandu: Kathmandu Nepal Bhasa Dictonary Committee, Cwasa Pasa, 2000.

Petech, Luciano, **Medieval History of Nepal**, Roma : Is. M.E.O.,1958.

Vajracharya, Dhanavajra
and Kamal P Malla, **THE GOPALRAJVAMSAVALI**, Kathamndu: Nepal Research Centre, 1985.

Wikepedia/
en.wikepedia.org **'Bhimsen, the Nepalese god of merchants'**

७
चित्र खण्ड



करिब चार दशक अघिको दोलखा-भीमसेनमन्दिरको एक दुर्लभ चित्र
साभार: **the mirror**

चित्र संख्या १ : सुकुलढोका, लुँ विहार दोलखा-भीमसेनमन्दिर जाने मूल प्रवेशद्वार ।



चित्र संख्या २ : लुँ विहार, दोलखा-भीमसेनको उत्तर दलानको भित्ताको ने.सं.७२३ को गंगादेवी+त्रैलोक्यमल्ल+त्रिभुवन मल्लहरूको अभिलेख

चित्र संख्या ३ : 'शुकुध्वाखा वहि'/लुँ विहार ।

चित्र संख्या ४: सुकुलढोका, लुँ विहार दोलखा-भीमसेनमन्दिर सामुन्नेमा क्रमशः बायाँबाटः भीमसेनमन्दिरका पुजारी उमेश शुद्धकार, स्थानीय सुरेशज्योति शाक्य, लेखक, विनोदराज शर्मा र रामप्रसाद धवा ।

चित्र संख्या ५ : भीमसेनमन्दिरको ठीक सामुन्ने रहेको उत्तरलिच्छविकालीन चैत्य, (ई.सं.नवौं शताब्दी)



चित्र संख्या ६ : सुकुलढोका, दोलखा -भीमसेनमन्दिर, (स्थापनाकाल : ने.सं. ७७२)

चित्र संख्या ७ : दोलखा-भीमसेन, ने.सं.७१२। लम्बाइ ८१ से.मि., चौडाइ : ३१ से.मि.। यिनको दायाँबायाँ देखिने एकजोडी सूक्ष्म मूर्ति 'जालेस्या द्यः' (ढाड/कम्मर दुखेको निको पार्ने देवता) भनी प्रसिद्ध रहीआएको छ। यीमध्ये भीमसेनको दायाँपट्टिको मूर्तिको लम्बाइ : ४१ से.मि., चौडाइ : १५ से.मि. र बायाँपट्टिको मूर्तिको लम्बाइ : ३९ से.मि. र चौडाइ : १४ से.मि.को रहेको छ।

चित्र संख्या ८ : शिवसिंह भारोको प्रस्तर सालिग, ने.सं.७७२ ।



चित्र संख्या ९ : सुकुलढोका, लुँ विहार दोलखा-भीमसेनमन्दिर जाने मूल प्रवेशद्वारको शीर्षभागको काष्ठतोरण ।



चित्र संख्या १० : दूरसिंह खगि (खड्गी) र रखम्हि खगिडिनी (लक्ष्मी खड्गिनी) हरूको ने.सं.७७२ को ताम्रपत्र ।

चित्र संख्या ११ : चोछेंटोलस्थित खड्गीहरूको भैरवमन्दिर, (स्थापनाकाल : ने.सं.८३३)



चित्र संख्या १२ : भैरवमन्दिरको भित्ताको ने.सं.८३३ को सिद्धि, कृष्णेश्वरी खड्गीहरूको शिलालेख । (लम्बाइ : २२ से.मि., चौडाइ : १८.५ से.मि.)



चित्र संख्या १३ : शक्तिसहितको भैरवमूर्ति, ने.सं.७६५ । (लम्बाइ : २७ से.मि., चौडाइ : २७ से.मि.) सिद्धिकाली मार्ग, ठिमी ।



चित्र संख्या १४ : जितलसिंह खर्गिले दिवंगत भएकी आफ्नी स्त्री मालतीका नाममा सि गुठी (मुर्दा गुठी) मा ने.सं.७९४, भाद्र कृष्ण पञ्चमीमा चढाएको टुटीयुक्त घलचा (ताम्रकलश)।

चित्र संख्या १५ : शाक्यमुनि बुद्धको मृण्मूर्ति, ई.सं.सत्रौं शताब्दी। (लम्बाइ : ३२ से.मि., चौडाइ : २० से.मि.)



चित्र संख्या १६ : महाकाल, ने.सं.७०९ । (लम्बाइ : ५१ से.मि., चौडाइ : ३३ से.मि.)



चित्र संख्या १७ : सरस्वती, लम्बाइ : ७४ से.मि., चौडाइ : ५० से.मि., ई.सं. सत्रौं शताब्दी ।



चित्र संख्या १८ : मूलगन्धकुटीको अवशिष्ट भागमा नवनिर्मित चैत्याकार मृन्मयवास्तु । दायाँवायाँ एकजोडी प्रस्तर सिंहमूर्ति र बीचमा शार्दूलको प्रस्तरमूर्ति, गर्भस्थानमा धातुको नवस्थापित बुद्धको स्थानकमूर्ति र सो मूर्तिको दायाँ बायाँ खोपामा पुर्नस्थापित वज्रसत्व र शाक्यमुनि बुद्ध (क्वापाद्यः) का प्रस्तरमूर्तिहरू ।



चित्र संख्या १९ : वज्रसत्वको प्रस्तरमूर्ति, ने.सं.७०९ (लम्बाइ : ३० से.मि., चौडाइ : १९ से.मि.)

चित्र संख्या २० : क्वापाद्यः, ई.सं.सोह्रौं शताब्दी । लम्बाइ : ३४ से.मि.,चौडाइ :२१ से.मि ।

चित्र संख्या २१ : दोलखा-भीमसेनमन्दिरको माथिल्लो छानामा रहेको छत्रसहितको तीनवटा स्वर्णगजुर र प्रस्तरनिर्मित विश्ववज्र/विश्वज्वाला

चित्र संख्या २२ : अष्टभुज द्रौपदी, ने.सं.७१२ । लम्बाइ : ६४ से.मि., चौडाइ : ४६ से.मि. । द्रौपदीको दायाँपट्टि खड्गयोगिनी : लम्बाइ ३८ से.मि., चौडाइ : २४ से.मि तथा बायाँपट्टिको वज्रयोगिनी : लम्बाइ ४२ से.मि., चौडाइ : २४ से.मि. ।

चित्र संख्या २३ : गणेश, ने.सं.७००, लम्वाइ : ३६ से.मि., चौडाइ : २९ से.मि. ।

चित्र संख्या २४ : त्रैलोक्य मल्लको सालिग : लम्वाइ : ६५ से.मि., चौडाइ : २६ से.मि., स्वर्ण-चैत्य : लम्वाइ : ५४ से.मि., गोलाइ : २६ से.मि. ।



चित्र संख्या २५ : प्रस्तरथाममा झुण्ड्याइएको घण्ट ।

चित्र संख्या २६ : दोलखाभीमसेनको प्रतिरूप प्रस्तरमूर्ति ।



चित्र संख्या २७ : पञ्चप्रवल-भीमसेन : व्यापारीहरूका पसलमा देखापर्ने भीमसेनको एक प्रसिद्ध चित्र । साभार : Bhimsen - The Patron Deity of the Traders of Nepal : Google images/ Images for bhimsen god

पुरुषोत्तमलोचन श्रेष्ठ

१	सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण	वि.सं. २०५०
२	त्रिपुर र युथुनिमम् राजकुल	वि.सं. २०५८
३	BHAKTAPUR RAJDURBAR	ई.सं. २००२
४	भक्तपुरको नवदुर्गा गण	वि.सं. २०६०
५	The Karmacharyas : Religious/Secular Role in Bhaktapur City	ई.सं. २००४
६	भक्तपुर राजदरबारस्थित राष्ट्रिय कला सग्रहालयका कलाकृति विवरण	वि.सं. २०६३
७	अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन	वि.सं. २०६४
८	च्वङ्गा गणेश	वि.सं. २०६६
९	चट्टानअभिलेख र अन्य सम्पदा	वि.सं. २०६७

9 789937 260602